सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२१ जेठ २०८०, आइतबार (4 June 2023, Sunday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ५२ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ उत्साहित प्रधानमन्त्री

'भ्रमण परिणाममुखी, भविष्यका लागि स्पष्ट मार्गदर्शन'



पर्शुराम काफ्ले/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड भारतको चारदिने औपचारिक भ्रमण सकेर शनिबार स्वदेश फर्केका छन्। दिल्लीमा समकक्षी नरेन्द्र मोदीसँग खुला रूपमा सबै विषयमा छलफलपछि दुई देशबीच विश्वासको वातावरण बढेको, विगतको भन्दा परिणाममुखी र कामकाजी भ्रमण भएको उनले बताएका छन्।

सीमासम्बन्धी विषयमा भएका वार्ताले आफू उत्साहित भएको पनि प्रधानमन्त्री प्रचण्डको भनाइ छ। आमनिर्वाचनपश्चात्को पहिलो विदेश भ्रमण विगतका भन्दा फरक पाएको र परिणाममुखी रहेको उनले बताए। भ्रमणले भविष्यका लागि स्पष्ट मार्गदर्शन गरेको प्रधानमन्त्रीको दाबी छ।

'म जे भनेर गएको थिएँ, मूलभूत रूपमा मैले सोचेका

» पृष्ठ ११ मा क्रमशः

■ वैदेशिक रोजगारका नाममा मौलाउँदो ठगी

वैदेशिक रोजगार विभागमा २२ महिनामा १५१६ र प्रहरीमा ४६ महिनामा ३८८ उजुरी, डेढ अर्ब ठगी

वैदेशिक रोजगार विभागमा दैनिक डेढ सय पीडित उजुरी दिन पुग्छन्। तर, वैदेशिक रोजगार प्रयोजनमा लेनदेन भएको प्रमाण नखुल्दा बढीमा १५ उजुरी मात्रै दर्ता हुन्छ, प्रहरीमा पनि लेनदेनको पर्याप्त प्रमाण नहुँदा थोरै जाहेरी दर्ता हुन्छन्।



यादवप्रसाद पौडेल, निर्देशक, वैदेशिक रोजगार विभाग

वैदेशिक रोजगारका क्रममा ठगिनेको संख्या डरलाग्दो छ। त्यसरी ठगिएको भन्दै विभागमा मात्रै दैनिक १५० भन्दा धेरै उजुरी पर्ने गर्छ। एउटै उजुरीमा ५० लाख रुपैयाँसम्म ठगिएको उल्लेख हुन्छ। ती सबै जोड्ने हो भने ठगिएको रकम करोडौँ हुन आउँछ।

टेकराज थामी/नयाँ पत्रिका

देशमा रोजगारी नपाएर भौंतारिएका युवा विदेशमा आकर्षक तलब सुविधाको आश्वासन पाउनेबित्तिकै लाखौँ रकम बुझाएर वैध वा अवैध जुनकुनै प्रक्रियाबाट जान तयार हुन्छन्। बेरोजगार युवाको यही बाध्यता र लोभमा 'ब्ल्याकमेल' गर्दै ठगी गिरोहले वैदेशिक रोजगारका नाममा सयौँ व्यक्तिमाथि ठगी गर्ने गरेका छन्, जुन धन्दा मौलाउँदो छ।

वैदेशिक रोजगारका नाममा कसरी ठगिन्छन् युवा ?

पृष्ठ ११

पछिल्लो २२ महिनामा वैदेशिक रोजगार विभागमा मात्रै यसरी ठगिएकाहरूको एक हजार पाँच सय १६ उजुरी परेका छन्। जसमा एक अर्ब १८ करोड ६७ लाख ५० हजार ९९ रुपैयाँ ठगी भएको छ। विभागको तथ्यांकअनुसार चालू आर्थिक वर्षको वैशाखसम्म मात्रै आठ सय २१ जाहेरी दर्ता भएका छन्। जसमा बिगो दाबी गरिएको रकम ६८ करोड २२

» पृष्ठ ११ मा क्रमशः



■ प्रहरीको उपत्यका अपराध अनुसन्धान कार्यालयमा परेका उजुरीमा मात्रै २१ करोड ८८ लाख ५६ हजार बिगो दाबी

	जाहेरी	बिगो दाबी
०७६/७७	११३	७,१६,८८,८००
०७७/७८	१३	१,३७,०१,०००
०७८/७९	१२७	१,७५,१४,५५०
०७९/८० वैशाखसम्म	१३५	११,५९,५२,१००



डा. मनोज केसी, प्रमुख, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय

वैदेशिक रोजगारका क्रममा हुने ठगी भयावह छ। पीडितलाई राहत दिने उद्देश्यले आएका उजुरीमाथि हामी तुरुन्तै कारबाही गर्छौं। हामीकहाँ दैनिक १० देखि १५ वटा जाहेरी दर्ता हुने गर्छन्। प्रत्येक दिन कम्तीमा तीन अभियुक्त पक्राउ पर्ने गरेका छन्। ठगी हुने रकमको परिमाण पनि ठूलै छ।

पीडितले न्याय पाउनै सकस, कानुन नै बाधक

वैदेशिक रोजगारसँग सम्बन्धित न्याय निरूपणका लागि सरकारले छुट्टै अदालत 'वैदेशिक रोजगार न्यायाधिकरण' गठन गरेको छ। अदालतले दैनिक कम्तीमा तीन मुद्दाको फैसला गर्छ। पीडितले कानुनी दृष्टिबाट न्याय त पाउँछन्, तर व्यावहारिक न्यायका लागि कानुन नै बाधक देखिन्छ।

ठगी भएको रकम असुलीलाई मुलुकी फौजदारी कार्यविधि, २०७४ मा समेटिएको छ। मुलुकी फौजदारी कार्यविधि, २०७४ को दफा १६५ को उपदफा १ अनुसार कुनै व्यक्तिले बिगो वा क्षतिपूर्तिबापतको रकम तिर्नुपर्ने ठहर भएको फैसला आएमा त्यसको ६ महिनाभित्र बुझाउनुपर्ने व्यवस्था छ। तोकिएको समयभित्र ठगीमा संलग्नले बिगो वा क्षतिपूर्तिबापतको रकम नतिरे पीडितले अन्तिम फैसला भएको तीन वर्षभित्र प्रतिवादीको हकमा रहेको सम्पत्ति पत्ता लगाई अदालतमा निवेदन दिनुपर्ने व्यवस्था छ। सोही ऐनको दफा १६५ को उपदफा ३ मा भनिएको छ, '६ महिनाभित्र बिगो, क्षतिपूर्ति वा त्यस्तो रकम बुझाउनुपर्ने व्यक्तिले नबुझाएमा त्यस्तो बिगो वा रकम भरी पाउने व्यक्तिले अन्तिम फैसला भएको मितिले तीन वर्षभित्र त्यस्तो बिगो, क्षतिपूर्ति वा रकम भर्नुपर्ने व्यक्तिको हकको सम्पत्ति देखाई निवेदन दिन सक्नेछ।'

ठगीमा संलग्न हुनेले ऐनको सोही दफा प्रयोग गरेर बिगोबापत तिर्नुपर्ने रकम नतिरी सजिलै उम्कन्छन्। किनभने ठगीमा संलग्न हुनेले प्रायः आफ्नो नाममा जायजेथा नै राख्दैनन्। अभियुक्तको नाममा सम्पत्ति रहेको भए पनि पीडितबाट खोज्न सम्भव हुँदैन। मानौँ ताप्लेजुङको व्यक्तिलाई दार्चुलाको व्यक्तिले ठग्यो, अदालतबाट पीडितले मुद्दा पनि जित्यो। तर, अभियुक्तले ६ महिनाभित्र फैसलाबमोजिमको बिगो र क्षतिपूर्तिबापतको रकम दिएन भने कानुनअनुसार पीडितले अभियुक्तको सम्पत्ति खोज्नुपर्ने हुन्छ। ताप्लेजुङको पीडितले दार्चुला बस्ने अभियुक्तको सम्पत्ति खोज्ने काम कठिन विषय हो। त्यसैले कानुनले न्यायको बाटो दिलाए पनि यथार्थमा न्याय भेट्न मुस्किल देखिन्छ।

वैदेशिक रोजगार न्यायाधिकरणका सूचना अधिकारी दुर्गादत्त लम्साल पनि यो कमजोरी स्वीकार गर्छन्। 'उपलब्ध प्रमाणका आधारमा अदालतले पीडितकै पक्षमा मुद्दाको फैसला गर्छ। तर, पीडितले वास्तविकतामा न्याय पाउनै सकेका हुँदैनन्। कानुनअनुसार दोषी ठहरिएको व्यक्तिले पीडितलाई फैसला भएको ६ महिनाभित्र बिगो र क्षतिपूर्ति भराउनै पर्छ। तर, उसले न बिगो भर्छ, न क्षतिपूर्ति नै। यस्तोमा अभियुक्तको सम्पत्ति पत्ता लगाउनुपर्ने हुन्छ। कानुनअनुसार सम्पत्ति पत्ता लगाउने जिम्मा पीडितकै हो। यसै त पीडित, उसैले अभियुक्तको सम्पत्ति कसरी खोज्न सकोस् ? अदालतले बिगो र क्षतिपूर्ति ठहरे पनि पीडितले पाउन सक्दैनन्,' उनले भने।



कांग्रेस सभापति शेरबहादुर देउवाले भने-
फेरि सभापति बन्दिनँ, नेतृत्व अब युवामा

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



भागबन्डा नमिल्दा संसदीय समितिले पाएनन् सभापति

सभामुखको ताकेतामा दलहरूको बेवास्ता, नेतृत्व नहुँदा समिति देखिएनन् चलायमान

समिति गठनमै करिब चार महिना व्यतीत गरेका दलहरू सभापति चयनमा समेत देखिएनन् गम्भीर

कमलराज भट्ट/नयाँ पत्रिका

■ **मिल्न के बाँकी छ ?** संसदीय समितिका सन्दर्भमा प्रमुख दलबीच भागबन्डा मिले पनि सत्तागठबन्धनमा बाँडफाँट टुंगिन नसक्दा ढिलाइ भएको नेताहरू बताउँछन्। प्रतिनिधिसभाका १० वटामध्ये सार्वजनिक लेखा र अन्य एउटा समिति प्रमुख प्रतिपक्षी एमालेले लिने सहमति छ। त्यसबाहेक बाँकी आठवटा समितिको बाँडफाँट बाँकी छ। यसमा कुन दलले कति समिति लिने टुंगिएको छैन। गठबन्धनमा भागबन्डा भएपछि भागमा परेको समितिमा दलले कसलाई पठाउने भन्ने तय गरेपछि बल्ल सभापति चयन हुने अवस्था आउनेछ।



● **रामहरि खतिवडा**, कांग्रेस सांसद एवं कार्यव्यवस्था समिति सदस्य

अहिले ज्येष्ठ सदस्यबाट अठ्ठ्यारो भइरहेको छ। अब एक साताभित्र सबै समितिको सभापति चयन गर्छौं। सभापति चयनका लागि सभामुखले २१ गतेपछि मिति निर्धारण गर्नुहुनेछ, त्यसपछि हामी अघि बढ्छौं।



●**पदम गिरी**, प्रमुख सचेतक, एमाले

यथाशीघ्र समिति सभापति चयनका लागि निरन्तर पहल गरिरहेका छौं। तर, सत्तापक्षले यसमा रुचि देखाएन। त्यसकारण ढिलाइ भयो। हामी छिटोभन्दा छिटो गरेर अगाडि बढ्नुपर्छ भन्ने पक्षमा छौं।



● **हितराज पाण्डे**, प्रमुख सचेतक, माओवादी

ज्येष्ठ सदस्यबाट बैठक बसिरहेकै छ। विधेयकमा काम अगाडि बढिरहेको छ। सभापति नभएर समितिको काम रोकिएको छैन। सभापति चयन गर्न पहिले त बाँडफाँटको विषय टुंग्याउनुपर्छ। सदन सुरु भएपछि चाँडै सभापति चयन हुन्छन्।

२२०० यात्रु बोकेका तीन रेल ठोक्किँदा भारतको ओडिसामा भयानक दुर्घटना

२८८ को ज्यान गयो, हजारभन्दा बढी घाइते



श्रवण उप्रेती
एजेन्सीको सहयोगमा

भारतको पूर्वी क्षेत्रमा अवस्थित ओडिसा राज्यको बालासोर जिल्लामा शुक्रबार साँझ ७ बजे भएको रेल दुर्घटनामा ठूलो हताहती भएको छ। शनिबार साँझसम्म दुई सय ८८ जनाको मृत्यु भएको भारतीय समाचार एजेन्सीले एएनआईले जनाएको छ। दुर्घटनामा करिब हजारजना घाइते भएका छन्। घाइतेमध्ये ५६ जनाको अवस्था चिन्ताजनक रहेको अन्तर्राष्ट्रिय मिडियाले जनाएका छन्।

घटनामा तीन रेलहरू- सालीमारबाट चेन्नई जाँदै गरेको कोरोमन्डल एक्सप्रेस ट्रेन, बेंग्लुरुको यशवन्तपुरदेखि कोलकातानजिक हावडा गइरहेको एसएम विश्वेश्वरैया-हावडा सुपरफास्ट एक्सप्रेस र एक ढुवानी रेल संलग्न थिए। तीनैवटा रेलमा दुई हजार दुई सय यात्रु रहेको रेल अधिकारीलाई उद्धृत गरेको न्युयोर्क टाइम्सले लेखेको छ।

बिबिसी हिन्दीका अनुसार शुक्रबार दिउसो ३:२० मा कोरोमन्डल एक्सप्रेस ट्रेन हावडानजिकैको सालिमारबाट चेन्नईका लागि छुटेको थियो। भारतमा लामो दूरीको रेल सेवा दिने कोरोमन्डल एक्सप्रेसको सो रेल बालासोर, कटक, भुवनेश्वर, विसाखापट्टनम र विजयवाडा हुँदै

» पृष्ठ ११ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

भारतमा भएका अन्य ठूला रेल दुर्घटना

● **२०१६ नोभेम्बर** – कानपुरनजिक इन्दोर-पटना एक्सप्रेसको १४ डिब्बा रेल लिकबाट बाहिरिँदा १५० को मृत्यु भएको थियो।

● **२०१० मे** – पश्चिम बंगालमा एक यात्रुवाहक रेल लिकबाट बाहिरिएपछि कार्गो रेलले हान्दा १४५ को मृत्यु भएको थियो। त्यसवेला सरकारले सशस्त्र माओवादी विद्रोहीहरूले रेलको लिक बिगारेकाले उक्त घटना भएको आरोप लगाएको थियो।

● **२००५ अक्टोबर** – एक यात्रुवाहक रेल तत्कालीन आन्ध्र प्रदेश (हाल तेलंगाना) राज्यको भेलिगोन्डा सहरमा दुर्घटना हुँदा १११ को मृत्यु भएको थियो। ठूलो बाढीले रेल ट्र्याक बगाएपछि उक्त दुर्घटना भएको थियो।

● **२००२ सेप्टेम्बर** – कोलकाताबाट दिल्ली जाँदै गरेको रेल पटनाको दक्षिणतर्फ लिकबाट बाहिरिएर नदीमा खस्दा १२१ मानिसको मृत्यु भएको थियो।

● **१९९९ अगस्ट** – सन् १९९९ अगस्टमा पश्चिम बंगालमा भएको रेल दुर्घटनामा २८५ जना मारिएका थिए।

● **१९९५ अगस्ट** – पश्चिम बंगालमा भएको रेल दुर्घटनाको ठ्याक्कै पाँच वर्षअघि सन् १९९५ अगस्टमै दुई रेल ठक्कर खाँदा ३५० को ज्यान गएको थियो।

● **१९८१** – भारतमा हालसम्मकै ठूलो हताहतीयुक्त रेल दुर्घटना भएको थियो। त्यो दुर्घटना नेपालबाट बहँदै बिहार पुगेको बागमती नदीको पुलमाथि गुडिरहेको रेल नदीमा खस्दा झन्डै ८०० को ज्यान गएको थियो, जसमध्ये धेरैको शव फेला परेन। उक्त रेल दुर्घटनालाई त्यो समय आएको आँधीलाई जिम्मेवार मानिन्छ।

बालबालिकामा बढ्दै छ 'मायोपिया'को समस्या

■ विद्यालय जाने बालबालिकामा टाढाको नदेख्ने, अर्थात् बोर्डमा लेखेको नदेख्ने र साथीबाट सार्नेजस्ता लक्षण देखिन थालेपछि अस्पताल धाउने गर्छन्

मञ्जु टेलर/नयाँ पत्रिका

सत्यानका सात वर्षीय बालक आँखा टेढोको समस्या लिएर गत चैत अन्तिम साता काठमाडौंको तिलगंगा आँखा अस्पताल पुगे। टाढाको वस्तु नदेख्ने, देखे पनि धमिलो देख्ने समस्या भएपछि जिल्ला अस्पताल जाँदा उनलाई थप उपचारका लागि काठमाडौं रिफर गरिएको थियो।

परीक्षणका क्रममा उनलाई मायोपियाको समस्या बल्झिँदै जाँदा आँखा टेढो हुने समस्या भएको पत्ता लाग्यो। लामो समयको उपचारपछि उनको आँखाको दृष्टि सामान्य अवस्थामा फर्किरहेको र नियमित औषधि खाइरहेको उपचारमा संलग्न चिकित्सकले बताएका छन्।

कक्षाकोठामा बोर्डमा लेखेको नदेख्ने र पढाइमा कमजोर बन्दै गएको भन्दै विद्यालयबाट गुनासो आएपछि गत साता काठमाडौंको बालाजुका चार कक्षाका बालकलाई अभिभावकले तिलगंगा आँखा अस्पताल पुऱ्याए। बालाजुकै एक विद्यालयमा पढिरहेका उनी घरमा बस्दा,

» पृष्ठ ११ मा क्रमशः





डा. सिर्जना अधिकारी, आँखा रोग विशेषज्ञ, तिलगंगा अस्पताल

मायोपियाको समस्यामा बढीमा १० प्रतिशत मात्रै गम्भीर अथवा दृष्टिविहीन हुने अवस्था हुन्छ। यसबाहेक अधिकांशमा टाढाको वस्तु नदेख्ने र समयमा उपचार नगराउँदा जटिलता बढ्ने हो। अहिले स्कुले विद्यार्थीमा यो समस्या अत्यधिक बढेको छ। स्कुल मायोपिया अर्थात् स्कुल पढ्ने उमेरमा देखिने यो समस्या प्रारम्भिक रूपमा देखिन्छ। तर, कतिपयमा प्याथोलोजिकल र वंशाणुगत मायोपिया पनि देखिन्छ, जुन केही प्रतिशतमा मात्रै देखिने भए पनि दृष्टिमा असर पार्ने खालको हुन्छ। तर, झन्डै ८० देखि ९० प्रतिशतमा भने स्कुल मायोपिया हुन्छ, जुन सुरुवाती चरणमै पत्ता लाग्ने भएकाले उपचारको पहुँचसमेत बढी छ।

सहरी जीवनशैली र डिजिटलको उच्च प्रयोगले बढाउँछ मायोपिया

डिजिटल उपकरणको अत्यधिक प्रयोग र अधिकांश समय घरभित्र व्यतीत हुन थालेसँगै मायोपियाको जोखिम बढ्न थालेको चिकित्सक बताउँछन्। आँखाको दृष्टि नजिकको वस्तु मात्रै हेर्ने वातावरणमा अभ्यस्त हुन थालेसँगै मायोपियाको समस्या जोखिमका रूपमा देखिन थालेको हो।

खासगरी विद्यालयबाट फर्केपछि चारदेखि पाँच घन्टासम्म कोठाभित्र बसेर गृहकार्य गर्न लगाउने, कोठाभित्रै खेल्ने, विद्यालयमा पनि अधिकांश समय कक्षाकोठामा बिताउने र खाली समयमा डिजिटल उपकरण (कम्प्युटर, मोबाइल तथा भिडियो गेम) प्रयोग गर्दा आँखाको नजिक राखेर गर्ने भएकाले बालबालिकामा मायोपियाको समस्या अत्यधिक बढिरहेको विराट आँखा अस्पतालका चिकित्सक डा. पवन श्रेष्ठ बताउँछन्। त्यसबाहेक मायोपियाको समस्या रहेका आमा-बुबाबाट जन्मिएका सन्तानमा यसको जोखिम रहन्छ। डा. श्रेष्ठका अनुसार मायोपिया भएका व्यक्तिले टाढाको वस्तु धमिलो देख्ने गर्छन्। सामान्य आँखाले कुनै वस्तुलाई टाढाबाट हेर्दा उक्त वस्तुमा हाम्रो आँखाको दृष्टि (रेटिना)मा आएर फोकस हुने गर्छ। तर, मायोपिया भएमा उक्त वस्तु आँखाको दृष्टि रेटिनाभन्दा अगाडिको भागमा फोकस भएकाले दृष्टि धमिलो हुने गर्छ।

'मायोपियाबाट बच्च बच्चालाई मोबाइलको पहुँचबाट जोगाउने, दैनिक कम्तीमा दुई घन्टा बाहिरी वातावरणमा खेल्ने व्यवस्था मिलाउने तथा समय-समयमा नियमित रूपमा आँखा जाँच गराउनुपर्ने हुन्छ,' उनले भने। यसबारे अभिभावकले समयमै ख्याल नगरेमा बालबालिकाको दृष्टिमा समस्या देखिएर युवा उमेरमै दृष्टिविहीन हुने जोखिम बढाएको डा. श्रेष्ठले बताए।

‘पिक एन्ड ड्रप’ शैलीमा जाँदै नयाँ बसपार्क

पार्किङका लागि छुट्टै ठाउँ खोजिँदै, कलंकी-जडीबुटीमा लामो दूरीका सवारी रोक्न निषेध





■ **विजयबहादुर स्वाँर**
अध्यक्ष, यातायात व्यवसायी महासंघ

बसपार्कबाट लामो दूरीका बस सञ्चालन गर्नुपर्ने नियम यसअघि पनि जारी भएको थियो, तर व्यवसायीले अटेर गरिरहेका थिए । हाम्रो बसपार्क साँघुरो छ, यस हिसाबमा यो ठिकै हो । अब भने व्यवस्थित गर्छौं ।



■ **जगतमान श्रेष्ठ**
काठमाडौं महानगरका ट्राफिक प्रहरी प्रमुख सल्लाहकार

बसपार्क र सडकहरू अव्यवस्थित भएकाले सबै बसलाई बसपार्कमै जानुपर्ने व्यवस्था गरेका हौं । पिक एन्ड ड्रपअनुसार छुट्नुभन्दा एक घन्टाअघि र बसपार्क छिरेको एक घन्टासम्म मात्रै रहन पाइन्छ । पार्किङका लागि त व्यवसायी आफैंले ठाउँ खोज्नुपर्छ । अहिले कतिपयले बसपार्कमा दुई-तीन दिनसम्म सवारीसाधन पार्किङ गर्दै आएका छन् ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

गोंगबुस्थित नयाँ बसपार्कलाई ‘पिक एन्ड ड्रप’ शैलीमा सञ्चालन गरिने भएको छ । सवारीसाधन धेरै र स्पेस कम भएका कारण सबै सवारीसाधनलाई ‘पार्किङ स्पेस’ अपुग हुन थालेपछि ‘पिक एन्ड ड्रप’ शैलीमा लैजान लागिएको हो ।

यसअघि काठमाडौं महानगरले काठमाडौंबाट बाहिरिने लामा तथा मध्यम दूरीका सवारीसाधनलाई १ असारदेखि अनिवार्य रूपमा गोंगबुस्थित बसपार्कबाट छुट्न सूचना जारी गरेको थियो । सोहीअनुसार बसपार्कबाहिरका टिकट काउन्टर हटाउन महानगरले सूचना जारी गरेको छ । महानगरको सूचनासँगै नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघले सबै बसलाई व्यवस्थित गर्न थालिसकेको जनाएको छ । महानगरले नयाँ बसपार्क सञ्चालनका लागि ल्होत्से बहुउद्देश्यीय संस्थालाई भाडामा दिएको छ ।

‘पिक एन्ड ड्रप’ अवधारणा लागू गर्नेबारे यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी, महानगर, महासंघ र ल्होत्से बहुउद्देश्यीयबीच छलफल चलिरहेको छ । महानगरको सूचनापछि महासंघले पनि ‘पिक एन्ड ड्रप’ उपयुक्त हुने जनाएको छ ।

काठमाडौं महानगरका ट्राफिक प्रहरी प्रमुख सल्लाहकार जगतमान श्रेष्ठले बसपार्क र सडकहरू अव्यवस्थित भएकाले सबै बसलाई बसपार्कमै जानुपर्ने व्यवस्था गरेको बताए । उनले छुट्नुभन्दा एक घन्टाअघि र बसपार्क छिरेको एक घन्टासम्म मात्रै रहन पाइने बताए । त्यसपछि पार्किङका लागि व्यवसायी आफैंले ठाउँ खोज्नुपर्नेछ । ‘कतिपयले बसपार्कमा दुई-तीन दिनसम्म पार्किङ गरेको पाइयो, यसो गर्न पाइँदैन,’ उनले भने, ‘त्यसकारण हामीले पिक एन्ड ड्रप नियम लागू गर्न लागेका हौं ।’

■ बाहिरका काउन्टर हटाउँदा धेरैको रोजीरोटी गुम्ने

महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले बसपार्कबाट लामो दूरीका बस सञ्चालन गर्नैपर्ने नियम यसअघि नै जारी गरे पनि व्यवसायीले अटेर गरेको बताए । ‘हाम्रो बसपार्क साँघुरो छ, यसअघि पनि बसपार्कबाहिरका काउन्टर हटाउन भनेका थियौं, तर अहिलेसम्म हटेका छैनन्,’ उनले भने, ‘अब हामी व्यवस्थित गर्छौं, बसपार्कलाई पिक एन्ड ड्रपको नियमबाट सञ्चालन गर्छौं ।’ तर, उनले बसपार्कबाहिरका सबै टिकट काउन्टर हटाउँदा कतिपयको रोजगार गुम्ने र यात्रुहरूलाई असहज हुने बताए । यसबारे महानगरले थप छलफल गर्न आवश्यक रहेको उनको भनाइ छ । बसहरूले अनलाइन टिकट काट्न सकिने व्यवस्था गरे पनि सबै यात्रुले अनलाइन टिकट काट्न नसक्ने भएकाले प्रभावकारी नहुने स्वाँरको भनाइ छ । उपत्यकाबाट बाहिरिने केही डिलक्स तथा एसी बसहरूले मात्रै अनलाइन टिकेटिङ गर्छन् ।

■ कति छन् उपत्यकामा टिकट काउन्टर ?

गोंगबु बसपार्क करिब एक सय ५० रोपनीमा छ । यहाँ ३० वटाभन्दा बढी टिकट काउन्टर छन् । यसबाहेक उपत्यकाभित्र छरिएका सबैखाले काउन्टरको संख्या पाँच सयभन्दा बढी छ । सबैतिर काउन्टर छरिँदा यात्रुहरूलाई सेवा लिन असहज भएको र अव्यवस्थित भएको भन्दै महानगरले काउन्टर पनि व्यवस्थित गर्न निर्देशन दिएको छ । महानगरले कलंकी-जडीबुटीमा लामो दूरीका सवारी रोक्न निषेधसमेत गरेको छ ।

हाल काठमाडौंबाट दैनिक लामो तथा मध्यम दूरीका करिब सात सय सवारीसाधन छुट्छन् । यसमध्ये कतिपय बस बसपार्क पुग्दैनन् । अन्य ठाउँबाटै छुट्ने गर्छन् ।

■ पार्किङका लागि नयाँ ठाउँको खोजी

अहिले लामो दूरीका बस पार्किङ गर्ने ठाउँ पनि नयाँ बसपार्क नै हो । अब सबैतिरका बस यहींबाट सञ्चालन हुने भएपछि यो ठाउँमा पार्किङ गर्ने ठाउँ पुग्दैन । बिहानदेखि राति अबेरसम्म लामो तथा मध्यम दूरीका सवारीसाधन ओहोरदोहोर गर्ने भएकाले यहाँ पार्किङ गर्दा जाम र अव्यवस्थित हुन्छ । सोही कारण बसपार्कका लागि नयाँ ठाउँको खोजी भइहेको महासंघले जनाएको छ । यसका लागि महानगरसँग सल्लाह भइरहेको र महानगरले नै ठाउँ उपलब्ध गराउने महासंघका अध्यक्ष स्वाँरले जानकारी दिए । ‘सबै बस गोंगबुमै जाने भएपछि त्यो ठाउँ अपुग हुन्छ, अब त्यहाँ ‘पिक एन्ड ड्रप’ मात्रै हुन्छ, त्यसकारण हामीले अर्को ठाउँमा पार्किङका लागि बसपार्क बनाउन आवश्यक छ,’ उनले भने, ‘यसबारे महानगरसँग छलफल भइरहेको छ ।’ महानगरका अनुसार पार्किङका लागि छुट्टै बसपार्क बनाउने सम्बन्धमा यातायात व्यवसायी, ट्राफिक प्रहरी र महानगरबीच थप छलफलपछि मात्रै ठाउँ निर्क्योल हुनेछ । अहिले महानगरभित्र सिटी बसपार्कसमेत छैन । उपत्यकाभित्रका स्थानीय रुटका सवारीसाधन ‘पिक एन्ड ड्रप’अनुसार नै सञ्चालन भइरहेका छन् ।

■ अटेर गरे १ असारदेखि कारबाही

काठमाडौं महानगरले सबै बसलाई गोंगबुबाट सञ्चालन हुनुपर्ने र अटेर गरे १ असारदेखि कारबाही गर्ने भएको छ । उपत्यकाबाट बाहिरिने-भित्रिने बसहरूले जथाभावी पार्किङ गरेको, टिकट बुकिङ काउन्टर खोलेको, जथाभावी यात्रु चढाउने र ओराल्ने गरेको पाइए कारबाही गर्ने महानगरको चेतावनी छ । अनधिकृत स्थानमा पार्किङ गर्नेलाई कारबाही गरिने भन्दै जथाभावी यात्रु नचढाउन र नओराल्न व्यवसायीलाई आग्रह गरेको छ ।

शनिबार उपत्यकामा

महादेवस्थान : काठमाडौं महानगरपालिका-३२, महादेवस्थानमा ज.५प २ ९३६ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक सिराहा अर्नामा गापा-३ का २३ वर्षीय जितेन्द्रकुमार यादवको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको राष्ट्रिय ट्रमा सेन्टरमा उपचारका क्रममा मृत्यु भएको हो ।

बागदरबार : काठमाडौं महानगरपालिकाले देशव्यापी रूपमा नवप्रवर्तन, स्टार्ट अप र उद्यमशीलतालाई लगानीकर्तासँग जोड्न काठमाडौं मेट्रो आइडिया एन्ड इनोभेसन-०८० कार्यक्रम थालनी गरेको छ । यसका लागि देशभरिका नवप्रवर्तक, उद्यमी तथा व्यवसायीहरूको सीप तथा ज्ञान अभिवृद्धिका लागि प्रस्ताव माग गरेको छ । कुनै आइडिया भए प्रस्ताव पेस गर्न महानगरले आह्वान गरेको हो । २९ जेठसम्म प्रस्ताव पेस गर्न आग्रह गरिएको छ ।

सल्लाघारी : गुडिरहेको बसबाट खसेर भक्तपुरमा एक महिलाको मृत्यु भएको छ । भक्तपुर नगरपालिका-१, सल्लाघारी हनुमन्ते पुलस्थित राधेराधेबाट निकोसेरातर्फ जाँदै गरेको बा.२१च ५३०१ नम्बरको हात्ती गाडीको पछाडि सवार महिलाको खसेर मृत्यु भएको जिल्ला प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक प्रजित केसीले जानकारी दिए । करिब ४३ वर्षीया उनको पहिचान हुन नसकेको उनले बताए । घाइते भएकी महिलाको सल्लाघारीस्थित डा. इवामुरा मेमोरियल अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरी उपरीक्षक केसीले जानकारी दिए । गाडीचालक काभ्रे भुम्लु गाउँपालिका-३ घर भई हाल ललितपुर इमाडोल बस्ने ३० वर्षीय सूर्यबहादुर पहरीलाई पक्राउ गरिएको छ ।

माइतीघर : सहकारी संस्थाका पीडितहरूले आफ्नो बचत रकम फिर्ताको माग गर्दै माइतीघरमा प्रदर्शन गरेका छन् । सहकारी पीडित बचतकर्ता महासंघ संघर्ष समितिको आह्वानमा बचत फिर्ताको माग राख्दै प्रदर्शन गरेका हुन् । उनीहरूले आफ्नो रकम फिर्ताका लागि सरकारले पहल गर्न वा सरकारले नै फिर्ता दिनुपर्ने माग गरेका छन् । पीडितहरूले माइतीघरदेखि बानेश्वरसम्म प्रदर्शन गरेका थिए । संघर्ष समितिकी अध्यक्ष सुनीतासिंह राजभण्डारीले सहकारीले खाएको बचत फिर्ताका लागि पालिकादेखि केन्द्र सरकारका निकायका ढोकामा पुग्दासमेत रकम फिर्ता नभएपछि धर्ना तथा प्रदर्शनमा उत्रिएको बताइन् ।

भृकुटीमण्डप : विश्व वातावरण दिवस-०८० को अवसरमा प्रभावफेरीको आयोजना गरिएको छ । ‘सफा सहर हाम्रो रहर’ भन्ने नारासहित फोहोरमैला व्यवस्थापन संघ नेपाल, चन्द्रागिरि वातावरण एन्ड ट्रेड लिंक र सर्वकल्याण वातावरण सेवा प्रालिलगायतका संघ-संस्थाले आयोजना गरेको प्रभातफेरी भृकुटीमण्डपबाट सुरु भएर, भद्रकाली, सहिदढोका, सुन्धारा, रत्नपार्क, जमल, पुरानो बसपार्क हुँदै भृकुटीमण्डपमा पुगेर कोणसभामा परिणत भएको थियो । संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको आह्वानमा सन् १९७४ देखि हरेक वर्ष ५ जुनमा विश्व वातावरण दिवसका रूपमा मनाइँदै आएको छ ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६५०-०१-५७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं २७१५१८/०७८/०७९ अन्तर्गत मिति २०७८/०५/२८ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ६, पैयाँटार स्थित **बि.एस. पाथिभारा एग्रो फार्म प्रा.लि.** **अध्यक्ष तथा जमानतकर्ता: विपिन सापकोटा** स्थायी ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ८ हालको ठेगाना : काठमाडौं जिल्ला, ठोखा न.पा. वडा नं. ६, धापासी बाबु : भाईकाजी सापकोटा बाजे : पुर्ण बहादुर सापकोटा	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं २७१५१८/०७८/०७९ अर्न्तगत मिति २०७८/०५/२८ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ६, पैयाँटार स्थित बि.एस. पाथिभारा एग्रो फार्म प्रा.लि.को नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगतमा दर्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल न.पा. वडा नं. ८ (हाल धुलिखेल न.पा. वडा नं. ६) स्थित कित्ता नं. १६६ को क्षेत्रफल २-१-३-३ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) बि.एस. पाथिभारा एग्रो फार्म प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) आईकाजी सापकोटा स्थायी ठेगाना :काठमाडौं जिल्ला, काठमाडौं न.पा. वडा नं. ८ हालको ठेगाना : काठमाडौं जिल्ला, तार्केश्वर न.पा वडा नं. ६, पैयाँटार बाबु : पुर्ण बहादुर सापकोटा बाजे : कुल बहादुर सापकोटा	**२) गोमा सापकोटा** स्थायी ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं न.प. वडा नं. ८ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. ८, गौशाला बाबु : दिप बहादुर थापा ससुरा: पुर्ण बहादुर सापकोटा पति : भाईकाजी सापकोटा
	ऋणीको विवरण	**जमानीकर्ताहरुको विवरण**
२)	नेपाल सरकार, ,वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय झापामा प्रा.फ.र.न.: ८५२/४२६५ अर्न्तगत मिति २०७०/०४/२ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको झापा जिल्ला, दमक न.पा. वडा नं. ६ स्थित **न्यू पाथिभरा सप्लायर्स एण्ड ट्रेडर्स** **प्रोप्राईटर तथा जमानतकर्ता: ईश्वरी प्रसाद दहाल** स्थायी ठेगाना : झापा जिल्ला, दमक गाउँ पञ्चायत, वडा नं. ६ हालको ठेगाना : झापा जिल्ला, दमक न.पा, वडा नं. ३ बाबु : देव दत दहाल बाजे : नारायण प्रसाद दहाल	**छत्र माया थापा** स्थायी ठेगाना : पाँचथर जिल्ला मिक्लाजुङ गा.पा वडा नं. ४ हालको ठेगाना : झापा जिल्ला, दमक न.पा, वडा नं. ३ बाबु : झगर सिंह थापा ससुरा: देव दत दहाल पती : ईश्वरी प्रसाद दहाल
	धितोको विवरण	
	१) नारायण प्रसाद दहालको नाति, देव दत दहालको छोरा, झापा जिल्ला, दमक न.पा. वडा नं. ६ बस्ने ईश्वरी प्रसाद दहालको नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, दमक न.पा वडा नं. ३ख (हाल दमक न.पा वडा नं. ३), स्थित कित्ता नं. ८३२६ को क्षेत्रफल ०-५-०-० (बिगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) न्यू पाथिभरा सप्लायर्स एण्ड ट्रेडस को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि.

(ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं ३,पुल्चोक)

अचल सम्पत्ती (घर/जग्गा) लिलाम बिक्री गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/०२/२१

यस संस्थाबाट नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभाग,क्षेत्रिय शिक्षा नि. मध्यमाञ्चलको कार्यालयमा मिति २०६२/०५/१४ गते दर्ता भई दर्ता नं. १४१/०६२ र पान नं. ३०१९८६४०३ कायम भएको सावित बागमती अञ्चल ललितपुर जिल्ला झरुवारासी गा.वि.स वडा नं. ९(ख), (हाल बागमती प्रदेश ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. ४) मा अवस्थित “बज्र एकेडेमी” ले संस्थागत प्रयोजनको लागि लगेको कर्जाको यस संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, लगायत अन्य दस्तुर आदि नतिरी नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेकोले, सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रूपमा तर ताकेता गरेको र सो गर्दा समेत सहकारीको कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेको हुँदा, धितो सुरक्षण स्वरुप रहेको तपशिलमा लेखिएको धितो घरजग्गा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने बारे ३५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त म्याद भित्र पनि कर्जा चुक्ता नगरेमा कर्जा सुरक्षणार्थमा लेखिदिएको, कुनै किसिमको कानूनी झै झमेला नभएको, यस संस्थामा धितो सुरक्षण वापत रहेको अचल सम्पत्ती सहकारी ऐन नियमावली २०७५ तथा यस सहकारीको ऋण लगानी तथा असुली सम्बन्धी विनियमावलीले दिएको अधिकार प्रयोग गरी नियम बमोजिम सहकारी आफैंले लिलाम बिक्री गर्ने भएकोले, लिलाममा डाँक बढाबढ गरी लिन ईच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३६औं दिन (उक्त दिन बिदा परेमा सोको भोलिपल्ट) तोकिएको समय अनुसार यस सहकारीको कार्यालयमा उपस्थित भई आफुले सकार गरी लिन चाहेको मूल्यमा बोल कबोल गर्नुहुन सूचित गरिन्छ।

तपशिल

सि. न.	ऋणीको ठेगाना, फोटो तथा तिन पुस्ते विवरण	धितो सुरक्षण विवरण	व्यक्तिगत जमानत दिनेको ठेगाना, फोटो तथा तिनपुस्ते विवरण
१.	सावित बागमती अञ्चल सिन्धुपाल्चोक जिल्ला राम्चे गा.वि.स. वडा नं. ३ (हाल बागमती प्रदेश सिन्धुपाल्चोक जिल्ला बाह्रविसे न.पा. वडा नं. ९) मा जन्मस्थान भई हाल बागमती प्रदेश ललितपुर जिल्ला गोदावरी न.पा वडा नं. १४ मा बसोबास गर्ने **श्री बद्रिनाथ पौडेल**को नाति **श्री चेतनाथ पौडेल**को छोरा (ना.प्र.नं. ३१३२/५८६४७, सिन्धुपाल्चोक) वर्ष ५२ को **श्री रामकाजी पौडेल** ।	नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभाग, क्षेत्रिय शिक्षा निर्देशनालय मध्यमाञ्चलको कार्यालयमा मिति २०६२/०५/१४ गते दर्ता भई दर्ता नं. १४१/०६२ र पान नं. ३०१९८६४०३ कायम भएको सावित बागमती अञ्चल ललितपुर जिल्ला झरुवारासी गा.वि.स वडा नं. ९(ख), (हाल बागमती प्रदेश ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. ४) मा अवस्थित वज्र एकेडेमी शैक्षिक निजी गुठीको नाउँमा मालपोत कार्यालय ललितपुर लगनखेलमा दर्ता कायम रहेको सावित बागमती अञ्चल ललितपुर जिल्ला झरुवारासी गा.वि.स वडा नं. ९ (ख), (हाल बागमती प्रदेश ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. ४) मा अवस्थित कि.नं. ११७, ३४६, ३४५, ३४४, ३८१, ३८०, २५८, २५९, २२६ तथा क्षेत्रफल क्रमश: ७-१४-२-०, ०-८-३-०, ०-८-३-०, ०-८-३-०, ०-५-१-०, ०-३-२-०, १-०-०-०, १-०-०-० र २-०-०-० भएको जग्गा तथा उक्त जग्गामा निर्मित पक्की घर समेत ।	(१) सावित बागमती अञ्चल सिन्धुपाल्चोक जिल्ला पेटकु गा.वि.स. वडा नं. ८ (हाल बागमती प्रदेश सिन्धुपाल्चोक जिल्ला लिसंखु पाखर गा.पा. वडा नं. ६) मा जन्मस्थान भई हाल बागमती प्रदेश भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा. वडा नं.४ मा बसोबास गर्ने **श्री तिलक बहादुर भण्डारी**को नाति **श्री दल बहादुर भण्डारी**को छोरा (ना.प्र.नं. २१६४/५८५७७, सिन्धुपाल्चोक) वर्ष ५५ को **श्री डोर बहादुर भण्डारी** । (२) सावित बागमती अञ्चल सिन्धुपाल्चोक जिल्ला राम्चे गा.वि.स. वडा नं. ३ (हाल बागमती प्रदेश सिन्धुपाल्चोक जिल्ला पाँचपोखरी थाङपाल गा.पा. वडा नं. ९) मा जन्मस्थान भई हाल बागमती प्रदेश ललितपुर जिल्ला गोदावरी न.पा वडा नं. १३ झरुवारासीमा बसोबास गर्ने **श्री कर्ण बहादुर थापा**को नाति **श्री जनक बहादुर थापा**को छोरा (ना.प्र.नं. १६/६३३५६, सिन्धुपाल्चोक) वर्ष ४६ को **श्री लक्ष्मण थापा** ।

लिलामका शर्तहरु :

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तीले आफुले बोलेको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौटी बापत तुरुन्त यस संस्थामा बुझाउनु पर्नेछ ।
२. लिलाम सकार गर्ने व्यक्तीले सहकारीबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पती बुझि नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत जफत हुनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तीले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोही दिन नबुझाएमा निज पछि सबैभन्दा बढी रकम बोल्ने व्यक्तीको नाममा लिलाम सदर गरिनेछ ।
४. तोकिएको लिलामको दिन सहकारी बिदा परेमा वा सरकारी बिदा पेरमा त्यसको लगत्तै सरकारी वा सहकारी कार्यालय खुल्ने दिन लिलाम बढाबढ हुनेछ ।
५. डाँक बढाबढ गर्दा सबै भन्दा बढी अंक बोल्ने व्यक्तीलाई अचल सम्पत्ती दिने वा नदिने सम्पूर्ण अधिकार सहकारीमा सुरक्षित रहनेछ ।
६. लिलाम बिक्री हुने धितो (घरजग्गा) को सम्बन्धित कागजातहरू हेर्न चाहनु हुने महानुभावहरूले यस सहकारीमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
७. ललितपुर म.न.पा. वडा नं. ३ पुल्चोक स्थित यस सहकारीको कार्यालयमा अपराह्न १० बजे देखि ४ बजेसम्म लिलामको डाँक बढाबढ हुनेछ ।
८. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वयंले नै व्यहोर्नु पर्नेछ ।
९. सहकारी ऐन २०७४, नियमावली २०७५ तथा यस संस्थाको ऋण लगानी तथा असुली सम्बन्धी विनियमावली अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारीले उक्त सम्पत्तीको स्वामित्व आफुमा लिन सक्नेछ ।
१०. संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पुर्ण कर्जा रकम असुल उपर नभएमा ऋणी तथा जमानीको नाँउमा रहेको नेपाल राज्यभरको अन्य अचल अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ ।

नोट :- लिलाम हुने मिति २०८०/०३/२५

कांग्रेस सभापति शेरबहादुर देउवाले भने-

फेरि सभापति बन्दिनँ, नेतृत्व अब युवामा

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

कांग्रेसमा नेतृत्वको कार्यशैलीमाथि असन्तुष्टि बढिरहेका वेला सभापति शेरबहादुर देउवाले १५औँ महाधिवेशनबाट पार्टीमा नेतृत्व हस्तान्तरण हुने बताएका छन् । आफूविरुद्ध पार्टीमा आवाज बढ्दै गए पनि मौनता साँध्दै आएका उनले शनिबार फेरि सभापतिमा आफ्नो दाबी नरहने बताए । शनिबार कांग्रेस ललितपुरको जिल्ला सम्मेलनमा उनले आफ्नो विरोध गर्दैमा पार्टी रूपान्तरण नहुने भन्दै अब कांग्रेसको नेतृत्व युवा नेताले गर्ने उनले स्पष्ट पारे ।

सभापति देउवाको कार्यशैलीप्रति असन्तुष्ट रहँदै आएका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशनको आवश्यकता रहेको बताउँदै आएका छन् । यही सेराफेरोमा आएको देउवाको अभिव्यक्तिलाई अर्थपूर्ण मानिएको छ ।

देउवाले महामन्त्रीद्वय थापा र शर्माप्रति संकेत गर्दै आफ्नो नेतृत्वमा कांग्रेस ठूलो पार्टी बनेको दाबी गरे । उनले विरोध गरेर मात्रै पार्टी नबन्ने जवाफ फर्काए । उनले महामन्त्रीद्वयलाई गाली गर्न छाडेर काम गर्न पनि आग्रह गरे । 'तीनै तहको निर्वाचनमा कांग्रेस ठूलो पार्टी बनेको छ । नेविसंघ स्ववियु निर्वाचनमा पहिलो बनेको छ । अब यसलाई अगाडि बढाउनुछ । अझै बलियो बनाउनुछ । पार्टीमा अब तपाईंहरू हुने हो, मेरो त के छ र ? काम गर्नुसु, पार्टी बलियो बनाउनुस । काम गर्नुपर्ने बेला एकअर्कालाई विरोध गरेर पार्टी बन्दैन,' उनले भने, 'नेतृत्वलाई गाली गरेर केही हुनेवाला छैन । पार्टी बनाउन जनतामा जानुपर्छ ।'

देउवाले पार्टीको तल्लो कमिटीसम्म गएर नेतृत्वलाई गाली गर्दा पार्टी अप्ठ्यारोमा पर्ने दाबी गरे । 'अहिलेको वेला पार्टीलाई मजबुत बनाउने हो । सबैभन्दा ठूलो पार्टी बनाइहार्लें । अधिकांश क्याम्पसमा हामीले जितेकै छौं । भोलिका दिनमा पार्टीलाई अझै बलियो बनाउनुछ । मैले त सहयोग गर्ने हो । म पार्टी सभापति हुने होइन । अहिले सबै एक भएर गएमा हाम्रो पार्टी बलियो हुन्छ,' देउवाले भने ।

१४औँ महाधिवेशनपछि देउवाले पार्टीको भावी नेतृत्वबारे औपचारिक मुख खोलेका हुन् । पछिल्लो समय सभापति देउवाको कार्यशैलीको विषयमा महामन्त्री थापा आक्रामक रूपमा प्रस्तुत हुने गरेका छन् । थापाले सभापतिले हरेक महत्त्वपूर्ण निर्णयमा एकाधिकार हुने गरेको र अब सहन नसकिने बताउँदै आएका छन् । महामन्त्री शर्मा पनि सभापतिको कार्यशैलीप्रति असन्तुष्ट छन् र महामन्त्री थापासँगै निर्णायक संघर्ष गर्नुपर्ने पक्षमा । शनिबार एउटै मञ्चमा रहेका महामन्त्री शर्मातर्फ संकेत गर्दै देउवाले आफ्नो विरोध गरेर मात्रै पार्टी नबन्ने जवाफ फर्काएका हुन् ।



शनिबार कांग्रेस ललितपुरको प्रथम जिल्ला सम्मेलनमा सभापति शेरबहादुर देउवालगायत नेता ।

महामन्त्रीद्वय थापा र शर्माले विशेष महाधिवेशनका लागि दबाब बढाउने संकेत गर्दै आएका छन् । यसबारे आन्तरिक गृहकार्यसमेत भइरहेको निकट नेताहरू बताउँछन् । महामन्त्री थापाले सभापति पार्टीमा एकाधिकारविरुद्ध अभियानमा लागेको आरोप लगाउँदै आएका छन् ।

शुक्रबार थापागाउँमा प्रेस युनियनको कार्यक्रममा उनले सभापति देउवाको एकाधिकारविरुद्ध अभियानमा लाग्ने बताएका थिए । थापाले तल्लो तहका कार्यकर्ताहरूको पार्टीमा रूपान्तरण गर्न आफूले देशव्यापी अभियान चलाउने घोषणा गरेका थिए । उनले सभापतिको एकल निर्णय र सहमतिमा सरकार र पार्टीका महत्त्वपूर्ण र दीर्घकालीन महत्त्वका निर्णय हुने गरेको आरोप लगाएका थिए ।

'कांग्रेस संलग्न भएको सरकारले केही गम्भीर, महत्त्वपूर्ण दीर्घकालीन महत्त्वको र जनचासोको निर्णयहरू गऱ्यो । जुन डेढ वर्षदेखि चल्दै आएको छ । आजको दिनसम्म चल्यो । मैले यसलाई सहँदै आएँ । मैले यसलाई मान्दै आएँ । सभापति बहुमतमा हुनुहुन्छ । सभापतिले गर्नुहुन्छ, सभापतिले कुनै न कुनै दिन गर्नुहोला, मिलाउनु होला भन्ने भयो । तर, अवस्था फेरिएन,' थापाले भनेका थिए, 'महत्त्वपूर्ण निर्णयहरू मैले पनि सञ्चारमाध्ययमबाट थाहा पाएँ । नसहनुपर्ने कुरा अहिलेसम्म सह्यौं अब सहन सकिन्न । पात्रमा समस्या छ भने पात्र बदल्नुपर्छ, प्रवृत्तिमा समस्या छ भने प्रवृत्ति बदल्ने हो । टुलुटुलु हेरेर बस्ने होइन ।'

साना तथा मझौला व्यापार सम्वृद्धिको आधार, सोच अनुसार रोजे बैंक सपना हुन्छ साकार।
EVEREST SME LOAN
एभरेष्ट बैंक

विधानले नै दिँदैन देउवालाई तेस्रोपटक सभापति बन्न

कांग्रेस विधानको व्यवस्थाले नै देउवालाई फेरि सभापति बन्ने बाटो दिँदैन । विधानको दफा ५७ मा सबै तहका सभापतिलाई दुई कार्यकालभन्दा बढी सोही पदमा दोहोरिन नपाउने व्यवस्था गरेको छ । 'पार्टीको सबै तहको कार्यसमितिको सभापति निरन्तर रूपमा दुई पदावधिभन्दा बढी सोही पदमा उम्मेदवार हुन पाउनेछैन,' विधानको व्यवस्थाले भन्छ । एक पदाधिकारीका अनुसार पार्टीका अनौपचारिक छलफलमा भने देउवाले जिस्किँदै 'पार्टीमा यस्तै अवस्था रहे विधान संशोधन गरेर पनि फेरि मै सभापति बन्नुपर्लाजस्तो छ' भन्ने गरेका छन् ।

अर्का महामन्त्री शर्माले गत २२ वैशाखमा बसेको पदाधिकारी बैठकमा कांग्रेस रूपान्तरणका लागि सभापति तयार नभए राजीनामा दिएर कार्यकर्तास्तरबाट रूपान्तरणका लागि दबाब सिर्जना गर्नुको विकल्प नरहेको चेतावनी दिएका थिए । 'पार्टी रूपान्तरणमा सभापतिज्यू तयार नहुने र सुस्त भइरहने हो भने कहिलेसम्म महामन्त्रीले अपजस लिइरहने ? अब 'रिफर्म अर रिजाइन नै हो,' शर्माको भनाइ थियो । विशेषगरी मन्त्री छनोटमा देउवाले आफूखुसी गरेपछि महामन्त्रीद्वय रुष्ट बन्दै आएका छन् । त्यसयता लगातार रूपमा सार्वजनिक मञ्चमा नेतृत्वको आलोचना हुँदै आएको छ । साथै, शेखर-गगन समूहबाट तेस्रो तहका नेताहरू रूपान्तरण अभियान नै सुरु गरेर देशदौडाहा गरिरहेका छन् ।

ललितपुरकै कार्यक्रममा नेता प्रकाशमान सिंहले कांग्रेस विधिसम्मत चल्न नसकेको बताए । उनले विधिसम्मत रूपमा पार्टी सञ्चालन नहुँदा असन्तुष्टि बढ्दो अवस्थामा रहेको उल्लेख गरे । सिंहले विधिसम्मत रूपमा अघि बढाउन सकेको अवस्थामा चुनौती कम हुने बताए । 'मेरो एउटै जोड छ, विधि र नियमबाट पार्टी चलाऔं । विधि र नियमबाट पार्टी चलेको भए त यति असन्तोष कहीं पनि सुन्नुपर्दैनथ्यो । अब बचेको समयमा पार्टीलाई विधि, नियमसम्मत अघि बढायौं भने अरू पार्टीको चुनौती सामना गर्नुपर्ने छैन,' सिंहले भने । कांग्रेस केन्द्रीय सदस्य उदयशमशेर राणाले ललितपुरका सबै वडा, पालिका,

शनिबार कांग्रेस ललितपुरको सम्मेलनमा सभापति देउवाले भने–



तीनै तहको निर्वाचनमा कांग्रेस ठूलो पार्टी बनेको छ । नेविसंघ स्ववियु निर्वाचनमा पहिलो बनेको छ । अब यसलाई अगाडि बढाउनुछ । अझै बलियो बनाउनु छ । पार्टीमा अब तपाईंहरू हुने हो मेरो त के छ र ? काम गर्नुसु, पार्टी बलियो बनाउनुस् । काम गर्नुपर्ने वेला एकअर्कालाई विरोध गरेर पार्टी बन्दैन । नेतृत्वलाई गाली गरेर केही हुनेवाला छैन । पार्टी बनाउन जनतामा जानुपर्छ । भोलिका दिनमा पार्टीलाई अझै बलियो बनाउनुछ । मैले त सहयोग गर्ने हो । म पार्टी सभापति हुने होइन । अहिले सबै एक भएर गएमा हाम्रो पार्टी बलियो हुन्छ ।

प्रेस युनियनको कार्यक्रममा शुक्रबार महामन्त्री थापाले भने–



कांग्रेस संलग्न भएको सरकारले केही गम्भीर, महत्वपूर्ण दीर्घकालीन महत्त्वको र जनचासोको निर्णय गऱ्यो । जुन डेढ वर्षदेखि चल्दै आएको छ । आजको दिनसम्म चल्यो । मैले यसलाई सहँदै आएँ । मैले यसलाई मान्दै आएँ । सभापति बहुमतमा हुनुहुन्छ । सभापतिले गर्नुहुन्छ, सभापतिले कुनै न कुनै दिन गर्नुहोला, मिलाउनु होला भन्ने भयो । तर, अवस्था फेरिएन । महत्त्वपूर्ण निर्णय मैले पनि सञ्चारमाध्ययमबाट थाहा पाएँ । नसहनुपर्ने कुरा अहिलेसम्म सह्यौं अब सहन सकिन्न । पात्रमा समस्या छ भने पात्र बदल्नुपर्छ, प्रवृत्तिमा समस्या छ भने प्रवृत्ति बदल्ने हो । टुलुटुलु हेरेर बस्ने होइन ।

प्रदेश सभा र क्षेत्रीय सम्मेलन सम्मेलन सम्पन्न भएपछि आयोजित जिल्ला सम्मेलनले कांग्रेसको संगठनलाई सुदृढ, संगठित र जागरुक बनाउन कोसेढुंगा साबित हुने अपेक्षा गरेको बताए ।

देउवाको कार्यक्षमतामाथि नेता कार्यकर्ताले अनेकन प्रश्न उठाउने गरेका गरेका छन् । विशेषगरी ६ महिनाभित्र गठन गर्नुपर्ने विभागहरू गर्न नसकेको, भ्रातृसंस्थालाई चलायमान बनाउन नसकेको, आफूलाई मनलाग्दा र नजिककालाई अवसर दिन मात्रै विभाग र भ्रातृसंस्थामा नियुक्ति दिने गरेको आरोप लाग्ने गरेको छ । त्यस्तै, विधानविपरीत चलेको, सरकारमा सहभागी हुने निर्णय, मन्त्रीको नाम पठाउँदा एकलौटी गरेको, नागरिकता विधेयक, रेशम चौधरीलाई आममाफी दिने दीर्घकालीन महत्त्वको निर्णयमा पार्टीमा छलफल नगरेको भन्दै उनको आलोचना हुने गरेको छ ।

'हाई प्रोफाइल' अभियुक्तको पक्षमा पूर्वमहान्यायाधिवक्तादेखि बार अध्यक्षसम्म बहसमा उत्रँदै

टेकराज थामी/नयाँ पत्रिका

नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका 'हाइप्रोफाइल' अभियुक्तको पक्षबाट पूर्वमहान्यायाधिवक्तादेखि नेपाल बार एसोसिएसनका अध्यक्षसम्म बहसमा उत्रिने भएका छन् । जिल्ला अदालत काठमाडौंमा अभियुक्तविरुद्धको थुनछेक बहस आइतबारबाट सुरु हुँदै छ । थुनछेक बहस कुनै हालतमा कमजोर बनाउने पक्षमा अभियुक्त छैनन् । उनीहरूले पूर्वमहान्यायाधिवक्तादेखि बारका पूर्वअध्यक्षसम्मलाई बहसमा उतारेका छन् ।

पूर्वगृहमन्त्री बालकृष्ण खाणको पक्षमा बहसको नेतृत्व पूर्वमहान्यायाधिवक्ता खम्मबहादुर खातीले गर्दै छन् । खाण गृहमन्त्री हुँदा खाती महान्यायाधिवक्ता थिए । उनको पक्षमा बारका अध्यक्ष गोपालकृष्ण घिमिरे र पूर्वअध्यक्ष शेरबहादुर केसी पनि बहसमा उत्रिँदै छन् । त्यसबाहेक महादेवप्रसाद यादव, योगेन्द्र अधिकारी, प्रेमबहादुर खड्कासहित १८ जना अधिवक्ता उनको पक्षबाट बहसमा सहभागी हुँदै छन् ।

पूर्व महान्यायाधिवक्ता खातीले बहस गर्न चाहने अधिवक्ताको संख्या धेरै भए पनि काँटछाँट गरिने बताए । 'खाणको पक्षबाट बहस गर्ने जिम्मा मैले पाएको छु । बहसमा चाहने अधिवक्ता धेरै छन् । जानकारीमा आएअनुसार १८ जनाभन्दा धेरै अधिवक्ता छन् । तर, सबै अधिवक्ता बहसमा उत्रिन सम्भव छैन । काँटछाँट हुन्छ,' उनले भने ।

पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझीको पक्षबाट बहसको नेतृत्व वरिष्ठ अधिवक्ता सुशील पन्तले गर्दै छन् । टोलीमा पूर्वमहान्यायाधिवक्ता रमेश बडाल, धर्मराज रेग्मी, पर्शुराम कोइराला, आकृति रायमाझीलगायत आठ अधिवक्ता छन् । पूर्वमहान्यायाधिक्ता बडालले सरकारी वकिल पक्षबाट सकिनासाथ रायमाझीको पक्षबाट बहस हुने जानकारी दिए । 'रायमाझीको पक्षबाट म पनि बहसमा उत्रिँदै छु । टोलीमा अरू पनि अधिवक्ता सहभागी छन् । यसको नेतृत्व वरिष्ठ अधिवक्ता सुशील पन्तले गर्दै छन्,' उनले भने ।

सचिव टेकनारायण पाण्डेको पक्षबाट बहसको नेतृत्व पूर्वमहान्यायाधिवक्ता रमण श्रेष्ठले गर्दै छन् । टोलीमा गणेश रेग्मी, राम घिमिरेलगायतका अधिवक्ता सहभागी छन् । रेग्मी नेपाल प्रहरीका पूर्वएसएसपी हुन् । अर्का हाइप्रोफाइल अभियुक्त डा. इन्द्रजित राईको पक्षबाट बहस गर्ने अधिवक्ताको टुंगो भने लागिसकेको छैन । सरकारी वकिलको पक्षबाट बहसको नेतृत्व जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंका सहन्यायाक्तिवक्ता अच्युतमणि नेउपानेले गर्दै छन् ।

■ अदालतमा सबै अभियुक्तको इन्कारी बयान

नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका १८ जनाको बयान सकिएको छ । आइतबारबाट थुनछेक बहस सुरु हुनेछ । सबै अभियुक्तले इन्कारी बयान दिएका छन् । हाइप्रोफाइलमध्येका पूर्वगृहमन्त्री खाणले टेकनारायण पाण्डे, नरेन्द्र केसी, टोपबहादुर रायमाझी, शमशेर मियाँ र आडटावा शेर्पाबाहेक कसैलाई नचिन्ने बताएका छन् । कुमारीगालस्थित घरबाट पक्राउ पर्दा खाणले पूर्वगृहसचिव पाण्डेले पठाएको पत्र च्यातेर फालेका थिए । पत्रमा पक्राउ परेका केशव दुलाल र सानु भण्डारीको बयान फेर्न भूमिका खेल्न उल्लेख थियो । उक्त पत्रका सम्बन्धमा आफूलाई कुनै जानकारी नभएको बताएका छन् । पीडितको उजुरीपछि घटनामा संलग्न धमाधम पक्राउ पर्न थालेपछि खाणले रकम फिर्ता गर्न भन्दै आडटावा शेर्पालाई एक करोड रुपैयाँ बुझाएका थिए । उक्त रकम पनि आफूले शेर्पालाई नदिएको अदालतमा भनेका छन् ।

पूर्वगृहसचिव पाण्डेले पनि इन्कारी बयान दिएका छन् । उनलाई मुख्य बिचौलिया केशव दुलालले एक करोड २४ लाख रुपैयाँ कार्यकक्षमै पुगेर दिएको बताएका थिए । उनी र दुलालबीच पटकपटक एसएमएसमार्फत कुराकानी भएको भेटिएको छ । पाण्डेले दुलालसँग रकम नलिएको र सूचना संकलन गर्ने उद्देश्यले उनीहरूसँग एसएमएसमार्फत कुराकानी भएको बताएका छन् ।

भुटानी शरणार्थी नेता टेकनाथ रिजाल, डा. इन्द्रजित राईले पनि इन्कारी बयान दिएका छन् । रिजालले केशव दुलाल र सानु भण्डारीसँग भेटघाट भएको र उनीहरूकै माध्यमबाट तत्कालीन नेकपाका अध्यक्ष तथा हालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग एकपटक भेटवार्ता भएको बताएका छन् । डा. राईले सानु भण्डारीसँग कुनै रकम लेनदेन नभएको र आफूले तत्कालीन गृहसचिव प्रेमकुमार राईले रकम दिन नभनेको बताएका छन् ।

एमालेले संसद्मा प्रधानमन्त्रीसँग जवाफ माग्ने

काठमाडौं/ प्रमुख प्रतिपक्ष दल एमालेले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रहितविपरीत अभिव्यक्ति दिएको भन्दै संसद्मा जवाफ माग्ने भएको छ । शनिबार बसेको एमाले संसदीय दलको बैठकले प्रधानमन्त्रीसँग जवाफ माग्ने निर्णय गरेको हो ।

प्रधानमन्त्री प्रचण्डले भारत भ्रमणका क्रममा गैरजिम्मेवार र राष्ट्रहितविपरीत अभिव्यक्ति दिएको एमालेको ठहर छ । 'हाम्रो सीमा समस्याका बारेमा बोल्न सक्नुभएन । फूलबारी बन्दरगाहसम्मको रुट माग्ने क्रममा त्यो बाटो दिए नेपालको भूमि दिन तयार छौं भन्ने गैरजिम्मेवार, राष्ट्रहितविपरीत अभिव्यक्ति दिनुभयो । त्यसले देशको गरिमामा आँच आएको छ । सिंगो नेपाली जनताको शिर निहुरिएको छ । यो विषयमा प्रधानमन्त्रीसँग जवाफ माग्छौं,' बैठकपछि एमाले प्रमुख सचेतक पदम गिरीले भने । उनले प्रधानमन्त्रीले भारत भ्रमणको क्रममा देशहितको विषय उठान गर्न नसकेको दाबी पनि गरे । प्रधानमन्त्रीले संसद्मा उठाएका विषय भारत भ्रमणमा नउठाएको उनको दाबी छ ।

'लम्की स्किन' रोगले गाई मर्न थालेपछि चिन्तामा किसान

ताप्लेजुङ/ पछिल्लो समय देशका विभिन्न जिल्लामा गाईगोरुमा लाग्ने 'लम्की स्किन' रोग तीव्र रूपमा फैलिएको छ । ताप्लेजुङका गाउँगाउँमा गाईगोरु मर्ने क्रम बढ्दै गए पनि सम्बन्धित निकायले भने अझै ध्यान दिन सकेको छैन । न प्राविधिक किसानको घरमा पुगेका छन् न त औषधिको नै व्यवस्था गरिएको छ । यो रोग फैलिएको दुई साताभन्दा बढी बितिसक्दा पनि नमुना संकलन गरी परीक्षणका लागि ल्याबमा समेत पठाइएको छैन ।

'लम्की स्किन'का कारण गाईगोरुमा ज्वरो आउने तथा फोका उठ्ने, घाउ हुने तथा फोका फुटेर रगत बग्ने र तयसपछि मर्ने गरेको भेटेरेनरी अस्पताल तथा पशु सेवा केन्द्र सम्पर्क कार्यालय ताप्लेजुङका प्राविधिक अमित माझीले बताए । 'लम्की स्किन' रोगका कारण फुङलिङ नगरपालिका- ६ तीनधारे गाउँका चरणकुमार लम्जेलको करिब एक लाख पर्ने भर्खर ब्याएको लैनो गाई मरेको छ ।

फुङलिङ नगरपालिका वडा नम्बर ६ र १ तीनधारे गाउँका करिब एक सय किसानका गाईगोरुमा 'लम्की स्किन' रोग देखिएको छ । '१५ दिनदेखि गाई भकारोमा लडिरहेको छ, केही गर्दा पनि निको भएन,' स्थानीय कृष्णप्रसाद आचार्यले भने, 'अहिले गाई मर्ने अवस्थामा छ । करिब १४ हजारबराबरको औषधि गरिसकियो ।'

Neelakantha Municipality
Office Of Municipal Executive
Dhadingbesi, Dhading

Invitation For Bids

1st Date Of Publication : 4th June 2023

1. Neelakantha Municipality invites electronic bids from eligible bidders for the execution of below mentioned works under Sealed Quotation Bidding Procedures.
2. The Detailes of projects are tabulated below.Bidding is open to all eligible Nepalese Bidders.

S. N	Identifiction No.	Works Description	Estimated Amount (Without VAT & Contingencies) NRS	Bid Document Fee (NRs)	Bank Address for Bid Document Fee	Bid Security Amount (NRs)	Bank Address for Bid Security Amount	Last Date Of Bid Submission	Bid Validity/ Bid Bond Validity Period
1	NEE/S.Q:-18/079/80	Procurement And Supply Of Surgical Instruments	19,15,994.5	1,000.00	Rastriya Banijya Bank, Dhadingbesi Branch, Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100301010006	57,000	Rastriya Banijya Bank, Dhadingbesi Branch, Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100303000006	18th June,2023 at 12:00 hrs	45 days from last date of bid submission shall be valid for 30 days beyond the validity period of the bid.
2	NEE/S.Q:-19/079/80	Free Essential and Medical Devices Quantification	37,96,326.99	1,000.00		1,13,000.00			

3. Eligible bidder may obtained further information from PPMO's website www.bolpatra.gov.np/egp
4. The Bid will be opened in the presence of Bidder's representative who choose to attened at 18th June,2023 14:00 Hrs at the office of Nelakantha Municipality, Dhadingbesi Dhading
5. Neelakantha Municipality,Dhadingbesi, Dhading reserves the right to accept or reject any bid and annual the process and reject all bids at any time prior to contract award.

Chief Administrative Officer

गर्मीले एक साताका लागि हेटौँडाका सबै विद्यालय बन्द

मकवानपुर/ अत्यधिक गर्मी बढेपछि हेटौँडा उपमहानगर पालिकाभित्रका सम्पूर्ण विद्यालय एक साताका लागि बन्द हुने भएका छन्। गर्मी बढेकाले विद्यार्थीहरूको स्वास्थ्यलाई ध्यानमा राखी उपमहागरपालिकाभित्रका १९ वटै वडाका सम्पूर्ण सामुदायिक तथा निजी विद्यालय बन्द गर्ने निर्णय भएको उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाले जनाएको छ।

महाशाखा प्रमुख गंगाधर रिमालले शनिबार सूचना जारी गर्दै बढ्दो गर्मीबाट विद्यार्थीलाई जोगाउन आइतबारदेखि शुक्रबारसम्म नगर क्षेत्रभित्रका सम्पूर्ण विद्यालयमा बिदा दिने निर्णय गरेको जनाएका छन्। सूचनामा विगत केही दिनअघिदेखि तापक्रममा अत्यधिक वृद्धि भई दैनिक जनजीवनमा प्रत्यक्ष असर परिरहेको र विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा अझै बढी असर परिरहेकाले बर्खे बिदामा कट्टा हुने गरी एक साताका लागि विद्यालय बन्द गर्ने निर्णय भएको उल्लेख छ।

विराटनगरका सबै विद्यालय २३ जेठसम्म बन्द

विराटनगर/ अत्यधिक गर्मी बढेपछि मौसम विज्ञान विभागले लु (तातो हावा) चल्ने जानकारी दिएपछि विराटनगर महानगरपालिकाका सबै विद्यालय २३ जेठसम्मका लागि बन्द भएका छन्।

गर्मी अत्यधिक बढेको भन्दै विराटनगर महानगरले १८ जेठदेखि दुई दिन सामुदायिक र संस्थागत सबै विद्यालय बन्द गर्न निर्देशन दिएको थियो। तर, जल तथा मौसम विज्ञान विभागले लु चल्ने अवस्था कायमै रहेको सूचना सार्वजनिक गरेपछि महानगरले २३ जेठसम्मका लागि समुदायिक र सबै संस्थागत विद्यालय बन्द गर्न निर्देशन दिएको प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र पोखरेलले बताए।

जिल्ला अदालत दोलखामा लक्ष्यको ९९ प्रतिशत मुद्दा फैसला

असार मसान्तसम्म एक वर्ष पुग्ने मुद्दा शून्यमा झार्ने तयारी

दोलखामा **श्याम खतिवडा**

कतिपय न्यायिक निकायमा न्यायसम्पादनको काम ढिलाइ भइरहेको घटना सार्वजनिक भइरहँदा दोलखा जिल्ला अदालतमा भने चालू आर्थिक वर्षमा लक्ष्यको ९९ प्रतिशत मुद्दा फैसला भएका छन्। आर्थिक वर्ष सकिन झन्डै डेढ महिना बाँकी रहँदा दोलखा जिल्ला अदालतले ९९.४० प्रतिशत मुद्दा फैसला गरेको हो।

गत आर्थिक वर्षको समाप्तिसँगै जिल्ला अदालतले चालू आर्थिक वर्षभित्र पाँच सय ८९ मुद्दा फैसला गर्ने लक्ष्यसहितको कार्यतालिका तयार गरेको थियो। सोही कार्यतालिकाअनुसार १८ जेठसम्म पाँच सय चारवटा मुद्दा फैसला गरिसक्नुपर्ने थियो। तर, अदालतले पाँच सय एकवटा मुद्दा फैसला गरेको हो। उक्त संख्या लक्ष्यको ९९.४० प्रतिशत रहेको जिल्ला अदालत दोलखाका न्यायाधीश तथा रजिस्ट्रार उपसचिव शिवकुमार पोखरेलले जानकारी दिए। असार मसान्तसम्म लक्ष्यअनुसारका थप ८८ वटा मुद्दाको फैसला भइसक्ने उनको भनाइ छ।

अदालतमा दर्ता भएका सात सय १३ वटा मुद्दामध्ये यो आर्थिक वर्षमा पाँच सय ८९ मुद्दा फैसला गरिसक्ने तयारी रहेको श्रेस्तेदार पोखरेलले जानकारी दिए। उनले जिल्ला अदालत दोलखाले 'एक मिसन एक भिजन, एक वर्षभित्र न्यायसम्पादन' भन्ने नाराका साथ न्यायसम्पादन गरिरहेको बताए। अदालतले असार मसान्तसम्म एक वर्ष पुग्ने मुद्दा शून्यमा झार्ने तयारी गरेको छ। गत आर्थिक वर्षमा फैसला हुन बाँकी रहेको तीन सय ६१ सहित चालू आवमा नयाँ दर्ता भएका ३५२ गरी जम्मा ७१३ मुद्दा रहेको दोलखा जिल्ला अदालतमा दुई वर्ष नाघेका मुद्दाको संख्या शून्यमा झार्न सफल भएको अदालतले जनाएको छ। दर्ताका आधारमा भने ७०.२६ प्रतिशत फैसला भइसकेका छन्। फैसला हुन बाँकी रहेका दुई सय १२ मुद्दामध्ये एक वर्षभित्र दर्ता भएका २००, एकदेखि डेढ वर्षभित्रका सात र डेढदेखि दुई वर्षभित्रका पाँच मुद्दा छन्।

अदालतले पीडितलाई जतिसक्दो छिटो न्याय दिलाउन यो अभियान नै सञ्चालन गरेको जनाएको छ। श्रेस्तेदार पोखरेलले कुनै दिन ११ वटासम्म मुद्दा फैसला भएको जानकारी दिए। यसअघि दुईजना न्यायाधीशको दरबन्दी रहेको दोलखा जिल्ला अदालतमा मुद्दाको संख्यामा कमी आएसँगै अहिले एक मात्र न्यायाधीश कार्यरत छन्।

सबैभन्दा धेरै सम्बन्धविच्छेदका मुद्दा

अदालतमा धेरैजसो सम्बन्धविच्छेदका मुद्दा पर्ने गरेको श्रेस्तेदार पोखरेल बताउँछन्। त्यसमा पनि अधिकांश महिलाहरूले उजुरी दर्ता गर्ने गरेको पाइएको छ। अदालतका अनुसार सम्बन्धविच्छेदका मुद्दा मात्रै झन्डै ३० प्रतिशत छन्। सकेसम्म त्यस्ता घटनालाई न्यूनीकरण गर्न अदालतले मेलमिलापका लागि अधिकतम प्रयास गरे पनि सफल नभएको पोखरेलले जानकारी दिए। त्यसबाहेक साधारण देवानी, साधारण फौजदारी, सरकारवादी फौजदारी, बन्दी प्रत्यक्षीकरण र निषेधाज्ञाजस्ता विषयमा मिश्रित उजुरी दर्ता हुने गरेको जिल्ला अदालतले जनाएको छ।

लिखु जलविद्युत्को सुरुङको पानी चुहिँदा ४२ घर प्रभावित

रामेछापमा **दीपक भट्ट**

रामेछापमा उमाकुण्ड गाउँपालिका- १ गुम्देलमा एमबी दुगड समूहको लगानीमा निर्माण सम्पन्न भई परीक्षणको क्रममा रहेको ५५ मेगावाट क्षमताको लिखु २ जलविद्युत् आयोजनाको सुरुङको पानी बस्तीमा चुहिँदा ४२ घर प्रभावित भएका छन्। पानी चुहिएको तीन साता बितिसक्दा पनि आयोजनाले प्रभावित क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न कुनै पहल नगरेको भन्दै स्थानीयले कारबाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालय रामेछापमा उजुरी दर्ता गराएका छन्।

रामेछापको उमाकुण्ड-१ गुम्देलको पेकरनासमा हुँदै निर्माण भएको सुरुङमा आयोजनाले पानी परीक्षण गर्दा सुरुङको पानी जतातैबाट चुहिँदा ४२ घरपरिवार बसोवास रहेको उक्त स्थान अहिले जलमग्न छ। पानी चुहिँदा गाउँमा अहिले केही स्थानमा पहिरो जान थालेको र केही घर डुबानमा परेको स्थानीय राजेन्द्र घिमिरेले जानकारी दिए। 'आयोजनाका कारण ४२ घर विस्थापित हुने अवस्थामा छ। स्थानीय बासिन्दा, जनप्रतिनिधि र जिल्लाको नेतृत्व लाग्दा पनि आयोजनाका सञ्चालकले जोखिमका बासिन्दाको विषयमा चासो नदिएपछि जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएका छौं,' उनले भने। प्रशासनले आयोजनाका जिम्मेवार व्यक्तिलाई तत्काल झिकाएर छलफल गराउने आशामा आफूहरू बसेको घिमिरेले बताए।

सुरुङको पानी चुहिएर बस्ती जोखिममा पर्दा पनि आयोजनाले प्रभावित क्षेत्रबाट स्थानीयलाई सुरक्षित स्थानमा सार्ने कार्यमा कुनै चासो देखाएको छैन। आयोजनाका कर्मचारीहरूले भने पानी सुरुङबाट चुहिएको नभई पानीको मूल फुटेको भन्दै पन्छिँदै आएका छन्। अहिलेसम्म आयोजनाका कुनै पनि जिम्मेवार व्यक्ति प्रभावित क्षेत्रमा गएका छैनन्।

आयोजना प्रभावित जोखिम क्षेत्रमा पुगेर फर्केका प्रतिनिधिसभा सदस्य पूर्णबहादुर तामाङले तत्काल प्रभावित क्षेत्रमा बसोवास गर्नेलाई आयोजनाले तत्काल सुरक्षित स्थानमा सार्नुपर्ने अवस्था रहेको बताए। 'आयोजनाले स्थानीयमाथि अत्याचार गरेको रहेछ। बस्तीमा पानी जतातै निस्किरहेको छ, सकै बस्ती पहिरो जाने अवस्था छ। गाउँभरि रुवाबासी चलेको छ, गाउँका नागरिक रातिको समयमा निदाउनसमेत सकेका छैनन्,' उनले भने। आयोजनाले अतिसंवेदनशील विषयमा ध्यान नदिएको र उत्तरदायित्व बहन नगरेकोमा तामाङले रोष प्रकट गरे।

रामेछापकी प्रमुख जिल्ला अधिकारी अनिता निरौलासहितको टोली आयोजना प्रभावित क्षेत्रमा केही दिनअघि पुगेर स्थलगत अनुगमन गरी फर्केको थियो। टोलीले बस्ती जुनसुकै वेला बग्न सक्ने अवस्था देखेपछि जिल्ला प्रशासन कार्यालयले गृहसचिवलाई पत्राचार गरी सुरुङमा पानी पठाउने कार्य तत्कालका लागि बन्द गर्ने व्यवस्थाका लागि आग्रह गरेको थियो। जसअनुसार विद्युत् विकास विभागले मंगलबार बिहान सुरुङ परीक्षणका लागि पठाउँदै आएको पानी लिखु नदीतर्फ फर्काएको छ। तर, सुरुङबाट चुहिने पानीको मात्रा घट्नुको साटो झन् बढ्दै गएको स्थानीयले बताएका छन्।

गुल्मीमा १० महिनामा आठ हजारभन्दा बढी सवारी कारबाहीमा

गुल्मी/ गुल्मीमा १० महिनामा आठ हजारभन्दा बढी सवारीसाधन कारबाहीमा परेका छन्। जिल्ला ट्राफिक प्रहरी कार्यालय गुल्मीका अनुसार आर्थिक वर्ष ०७९/८० को १० महिनामा जिल्लाभर आठ हजार एक सय ५० सवारीसाधन कारबाहीमा परेका हुन्। गत साउनदेखि चैतसम्म ट्राफिक नियमविपरीत सवारीसाधन सञ्चालन गरेका ट्रक पाँच सय ४०, बस पाँच सय २९, जिप/कार तीन हजार तीन सय ३२ वटा, ट्र्याक्टर दुई सय ८९ वटा, मोटरसाइकल तीन हजार चार सय ३४ वटा र अन्य २३ वटा सवारीसाधन कारबाहीमा परेको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

सवारीसाधन कारबाहीबाट ५० लाख ५४ हजार रुपैयाँ राजस्व संकलन भएको छ। आव ०७९/८० को १० महिनाको अवधिमा विभिन्न सवारीसाधनको कारबाहीबाट ५० लाख ५४ हजार राजस्व संकलन भएको छ। आव ०७९/८० को साउन महिनामा ६ सय ४५ सवारीसाधन कारबाहीमा पर्दा तीन लाख ८७ हजार पाँच सय राजस्व संकलन भएको छ। भदौमा आठ सय सवारीसाधन कारबाहीमा चार लाख ६० हजार, असोजमा आठ सय ५० सवारीसाधन कारबाहीमा परेका छन्। जसमा पाँच लाख चार हजार पाँच सय राजस्व संकलन भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय गुल्मीका प्रहरी हवल्दार विष्णु घर्तीले जानकारी दिए। उनका अनुसार कात्तिकमा नौ सय सवारीसाधन कारबाहीमा पाँच लाख २६ हजार, मंसिर महिनामा सात सय ५० सवारी कारबाहीमा चार लाख ३४ हजार पाँच सय राजस्व संकलन भएको छ।

पुस महिनामा आठ सय ५० सवारीसाधन कारबाहीमा पाँच लाख, माघमा नौ सय ५० सवारी कारबाहीमा पाँच लाख ४४ हजार पाँच सय, फागुनमा सात सय ५० सवारी कारबाहीमा ६ लाख २२ हजार पाँच सय र चैतमा आठ सय सवारीसाधन कारबाहीमा परेर पाँच लाख ३० हजार पाँच सय राजस्व संकलन भएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

भरत तालमा 'स्काई साइक्लिङ'

सलाँही/ बागमती नगरपालिकास्थित भरत तालमा मधेस प्रदेशकै पहिलो 'स्काई साइक्लिङ' सञ्चालन गरिने भएको छ। ताल किनारमा निर्माण सम्पन्न भएको 'स्काई साइक्लिङ'को परीक्षण सम्पन्न गरेर सञ्चालनमा आउने अन्तिम तयारीमा रहेको कम्पनीका सञ्चालक गौतम खड्काले बताए।

तारको लट्ठामा झुन्डिएको साइकल चलाएर मनोरञ्जन लिने यस खेल निकै साहसिक मानिन्छ। 'स्काई साइक्लिङ'ले तालमा थप पर्यटक आकर्षित गर्ने अपेक्षा गरिएको छ। 'स्काई साइक्लिङ' जमिन सतहदेखि ३७ फिट उचाइमा दुई सय १३ फिट लामो रहेको खड्काले जानकारी दिए।

८५ लाख लागतमा निर्माण सम्पन्न 'स्काई साइक्लिङ'मा दुईवटा रोप लाइन विस्तार गरिएको छ। यसमा एकपटकमा तीनजनासम्मले साइकल चलाउन सक्ने सञ्चालक कम्पनीले जनाएको छ। नगरको पहिचानका रूपमा निर्माणाधीन रहेको भरत ताल पर्यटन, पर्यावरण, रोजगारीसँगै नगरको आर्थिक उपार्जनको माध्यम बन्दै गएको छ।

भरत ताल पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको समेत आकर्षणको केन्द्र बन्दै गएको छ। भरत तालमा पर्यटकको मनोरञ्जनका लागि तीन दर्जन मोटर बोट र एउटा मिनिक्रुज सञ्चालनमा छन्। यसले तालको सौन्दर्य बढाउनुका साथै पर्यटकलाई आकर्षित गरेको छ। पर्यटकको मनोरञ्जनलाई ध्यान दिँदै ताल परिसरमा थप साहसिक खेलका संरचना निर्माण कार्य भइरहेको बागमती नगरपालिकाले जनाएको छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति: २०८०/०२/२१

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय धनगढी, कैलालीबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा तपाई ऋणीहरुलाई मिति वि.सं. २०७९/१०/०६ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा बैंकको शाखा कार्यालय धनगढी, कैलालीमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

१) कर्जा शिर्षक : सिटिजन्स सवारी कर्जा

ऋणीको नाम र ठेगाना
नाम : जय राज सार्की
बाबु : हरदेव सार्की
बाजे : पत्तो सार्की
ठेगाना : परशुराम न.पा.-४, डडेलधुरा
हाल : परशुराम न.पा.-४, डडेलधुरा
ना.प्र.नं. : ७४१०२३/१०१०
मिति : २०६८/०८/०३
जि.प्र.का. : डडेलधुरा

जमानीकर्ताको नाम र ठेगाना
नाम : पार्वती सार्की
बाबु : ठेसे भुल
पति : जय राज सार्की
ससुरा : हरदेव सार्की
ठेगाना : परशुराम न.पा.-४, डडेलधुरा
हाल : परशुराम न.पा.-४, डडेलधुरा
ना.प्र.नं. : ७४-०२-७३-००५४२
जारी मिति : २०७३/०५/२४
जि.प्र.का. : डडेलधुरा

धितो राखिएको सम्पत्तिको विवरण
धितो सुरक्षण धनीको नाम : सवारी धनी सिटिजन्स बैंक इन्टरनेसनल लि. भई ऋणी जय राज सार्की भएको

क्र.सं.	सवारीको किसिम	इन्जिन नं.	चेसिस नं.	दर्ता नं.	बनेको साल
१.	New Holland Tractor	250301DT	JXT2452951	SU PA PRA 01.002 TA 4816	2018

२) कर्जा शिर्षक : सिटिजन्स सवारी कर्जा

ऋणीको नाम र ठेगाना
नाम : देवी चन्द्र बुढा
बाबु : जंग बहादुर बुढा
बाजे : मनधिरे बुढा
ठेगाना : रिलु गा.वि.स.-८, बर्काङ्ग
हाल : मष्टा गा.पा.-५, बर्काङ्ग
ना.प्र.नं. : ७१००६/६७४
जारी मिति : २०६४/०१/१२
जि.प्र.का. : बर्काङ्ग

जमानीकर्ताको नाम र ठेगाना
नाम : सरोजना ओझा (बुढा)
बाबु : राम बहादुर ओझा
पति : देवी चन्द्र बुढा
ससुरा : जंग बहादुर बुढा
ठेगाना : रिलु गा.वि.स.-८, बर्काङ्ग
हाल : मष्टा गा.पा.-०५, बर्काङ्ग
ना.प्र.नं. : ७१००६/६७५
मिति : २०६४/०१/१२
जि.प्र.का. : बर्काङ्ग

धितो राखिएको सम्पत्तिको विवरण
धितो सुरक्षण धनीको नाम : सवारी धनी सिटिजन्स बैंक इन्टरनेसनल लि. भई ऋणी देवी चन्द्र बुढा भएको

क्र.सं.	सवारीको किसिम	इन्जिन नं.	चेसिस नं.	दर्ता नं.	बनेको साल
१.	New Holland Tractor	304063DT	JXT2530411	SU PA PRA 01.002 TA 5798	2020

३) कर्जा शिर्षक : सिटिजन्स सवारी कर्जा

ऋणीहरुको नाम र ठेगाना
१. नाम : राम बहादुर थापा
बाबु : जय बहादुर थापा
बाजे : जंग बहादुर थापा
ठेगाना : ब्रहमतोला गा.वि.स.-२, बाजुरा
हाल : बुढीगंगा न.पा.-१, बाजुरा
ना.प्र.नं. : ५५६७
जारी मिति : २०५७/०८/२६
जि.प्र.का. : बाजुरा

२.नाम : धना देवी थापा
बाबु : खुम्म बहादुर कटुवाल
पति : राम बहादुर थापा
ससुरा : जय बहादुर थापा
ठेगाना : ब्रहमतोला गा.वि.स.-२, बाजुरा
हाल : बुढीगंगा न.पा.-१, बाजुरा
ना.प्र.नं. : ७०३०२३/३४३
जारी मिति : २०६३/१०/११
जि.प्र.का. : बाजुरा

धितो राखिएको सम्पत्तिको विवरण
धितो सुरक्षण धनीको नाम : सवारी धनी सिटिजन्स बैंक इन्टरनेशनल लि. भई ऋणी राम बहादुर थापा र धना देवी थापा भएको।

क्र.सं.	सवारीको किसिम	इन्जिन नं.	चेसिस नं.	दर्ता नं.	बनेको साल
१.	New Holland Tractor	302462DT	NH2528599	SU PA PRA 01.002 TA 5202	2020

४) कर्जा शिर्षक : सिटिजन्स सवारी कर्जा

ऋणीहरुको नाम र ठेगाना
१. नाम : रंग प्रसाद संजेल
बाबु : कविदत्त संजेल
बाजे : रुद्र दत्त संजेल
ठेगाना : रकु गा.वि.स.-२, कालिकोट
हाल : मोहन्याल गा.पा.-७, कैलाली
ना.प्र.नं. : २८०
जारी मिति : २०४४/०२/०७
जि.प्र.का. : कालिकोट

२.नाम : मेघा बराल संज्याल
बाबु : जयनन्द बराल
पति : रंग प्रसाद संजेल
ससुरा : कविदत्त संजेल
ठेगाना : मोहन्याल गा.पा.-७, कैलाली
हाल : मोहन्याल गा.पा.-७, कैलाली
ना.प्र.नं. : ६७-०६-७८-००९२४
जारी मिति : २०७८/०३/३१
जि.प्र.का. : कैलाली

जमानीकर्ताको नाम र ठेगाना
नाम : सपना संजेल
बाबु : रंग प्रसाद संजेल
बाजे : कविदत्त संजेल
ठेगाना : मोहन्याल गा.पा.-७, कैलाली
हाल : मोहन्याल गा.पा.-७, कैलाली
ना.प्र.नं. : ६७-०६-७५-०२९८३
जारी मिति : २०७५/०४/२५
जि.प्र.का. : कैलाली

धितो राखिएको सम्पत्तिको विवरण
धितो सुरक्षण धनीको नाम : सवारी धनी सिटिजन्स बैंक इन्टरनेसनल लि. भई ऋणी रंग प्रसाद संजेल र मेघा बराल संजेल भएको।

सवारीको किसिम	New Holland Tractor
इन्जिन नं.	SJ327A90084
चेसिस नं.	NHN4710021KS22039
दर्ता नं.	SU PA PRA 01.002 TA 5132
बनेको साल	2020

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय धनगढी, कैलालीमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८०/०३/०४ गते, सोमबार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय धनगढी, कैलाली।

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४४२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

कुमारी बैंक लिमिटेड शाखा कार्यालय भिमाद, तनहुँको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०२/२१ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय भिमाद, तनहुँबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनु पर्ने ऋणकर्जाको सावाँ, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० असार ०४ गते सोमबार**का दिन शाखा कार्यालय भिमाद, तनहुँमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीहरुको विवरण:

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभागमा प्राइभेट फर्म रजिष्ट्रेसन २०१४ बमोजिम रजिष्टर दर्ता नं. १७६२/०६३/०६४ मा दर्ता कायम भई, तनहुँ जिल्ला, साबिक भिमाद गा.वि.स. वडा नं. १ रजिष्टर्ड कार्यालय रहेको **एम.एस.राईस मिल** (प्रोप्राईटर हर्क बहादुर कुमालको नाति, मगन सिहँ कुमाल/पार्वती कुमालको छोरा, वसन्ती कुमालको पती, तनहुँ जिल्ला, मजकोट गा.बि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, भिमाद न.पा., वडा नं. ०४ बस्ने **ज्याम बहादुर कुमाल** (ना.प्र.नं.५५७४२, जारी मिति २०५९/०२/२२, जिल्ला प्रशासन कार्यालय तनहुँ।)

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. हर्क बहादुर कुमालको नाति, मगन सिहँ कुमाल/पार्वती कुमालको छोरा, वसन्ती कुमालको पति, तनहुँ जिल्ला, मजकोट गा.वि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, भिमाद न.पा., वडा नं. ०४ बस्ने **ज्याम बहादुर कुमाल** (ना.प्र.नं. ५५७४२, जारी मिति २०५९/०२/२२, जिल्ला प्रशासन कार्यालय तनहुँ)।
२. चरीकान्छा मालको नातिनी, मान बहादुर माल/सेतीमाया मालको छोरी, मगन सिह कुमाल/पार्वती कुमालको बुहारी, ज्याम बहादुर कुमालको पत्नी, तनहुँ जिल्ला, माझकोट गा.वि.स. वडा नं. ०२ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ०४ बस्ने **वसन्ती कुमाल** (ना.प्र.नं. ४३१०३९/११३०७३, जारी मिति २०६५/११/०८, जिल्ला प्रशासन कार्यालय, तनहुँ)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **ज्याम बहादुर कुमाल**को नाममा मालपोत कार्यालय दमौली, तनहुँमा दर्ता कायम रहेको तनहुँ जिल्ला, साबिक धवादी पार्वतीपुर गा.वि.स./न.पा. वडा नं. ८/ख, स्थित कित्ता नं. १०१ र १०२ को क्षे.फ. क्रमशः २-९-२-२ र १-११-१-२ (रोपनी) जग्गा र ऐ.ऐ.गा.वि.स./न.पा. वडा नं. ८/घ स्थित कित्ता नं. १३७, १४१ को क्षेत्रफल क्रमश ०-६-३-० र ०-६-१-० (रोपनी) जग्गा तथा ऐ.ऐ. गा.वि.स./न.पा. वडा नं. ९/ख स्थित कित्ता नं. १६८ को क्षेत्रफल ०-४-२-० (रोपनी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० असार ०३ गते** भित्र बैंकको शाखा कार्यालय भिमाद, तनहुँमा कार्यालय समय भित्र प्राप्त भई सक्नु प

आलोचनाको घेरामा सञ्जय



सेल्फी लिन आएका आफ्ना फ्यानलाई धकेलेपछि बलिउड स्टार सञ्जय दत्त निकै आलोचित भएका छन् । मुम्बई विमानस्थलमा सेल्फी लिन आएका एक फ्यानलाई सञ्जयले धकेलेको भिडियो सामाजिक सञ्जालमा भाइरल भएको हो । सञ्जय चाँडै नै थलपति विजयको फिल्म 'लियो'मा देखिनेछन् ।

डन-३ मा रणवीर



रणवीर सिंह फरहान अख्तरको फिल्म डन-३ मा देखिने भएका छन् । भारतीय सञ्चारमाध्यमका अनुसार डन फ्रेन्चाइजीबाट शाहरूख खान पछि हटेपछि रणवीर सिंहलाई मुख्य भूमिकामा चयन गरिएको हो । रणवीरले फिल्मको प्रोमो पनि सुट गरिसकेका छन् ।

लामखुट्टेले सार्ने रोगबाट बच्ने उपाय





नवीन रौनियार
कन्सल्टेन्ट फिजिसियन
नेपाल प्रहरी अस्पताल

गर्मीमा लामखुट्टेको टोकाइबाट विभिन्न रोग सर्न सक्छ । फरक प्रजातिका लामखुट्टेले फरक रोग सार्ने खतरा हुन्छ । खासगरी लामखुट्टेको टोकाइबाट मलेरिया, डेंगु, ज्वरो, जापानिज इन्सेफ्लाइटिस, हात्तीपाइले, कालाजारजस्ता सरुवा रोग सर्न सक्छ । लामखुट्टेले रोगी मानिसको शरीरबाट ल्याएको कीटाणु स्वस्थ मानिसमा सार्ने गर्छ ।

कस्ता रोग लाग्छ ?

लामखुट्टेको टोकाइबाट लाग्ने रोगमध्ये डेंगु सबैभन्दा घातक हो । एडिज नामक पोथी लामखुट्टेको टोकाइबाट यो रोग सर्ने गर्छ । डेंगु भएमा ज्वरो आउने, टाउको दुख्ने, मांसपेशी दुख्ने र शरीरका विभिन्न अंगबाट रगत बग्ने हुन्छ । डेंगु चार प्रकारका हुन्छन् । यदि डेंगु सुरुवाती चरणमा छ भने झोलिलो खानेकुरा खाएर आराम गर्नुपर्छ, आफैं निको भएर जान्छ । तर, ज्वरो दोहोरिएको अवस्थामा डेंगुले जटिल समस्याहरू निम्त्याउँछ । चिकित्सकले डेंगुको परीक्षण गरेर बिरामीको अवस्था नियाल्दै उपचार गर्ने गर्छन् ।

एनाफिलिज नामक लामखुट्टेको टोकाइबाट मलेरिया रोग लाग्ने गर्छ । यसको प्रमुख कारण प्यारासाइट प्लाज्मोडियमलाई पनि मानिन्छ । टाउको दुख्नु, बान्ता, ज्वरो आउने, ज्यान दुख्नेजस्ता यसका लक्षण हुन् । समयमै उपचार नगरेमा मलेरियाकै कारण ज्यानसमेत जान सक्छ । पाँच वर्षमुनिका बालबालिका, गर्भवती महिला मलेरियाबाट बढी प्रभावित हुने गर्छन् ।

जापानिज इन्सेफ्लाइटिसले सीधै दिमागमा असर गर्छ । नसा र स्पाइनल कर्डमा समेत असर पुऱ्याउने भएकाले यो रोगलाई निकै घातक मानिन्छ । ज्वरो आउने, टाउको दुख्ने, आँखा रातो हुनेजस्ता लक्षण यो रोग लागेपछि देखिन्छन् । यसको समस्या देखिएपछि शरीरमा अक्सिजनको मात्रा कम हुने भएकाले सास फेर्न गाह्रो हुन्छ ।

बच्ने उपाय

- सरुवा रोगबाट जोगिन लामखुट्टेको टोकाइबाट बच्न आवश्यक छ । त्यसैले घरमा फूल रोप्ने गमलामा पानी जम्न दिनुहुँदैन ।
- सामुदायिक तवरले नै यसको नियन्त्रण गर्नुपर्छ । पानी जमेको ठाउँमा लामखुट्टेले बढी प्रजनन गर्ने भएकाले खाल्डाखुल्डी पुर्नुपर्छ । ढल र पानी जम्ने ठाउँ हप्तैपिच्छे सफा गर्नुपर्छ । पानीलाई जम्न नदिई बग्ने बनाउनुपर्छ । यसले लामखुट्टेको प्रजननमा बाधा पुऱ्याउँछ, जसले नियन्त्रण गर्न सजिलो हुन्छ ।
- राति सुत्दा अनिवार्य रूपमा झुल प्रयोग गर्नुपर्छ ।
- घरका झ्याल-ढोकामा लामखुट्टे छिर्न नसक्ने जाली प्रयोग गर्नुपर्छ ।
- तराई तथा अत्यधिक गर्मी हुने ठाउँमा फुल बाहुला भएको कपडा लगाउनुपर्छ । कतिपयले गर्मी भयो भनेर हाफ बाहुला भएको कपडा लगाउने गर्छन् । तर, लामखुट्टेको टोकाइबाट बच्न अनिवार्य फुल बाहुला लगाएर हिँड्ने गर्नुपर्छ । प्रदूषित ठाउँ तथा झाडीमा जाँदा पनि यस्तो कपडा लगाउनु आवश्यक हुन्छ ।
- लामखुट्टेको टोकाइबाट बच्न एक किसिमको लोसन पाइन्छ । सुत्ने वेलामा जिउमा लोसन लगाउने र बिहान नुहाउने गर्नुपर्छ ।
- लामखुट्टे मार्न टोल-टोलमा विषादी छर्कने गर्न सकिन्छ । तर, यस्तो विषादी पानीको मुहानमा पर्ने गरी छर्कनुहुँदैन ।

अनि स्मार्ट देखिन्छन् स्कुल ड्रेसमा बालबालिका

स्कुल ड्रेससँग बच्चाहरूको भावनात्मक सम्बन्ध हुन्छ । उनीहरूले ड्रेसमा हुँदा आफ्नो विद्यालयको प्रतिनिधित्व गरिरहेका हुन्छन् । तसर्थ, यतिवेला स्मार्ट देखिनु केवल बाहिरी आवरण मात्रै राम्रो हुनु होइन, उनीहरूलाई अनुशासनमा बस्न प्रेरणा मिल्नु पनि हो । बच्चाहरूको आत्मविश्वास बढाउन पनि यसले भूमिका खेलेको हुन्छ ।

फिटिङ : तपाईंको बच्चाले लगाउने कपडा उसको शरीरमा फिट हुन जरुरी छ । अति लुज वा धेरै टाइट पनि हुनुहुँदैन । बच्चालाई लगाउन सहज हुने खालको हुनुपर्छ ।

सफाइ : बच्चालाई सफा रहन प्रेरित गर्नुस् । उनीहरूले कपाल कोरेको, नङ काटे/नकाटेको र दाँत माझे/नमाझेको कुरा ख्याल गर्नुपर्छ । उनीहरूको स्कुल ड्रेस सफा, आइरन गरिएको हुनुपर्छ ।

एसिसरिज : बेल्ट, टाई, हेयरब्यान्डलगायत एसिसरिज स्कुल ड्रेसमा सुहाउँदो हुनुपर्छ । यी एसिसरिज उनीहरूको स्कुल ड्रेसको मापदण्डअनुसार हुन पनि जरुरी छ । आफ्ना बच्चालाई सर्टको टाँक राम्ररी मिलाउन र टाई राम्ररी मिलाउन सिकाउनुस् ।



नवीन लुइँटेल
फेसन डिजाइनर
सेन्ट्रल फेसन हब

जुत्ता : सहज खालका जुत्ता छान्नुपर्छ । त्यसलाई राम्ररी पोलिस गरिएको हुनुपर्छ । बच्चा अलि ठूलो हुँदै गएपछि उसलाई जुत्ता पोलिस गर्न सिकाउनुस् । युनिफर्ममा सुहाउँदो फर्मल जुत्ता हुनुपर्छ ।

व्यक्तित्व विकास : बच्चालाई व्यक्तित्व विकाससम्बन्धी कला सिकाउन आवश्यक छ । राम्ररी प्रस्तुत हुने, आत्मविश्वासका साथ हिँड्ने र विनम्र भाषामा बोल्न सिकाउनुस् ।

स्कुल ब्याग : बच्चाको स्कुल ब्याग पनि सफा र स्मार्ट हुनुपर्छ । ब्यागभित्र किताब र कपीहरू व्यवस्थित रूपमा राख्न सिकाउनुस् ।

आत्मविश्वास : बच्चालाई आत्मविश्वासी बनाउनुस् । मानिसहरूसँग आँखा जुधाएर नम्र भाषामा बोल्न सिकाउनुस् । राम्रो व्यवहार र सकारात्मक सोचले जीवनमा पार्ने प्रभावबारे बुझाउनुस् ।



ऊर्जाशील रहन नियमित मर्निङवाक



नियमित रूपमा हिँड्नुका धेरै शारीरिक तथा मानसिक फाइदा छन् । बिहान समय निकालेर ३० मिनेट मात्रै वाक गऱ्यो भने पनि शरीरका लागि धेरै फाइदा पुग्छ । कार्डियो भास्कुलर एक्सरसाइज हुन्छ । मांसपेशीहरू सक्रिय हुन्छन् । उच्च रक्तचाप भएका मान्छेले पनि मर्निङवाक गर्दा स्वस्थ रहन फाइदा पुग्छ । यसर्थ, बाहिर फ्रेस हावामा हिँड्नु शरीरका लागि धेरै फाइदा हुन्छ ।

शारीरिक फाइदा : रगतमा कोलेस्ट्रोल र ट्राइग्लिसेराइड दुवै नियन्त्रण हुन्छ । कोलेस्ट्रोलले ब्लकेजको काम गर्छ र मुटुसम्बन्धी समस्या निम्त्याउँछ । मुटुरोगीले कम्तीमा ३० मिनेट मर्निङवाक गर्दा फाइदा पुग्छ । वाकिङ गर्दा शरीरमा फ्याट कम हुन्छ । जसले गर्दा कोलेस्ट्रोल, ट्राइग्लिसेराइडसम्बन्धी समस्या कम भएर जान्छ । हाड-जोर्नी र स्पाइनको समस्यामा पनि फाइदा मिल्छ । ढाडमा समस्या भएका मान्छेले चाहिँ समथर ठाउँमा हिँड्नु राम्रो हुन्छ ।

सुगर कन्ट्रोल हुन्छ । वाकिङको सबैभन्दा ठूलो फाइदा फिटनेस हो । नियमित हिँड्नाले तौल नियन्त्रण भएर जान्छ । रोगप्रतिरोधात्मक क्षमताको विकास हुन्छ । खुट्टाको मसल्स पनि बलियो बनाउँछ । शरीर सन्तुलित र लचकदार हुन्छ । बिहान स्वच्छ हावामा हिँड्दा फोक्सोलाई पनि फाइदा पुग्छ ।



विरासन राजभण्डारी
वरिष्ठ फिजियोथेरापिस्ट
काठमाडौं फिजियोथेरापी क्लिनिक

मानसिक फाइदा : बिहान हिँड्दा तपाईंले स्वच्छ हावाको मजा पनि लिन पाउनुहुन्छ । हरियाली, फूल फुलेको ठाउँ तथा प्राकृतिक दृश्यावलोकनले मानसिक स्वास्थ्य सुदृढ बनाउँछ । तनाव घटाउँछ र मुड राम्रो बनाउँछ । हिँड्नाले सामाजिक सक्रियता पनि बढाउँछ । साथीभाइ, परिवार र छिमेकीसँगको अन्तरक्रिया बढ्छ । तपाईंको दिनको सुरुवात नै राम्रो हुन्छ । ऊर्जाशील भइन्छ र मिठो निद्रा लाग्छ ।

नियमित हिँड्ने बानीसँग पर्याप्त पानी पिउने बानी बसाल्नुस् । खानपानमा ध्यान दिनुस् । चिल्लो खानेकुरा बन्द गर्नुपर्छ । बाहिर बनेका खानेकुरा पनि खानुहुँदैन । सकेसम्म घरमा बनाएका खानेकुरा खानुपर्छ ।

कपाल झर्नबाट रोक्न...

कपाल झर्नबाट रोक्नका लागि सबैभन्दा पहिले तपाईंको जीवनशैली व्यवस्थित हुनुपर्छ । भिटामिन, मिनरल्स र प्रोटिनको मात्रा मिलेको सन्तुलित भोजन लिनुस् । फलफूल, हरियो सागसब्जी, गेडागुडी, बदामलगायतमा प्रचुर मात्रामा पोषक तत्त्व हुन्छ । यस्तो सन्तुलित भोजनले कपाल स्वस्थ राख्छ र झर्नबाट रोक्न महत्त्वपूर्ण भूमिका खेल्छ ।



नियमित रूपमा टाउकोमा तेलले समाज गर्नुस् । यसले तपाईंको टाउमा रक्तसञ्चार बढाउँछ र कपाललाई स्वस्थ राख्न सहयोग गर्छ । तोरीको तेल, नरिवलको तेल, आल्मोन्डको तेल वा ओलिभ तेलले समाज गर्न सकिन्छ । स्याम्पु प्रयोग गर्नुभन्दा केही समयअघि मसाज गर्नु राम्रो हुन्छ ।

केमिकलयुक्त प्रडक्ट प्रयोग नगर्नुस् । बजारमा कपाल सफ्ट बनाउने, कलर गर्ने वा स्ट्रेट गर्ने विभिन्न केमिकल पाइन्छन् । तर, यस्ता केमिकलले केही समयपछि कपाललाई असर गर्छ । कपाल बिग्रने, सुक्खा हुने वा झर्ने समस्या देखिन्छ । आफ्नो कपाललाई सुहाउँदो स्याम्पु वा कन्डिसनर प्रयोग गर्न सक्नुहुन्छ । तर, कपाल राम्रो बनाउने नाममा अत्यधिक हिट दिने वा ड्राई गर्ने काम नगर्नुस् ।

घ्युकुमारीको रसले मसाज गर्दा पनि कपाल बलियो बन्छ । यसमा कपाललाई स्मुथ बनाउने, क्षति कम गर्ने र झर्नबाट रोक्न सक्ने गुण हुन्छ । कपाल धुनुभन्दा ३० मिनेटअघि घ्युकुमारीको ताजा रस वा जेलले टाउको मसाज गर्न सकिन्छ । ग्रिन टीको पनि प्रयोग गर्न सकिन्छ ।

अत्यधिक तनावले पनि कपाल झर्ने समस्या देखिन्छ । तसर्थ, तनाव कम लिनुस् । तनाव कम गर्न योगा वा मेडिटेसन गर्ने, आफूलाई मन लागेका काम गर्न सकिन्छ ।

कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८०/०२/२१ गते, आइतबार (नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस संस्थाको तपशिलको ऋणी सदस्यहरुले यस संस्थाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरतकेता गर्दा समेत संस्थालाई तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्तागर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थालाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज र हर्जना रकम समेत बुझाउनुहुन सम्बन्धित ऋणी तथा व्यक्तिगत धन जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस संस्थालाई ऋणी तथा धन जमानीकर्ताहरुले ऋण कर्जाको सुरक्षण वापत लेखिंदिएको धितो, चल-अचल सम्पत्ती समेत धितो लिलाम बिक्री गरी यस संस्थाको सम्पूर्ण लेना रकम असुलउपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस संस्थाको सम्पूर्ण रकम असुलउपर नभएमा वा कथम्कदाचित धितोबाट असुलउपर हुन नसकेमा ऋणी तथा व्यक्तिगत धन जमानीकर्ताहरुको एकाघर सगोल परिवारको नाममा रहेको चलअचल सम्पती तथा अन्य जायजेथा सम्पतीबाट समेत सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन २०७६, प्रदेश सहकारी नियामवली २०७६ तथा प्रचलित कानुन बमोजिम असुलउपर गरी लिने तथा ऋणी तथा व्यक्तिगत धन जमानीकर्ताहरुलाई कालो सूचीमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराईन्छ ।

तपशिल

ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाम र ठेगाना

नाम : गंगा राम कवे
बाबु : कृष्ण गेपाल कवे
बाजे : हिरा गोपाल कवे
ना.प्र नं : १०/२९४७
स्थायी ठेगाना : म.थि.न.पा-१३, भक्तपुर



नाम : कृष्ण गेपाल कवे
बाबु : हिरा गोपाल कवे
बाजे : हिरा लाल कवे
ना.प्र नं : ४१४
स्थायी ठेगाना : म.थि.न.पा-१३, भक्तपुर
नाम : शान्ती कवे
ससुरा : कृष्ण गोपाल कवे
श्रिमान : गंगा राम कवे
ना.प्र नं : २९-०१-०६४-०१२४
स्थायी ठेगाना : म.थि.न.पा-१३, भक्तपुर

धितोको विवरण
धितोको बिवरण : कित्ता नं १७६, क्षेत्रफल ०-०-०-० (वर्ग मिटर) ,भक्तपुर मालपोत म.थि.न.पा-१३, भक्तपुर

नाम : मिलन श्रेष्ठ
बाबु : सुर्य बहादुर श्रेष्ठ
बाजे : कृष्ण बहादुर श्रेष्ठ
ना.प्र नं : २२१०१४/५१९
स्थायी ठेगाना : भिमेश्वर-३, दोलखा



नाम : सुर्य बहादुर श्रेष्ठ
बाबु : कृष्ण बहादुर श्रेष्ठ
बाजे : मेख बहादुर श्रेष्ठ
ना.प्र नं : ३०३/९१९७
स्थायी ठेगाना : भिमेश्वर-३, दोलखा

धितोको विवरण
धितोको बिवरण : कित्ता नं ७७५३ ,७७९३, २२१, ७७५१ ,५८४७ चरिकोट-१, दोलखा

नाम : सन्तोष परियार
बाबु : हुकुम बहादुर नेपाली
बाजे : लिलाधर नेपाली
ना.प्र नं : २१।४०८०३
स्थायी ठेगाना : छायाक्षेत्रय-०८,सल्यान



नाम : विनोद नेपाली
बाबु : हुकुम बहादुर नेपाली
बाजे : लिलाधर नेपाली
ना.प्र नं : २/१/४०८०३
स्थायी ठेगाना : छायाक्षेत्र-०८,सल्यान

धितोको विवरण
धितोको बिवरण : कित्ता नं ३७३, क्षेत्रफल १-८-२-० (७७८.९६ वर्ग मिटर) नगरकोट-९, भक्तपुर

नाम : प्रदिप थापा
बाबु : थमन बहादुर थापा
बाजे : खड्क बहादुर थापा
ना.प्र नं : ४५१०३८-९१७१
स्थायी ठेगाना : राईनास-१४, लमजुङ



नाम : सन्दीप योगी
बाबु : धर्मनाथ योगी
बाजे : यमनाथ योगी
ना.प्र नं : ५२९०३७/३०
स्थायी ठेगाना : श्रिनाथ-०९,दाङ

नाम : रविन सिंह
बाबु : कृष्ण गोपाल महर्जन
बाजे : कृष्ण बहादुर महर्जन
ना.प्र नं : १०७५०९
स्थायी ठेगाना : लुभू-०५, ललितपुर



नाम : सरिता कार्की
बाबु : सेर बहादुर खड्का
बाजे : जित बहादुर खड्का
ना.प्र नं : २४३०२५/५८५
स्थायी ठेगाना : सुनकोशी-६, सिन्धुपाल्चोक



नाम : गोपाल बहादुर कार्की
बाबु : गणेश बहादुर कार्की
बाजे : जगर सिंह कार्की
ना.प्र नं : ७५०८६
ठेगाना : : सुनकोशी-६, सिन्धुपाल्चोक

धितोको विवरण
धितोको बिवरण : कित्ता नं ६४ क्षेत्रफल ०-०-०-० (८३.१६वर्ग मिटर) गोठाटार-६, काठमाण्डौ

नाम : जित बहादुर कार्की
बाबु : भिम बहादुर कार्की
बाजे : जगर सिंह कार्की
ना.प्र नं : ५१७२०
स्थायी ठेगाना : थुम्पाखर-३, सिन्धुपाल्चोक



नाम : साजन कार्की
बाबु : जित बहादुर कार्की
बाजे : भिम बहादुर कार्की
ना.प्र नं : २४१०२५/६००७
स्थायी ठेगाना : थुम्पाखर-३, सिन्धुपाल्चोक

धितोको विवरण
धितोको बिवरण : कित्ता नं ४५०,१०४०,१०४५,१०४६, १०६ थुम्पाखर-३, सिन्धुपाल्चोक

नाम : महेन्द्र पौडेल
बाबु : भिम बहादुर पौडेल
बाजे : जय बहादुर पौडेल
ना.प्र नं : ३९७/७१७५७
स्थायी ठेगाना : तातोपानी-७, सिन्धुपाल्चोक



नाम : चन्द्रा पौडेल
पति : महेन्द्र पौडेल
ससुरा : जय बहादुर पौडेल
ना.प्र नं :
स्थायी ठेगाना : तातोपानी-७, सिन्धुपाल्चोक

धितोको विवरण
गाडी नं : ना २ च २४२७ मोडल नं : १९९९
इन्जिन नं : ६९७D२८MQQ१३६७०१ चेसिस नं : ३६५३५३MQQ१३०३६८

नाम : हरी बहादुर कार्की
बाबु : मिन बहादुर काकी
बाजे : धन बहादुर काकी
ना.प्र नं : ३९७०/८४५५३
स्थायी ठेगाना : मार्मिङ १, सिन्धुपाल्चोक



नाम : फुर्वुटी कार्की
पति : हरी बहादुर काकी
बाबु/ससुरा : मिन बहादुर काकी
ना.प्र नं : २२३००४/३६२
स्थायी ठेगाना : मार्मिङ १, सिन्धुपाल्चोक

धितोको विवरण
गाडी नं : ना २ ख २४३७ चेसिस नं : ३८८०५०FQQ११२८७६
इन्जिन नं : ९९F६२९१८५११ मोडल नं : १९९९

नाम : कुमार तामाङ
बाबु : मान बहादुर तामाङ
बाजे : पञ्चबरि तामाङ
ना.प्र नं : २३९१२/१०७६१७
स्थायी ठेगाना : गाती-३, सिन्धुपाल्चोक



नाम : अविनाश तामाङ
बाबु : मान बहादुर तामाङ
बाजे : पञ्च बहादुर तामाङ
ना.प्र नं :
स्थायी ठेगाना : मार्मिङ-९, सिन्धुपाल्चोक

धितोको विवरण
गाडी नं : ना २ ख ४८६६ चेसिस नं : ००L६२९६९१७८
इन्जिन नं : ३८८०५२MZZ१२४९५५ मोडल नं : २०००

नाम : किरण खड्का
बाबु : धिरज खड्का
बाजे : इन्द्र बहादुर खड्का
ना.प्र नं : १९०५५/९७०३८
स्थायी ठेगाना : तातोपानी-४, सिन्धुपाल्चोक



नाम : सोम बहादुर श्रेष्ठ
बाजे : नजरमान श्रेष्ठ
बाबु : चन्द्र बहादुर श्रेष्ठ
ना.प्र नं : ७४६५/९७९५९
स्थायी ठेगाना : फुल्पीङकट्टी-१, सिन्धुपाल्चोक

धितोको विवरण
गाडी न ना ३ ख ७६६१ चेसिस नं : ३८८३७४GRZ१२४८४५
इन्जिन नं : ८०G६२६९४२९० मोडल नं : २००८

नाम : तोम्बो लामा
बाबु : फुरग्याल लामा
बाजे : ज्याम्लिङ
ना.प्र नं : २४४/६०७४३
स्थायी ठेगाना : लिस्ती-४, सिन्धुपाल्चोक



नाम : कनी शेर्पा
बाबु : तेन्जिङ शेर्पा
बाजे : पोम्बा शेर्पा
ना.प्र नं : ३९३/८५३१२
स्थायी ठेगाना : लिस्ती-४, सिन्धुपाल्चोक

धितोको विवरण
धितोको विवरण : कित्ता नं ४२९,४३८,६३४,६४४,७२४,९९८,१२१९ (भोटेकोशी-१, सिन्धुपाल्चोक)

नामः श्री रामकृष्ण श्रेष्ठ
बाबु: कृष्ण बहादुर श्रेष्ठ
बाजे : जीत बहादुर श्रेष्ठ
ना.प्र.प. नं.: १७४११/१०१७३६
स्थायी ठेगानाः तातोपानी ४, सिन्धुपाल्चोक



नामः सपना श्रेष्ठ
बाबु : कृष्ण बहादुर श्रेष्ठ
बाजे : रामकृष्ण श्रेष्ठ
ना.प्र.प. नं.: १४६६९५
स्थायी ठेगानाः तातोपानी ४, सिन्धुपाल्चोक

धितोको विवरण
गाडी नं.: ग १ च ७१६३ चेसिस नं.: MA७१ABCA६७६६HK४४१४५
मोडल नं.: २००६ इन्जिन नं.: ३०F४४३८९

नाम : केशब श्रेष्ठ
बाबु: मिन बा. श्रेष्ठ
बाजे: चतुरमान श्रेष्ठ
ना प्र प नं.: ४३३३४/११८५५७
स्थायी ठेगानाः घुम्थाङ -०७, सिन्धुपाल्चोक



नामः मिन बा. श्रेष्ठ
बाबु: चतुरमान श्रेष्ठ
बाजे: सिद्धि बा. श्रेष्ठ
ना.प्र.प. नं.:
स्थायी ठेगानाः घुम्थाङ -०७, सिन्धुपाल्चोक

धितोको विवरण
गाडी नं.: ना २ ख ५८६८ चेसिस नं.: ३८८०५०HYZ११२५०६
मोडल नं.: २००१ इन्जिन नं.: १०H६२९९९२५७

नाम : पदम कुमारी कुँवर
बाबु: वृष बहादुर बुढाथोकी
बाजे: कान्छा बुढाथोकी
ना प्र प नं.: 2812
स्थायी ठेगानाः माटी ६, दोलखा



नामः चरित्र कृष्ण गोले
बाबु: धन बहादुर गोले
बाजे: लाल बहादुर गोले
ना.प्र.प. नं.: ११७२
स्थायी ठेगानाः नाम्दु २, दोलखा

धितोको विवरण
गाडी नं.: बा २ ख ४०९० चेसिस नं.: ३८८३७४GRZ१२६५४५
मोडल नं.: २००८ इन्जिन नं.: ८०C६२६९९३७४

नाम : श्याम कुमार बस्नेत
बाबु : खड्क बहादुर बस्नेत
बाजे : पदम बहादुर बस्नेत
ना.प्र नं : २४-०-६९-०१८३२
स्थायी ठेगाना : बार्हबसे-६, सिन्धुपाल्चोक



नामः रुद्र बहादुर बस्नेत
बाबु: पदम बहादुर बस्नेत
बाजे: असमान बस्नेत
ना.प्र.प. नं.: ६२६६५/१२०
स्थायी ठेगानाः बार्हबसे-१, सिन्धुपाल्चोक

धितोको विवरण
गाडी नं.: ना ३ ख ६८४० चेसिस नं.: ३८८३७४BRZ१०७०३७
मोडल नं.: २००८ इन्जिन नं.: ८०B६२६४९७१३

धितोको विवरण
गाडी नं.: ना ६ ख ४५२१ चेसिस नं.: MAT३८८३७८G१C०७१६०
मोडल नं.: २०१६ इन्जिन नं.: ६१C६३५०४१४४

नाम : सुर्जेनारा रन्जीतकार
बाबु : काजी राम रन्जीतकार
बाजे : राम दाश रन्जीतकार
ना.प्र नं : ९६१
स्थायी ठेगाना : भक्तपुर-१, भक्तपुर



नाम : तिर्थराज नेपाल
बाबु : बलराम नेपाल
बाजे : देव बहादुर नेपाल
ना.प्र नं : ८४३३
स्थायी ठेगाना : डुमरबाना-७, बारा

धितोको विवरण
गाडी नं. : ना ५ ख ७७६९ चेसिस नं.: MAT३८८३७८F१C०५४५६
मोडल नं. : २०१५ इन्जिन नं.: ५१C६३४२६८६७

सिन्धु कन्टेनर बचत तथा ऋण सहकारी संस्था लि.
केन्द्रिय कार्यालय : मध्यपुर ठिमी न.पा. ०३, भक्तपुर
फोन नं.: ०१-६६३७२४४/०१-५९१६६१२

छुवाछुतमुक्त राष्ट्र घोषणाका निराशामय १७ वर्ष

छुवाछुतमुक्त राष्ट्र घोषणाको व्यावहारिक कार्यान्वयनका लागि कुनै पनि पार्टीमा रहेका वा नरहेका सम्पूर्ण दलितकर्मीको कार्यमूलक मोर्चा बन्नु आवश्यक छ



● गणेश विश्वकर्मा

अग्रलेख

सन्दर्भ : ऐतिहासिक जनक्रान्ति ०६२/६३ को परिवर्तनले नेपाली राजनीतिलाई नयाँ युगमा प्रवेश गरायो । यति ठूलो परिवर्तनको हिस्सेदार दलित समुदायलाई पनि बनाउनुपर्छ भन्ने मान्यताका आधारमा २१ जेठ, ०६३ मा नेपाललाई छुवाछुतमुक्त राष्ट्र घोषणा गरिएको थियो । यस घोषणामा दलितहरूको देशव्यापी अवस्थासहितको तथ्यांक संकलन गर्ने, दलित समुदायका लागि सम्भावित लक्षित मोडल कार्यक्रमसहितको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाउने, दलितका परम्परागत मौलिक पेसाको औद्योगिकीकरण गर्नेलगायत बुँदा उल्लेख गरिएका थिए । छुवाछुतमुक्त राष्ट्र घोषणाका १७ वर्षको अवधिमा दुईदुईवटा संविधानसभाको निर्वाचनपश्चात् नेपालको संविधान जारी भयो । दुईवटा आमनिर्वाचन अनि दुईवटा स्थानीय तहका निर्वाचन पनि सम्पन्न भए तर दलित समुदायका लागि अपेक्षित उपलब्धि हासिल हुन सकेनन् । छुवाछुतमुक्त राष्ट्र घोषणा भएको १७ वर्षको अवधिमा कालीकोटका करबिरे सुनार, दैलेखका सेते दमाईं, काभ्रेका अजित मिजार, सप्तरीका शिव मण्डल, कालीकोटकी जनप्रतिनिधिसमेत रहेकी मना सार्की, कैलालीकी माया विक, बझाङकी सम्झना विकसहितलगायत १७ जनाको हत्या भयो । केही वर्षअघि झापाको एक दर्जी थरका युवाको प्रहरी हिरासतमै हत्या भयो । अर्घाखाँचीकी कक्षा १० मा अध्ययनरत १५ वर्षीया समिता नेपालीलाई स्थानीय युवा राजु अधिकारीले बलात्कारपश्चात् हत्या गरे । ललितपुरको नख्खु कारागारमा बर्दियाका २१ वर्षीय युवक भक्तबहादुर सुनारको नियोजित रूपमा हत्या भयो । जाजरकोटको नायकबाडामा दलित केटी र गैरदलित केटाबीच विवाह गर्न सम्भव नभएपछि केटीले आत्महत्या गरिन् । सोही जिल्लाको खलंगास्थित राउत गाउँका एक जोडीले अन्तरजातीय विवाह गर्न स्वीकृति नपाउँदा भेरी नदीमा हामफालेर सामूहिक आत्महत्या गरे । यही क्रममा रुकुमपश्चिमका नवराज विकलगायत ६ जना युवाहरूको नरसंहार भयो । लगत्तै शंखलाबद्ध रूपमा रूपन्देहीकी अंगिरा पासीको बलात्कारपछि हत्यासहित २२ जनाको हत्या भयो । यो वर्ष पनि १५ सय शुल्क तिर्न नसकेर एक जना दलित विद्यार्थीले आत्महत्या गरे । हालै बागलुङ नगरपालिका वडा नं. ९ तित्याङनिवासी २३ वर्षीय प्रभात बस्याल (दलित) र म्याग्दी जिल्ला बेनी नगरपालिका वडा नं. ७, की २२ वर्षीया प्रिति घिमिरे (गैरदलित) बीच विगत दुई वर्षदेखि प्रेम सम्बन्ध रहँदै आएकामा आफ्नो प्रेमलाई सार्थक रूप दिँदै भागी विवाह गरी भारतमा बस्दै आएका थिए । नवजोडीलाई केटीका परिवारले 'तिमीहरूलाई पारिवारिक तथा सामाजिक हिसाबले स्वीकार गर्छौं' भन्दै नेपाल आउन अनुरोध गरेपछि उनीहरू म्याग्दी आएलगत्तै केटीका परिवारले केटीलाई बन्धक बनाई लुकाएर षड्यन्त्रपूर्वक केटालाई पक्राउ गराई अपहरण, शारीरिक बन्धक र जबरजस्ती करणीजस्ता झुटा मुद्दामा फसाइएको छ । यसरी मुलुकलाई छुवाछुतमुक्त राष्ट्र घोषणापछि तत्कालीन नेकपाको झन्डै दुई तिहाईको सरकार बन्यो । ३ जना कम्युनिष्ट अर्थमन्त्री बने भने कांग्रेसले पटकपटक सरकार बनायो । तर, राज्यका तर्फबाट यति महत्त्वपूर्ण घोषणा कार्यान्वयनको कुनै योजना बनाएको नदेखिँदा दिन्छु भन्ने खसी, दिने फर्सी त्यो पनि पर्सि भन्ने उखान सार्थक भएको छ ।

छुवाछुतमुक्त राष्ट्र घोषणा कार्यान्वयनमा उदासीनता : करोडौंको सपना बोकेको यो घोषणा कार्यान्वयनका सन्दर्भमा अग्रगामी अवधारणा र नेपाली समाजमा रहेका आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा विद्यमान अन्तरविरोध मूल चुनौतीका रूपमा खडा हुन पुगे । हामीले नेपाली राजनीतिको वैचारिक पक्ष हल गरेको भए पनि सामाजिक तथा आर्थिक पक्ष हल गर्न सकेका छैनौं । हाम्रो देशमा अझै पनि भाग्यवाद र ब्राह्मणवादमा आधारित अन्धविश्वास र चिन्तन जस्ताको त्यस्तै रहेका छन् । जातपातमा आधारित र विभाजित धर्म र संस्कार छ, यसले एउटा जातमा जन्मिएपछि अर्को पेसामा जान नपाउने गरी परम्परागत रूपमा बाधा पुऱ्याइरहेको अवस्था छ । हाम्रो संस्कारमा बाहुन भनेको खाली चिन्तनमनन र पुरोहित्याइँ गर्ने, क्षत्रीहरू लडाइँ गर्ने र वैश्यले व्यापार गर्ने र श्रमिक अर्थात् शूद्रले अपहेलित भएर बस्ने भन्ने जुन हजारौं वर्षदेखिको मनुवादी चिन्तन छ, यो जातपातको प्रणाली हाम्रा निम्ति अत्यन्त ठूलो बाधक छ । जबसम्म यस्तो जातपात प्रथा र श्रमलाई यसरी विभाजित गर्ने परम्परा व्यवहारतः अन्त्य गर्न सकिन्न, त्यति वेलासम्म हामीले देशको विकास गर्न सक्दैनौं समृद्धि त अझ टाढाकै विषय हो । यसबीच उल्टै सम्मानित अदालतले दलितमाथि तरमाराको आरोप लगायो भने समावेशी आयोगले यसलाई संस्थागत गर्ने दुष्प्रयास गऱ्यो ।

पन्ध्रौं शताब्दीमा मार्टिन लुथर किंगको समयमा युरोपको क्याथोलिक चर्च हाम्रो हिन्दूधर्मजस्तै अत्यन्तै जड थियो । त्यसलाई लुथरले सुधार गरे र त्यहींबाट सुरु भएको पुनर्जागरण औद्योगिक क्रान्ति हुँदै प्रबोधनतर्फ अगाडि बढ्यो । तर, हामीले भने यो अमानवीय जातपात प्रथालाई अहिलेसम्म अन्त्य गर्न सकेका छैनौं । अम्बेडकरले जातपातको



विनाश भन्ने पुस्तकमा जबसम्म जातपातलाई जरैदेखि उन्मूलन गरिँदैन, त्यतिवेलासम्म हामीले हिन्दूधर्मलाई मात्रै अँगालेर देश विकास हुन सक्दैन भन्ने निष्कर्ष निकालेका छन् । यसर्थ, वैचारिक परिवर्तनसँगै आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तनमा पनि जोड दिनुपर्छ । हजारौं वर्षको सामन्तवाद अभ्यासको दौरानमा मानिसको स्वभाव र संस्कृति भएर दलितमाथिको शोषण, उत्पीडन, छुवाछुत र अपहेलन जारी रहेको छ । यस्तो गम्भीर विभेदकारी समस्या जादुको छडी चलाएजस्तो तुरुन्तै समाप्त हुन सम्भव छैन । यसका लागि हामी सबैले केही न केही गर्नु जरुरी छ ।

> राजनीतिक नेतृत्वले १७ वर्षअघि नै घोषणा गरेको तर कार्यान्वयनमा आउन नसकेको छुवाछुतमुक्त समाज र दलित आरक्षणको विषयलाई लिएर सम्मानित अदालतले दलितमाथि तरमाराको आरोप लगायो भने समावेशी आयोगले यसलाई संस्थागत गर्ने दुष्प्रयास गऱ्यो

नीति तथा कार्यक्रम र बजेट : नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट आइसकेको छ । संयुक्त राजनीतिक दलित संघर्ष समितिका तर्फबाट २१ मार्चको अवसरमा आयोजित भव्य कार्यक्रममा दलित आन्दोलनका २१ बुँदे माग ग्रहण गर्दै सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले दलितबारे सर्यौं वर्ष सम्झनलायक ऐतिहासिक घोषणा गर्ने भन्दै गरेको सार्वजनिक प्रतिबद्धता पानीको फोकाझैं हुन पुगेको छ । २१ बुँदे सुझावमा आगामी ०८०-९० को अवधिलाई 'दलित अधिकार दशक' घोषणा गर्नुपर्ने, तीनवटै तहमा प्रत्येक वर्ष 'छुवाछुतमुक्त राष्ट्र कार्यान्वयन अभियान' सञ्चालन गर्नुपर्ने माग समेटिएको छ । त्यसैगरी, २१ जेठलाई दलित अधिकार दिवस घोषणा गरी सार्वजनिक बिदा दिनुपर्ने, हालको दलित विकास समितिलाई 'दलित विकास प्राधिकरण' बनाई गठन गर्ने सुझाव पनि पत्रमा समावेश गरिएको छ । हालै राष्ट्रिय सभाबाट पारित दलितसम्बन्धी सङ्कल्प प्रस्तावलाई कार्यान्वयनको मार्गचित्रसहित बजेट विनियोजन गर्न, दलित समुदायको उत्थान र विकासलाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा घोषणा गर्दै दलित उद्यम विकास कोष स्थापना गर्न, काठमाडौंको विजेश्वरीस्थित समाज विकास छात्रावासलाई राज्यको दायरामा ल्याई त्यसलाई केन्द्रीय दलित छात्रावास तथा दलित अनुसन्धान केन्द्रका रूपमा विकास गर्न पनि राज्यलाई घच्चच्याउने काम पनि सुझाव पत्रमा गरिएको छ । दलितलाई अनिवार्य रूपमा निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था गर्न, दलित समुदायका दीर्घरोगीलाई राज्यले निःशुल्क उपचारको व्यवस्था र अंग प्रत्यारोपण गर्नुपर्ने भएमा पूर्ण रूपमा निःशुल्क गर्न एक 'दलित स्वास्थ्य उपचार कोष' स्थापना गर्न, स्थानीय तहलाई मुक्त हरवाचरवाको तथ्यांक संकलन गरी पुनःस्थापनाको प्याकेज घोषणा गर्न पनि यसमा सुझाव दिइएको छ । नेपालको संविधानको मौलिक हकको मुख्यतः धारा २४ र ४० तथा अन्य धारामा व्यवस्था गरिएका दलित हक, अधिकार र कानुनी व्यवस्थालाई समेटेर 'दलित एकीकृत कानुन' निर्माण गर्ने, "एक दलित घरपरिवार एक रोजगारी, एक दलित बस्ती एक सहकारी बिसे नगर्जी सहकारी अभियान" घोषणा गर्न, दलित समुदायका परम्परागत पेसामा सहभागी दलितको सीप परीक्षण गरी एक मान्यता प्राप्त जयपृथ्वी सिप विकास विश्वविद्यालय स्थापना गर्न, दलित समुदायको समग्र विकासका लागि एक दलित बस्ती एक डाक्टर, एक वकिल र एक शिक्षक उत्पादन गर्न विशेष छात्रवृत्ति कार्यक्रम घोषणा गर्न पनि माग गरिएको थियो ।

निष्कर्ष : नेपालको संविधानको पूर्ण कार्यान्वयन गर्दा होस् या त्यसको जगमा घोषणा गरिएका छुवाछुतमुक्त राष्ट्र घोषणा कार्यान्वयनको विषय होस्, दलित समुदाय र सरकारको हैसियतबीचको अन्तरविरोधले भावी राजनीतिको चरित्र, प्रवाह र परिणामको दिशा निर्धारण गरेको हुन्छ । नेपालको कर्मचारी प्रशासन, सुरक्षा निकाय र न्याय क्षेत्रमा रहेका व्यक्तिहरूको मुख्य निर्णायक हिस्सा अहिले पनि जातव्यवस्थालाई संस्कारका रूपमा लिएर आएका पञ्चायतबाट प्रशिक्षितहरूले गरेका र दलितबारे यथास्थितिवादी ढंगले सोच्ने राजनीतिप्रति बफादार भएका व्यक्तिहरूबाट चलेको छ । जातपात र छुवाछुतविरोधी नयाँ पुस्ताबाट विकसित दलित समुदायका व्यक्तिहरू राज्यका निर्णायक भूमिकामा नभएकाले स्थायी सरकारका रूपमा रहेको कर्मचारीतन्त्रले छुवाछुतमुक्त घोषणा कार्यान्वयनमा सबैभन्दा ठूलो बाधा उत्पन्न गरे । छुवाछुतमुक्त राष्ट्र घोषणाको व्यावहारिक कार्यान्वयनका लागि कुनै पनि पार्टीमा रहेका वा नरहेका सम्पूर्ण दलितकर्मीको कार्यमूलक मोर्चा बन्नु अत्यावश्यक छ । साथै नयाँ संविधानमा सुनिश्चित भएका हक अधिकारको व्यावहारिक कार्यान्वयन गर्न आफ्नै सामाजिक बहिष्करणमा पारिएका अन्य समुदाय महिला, जनजाति, मधेसी, मुस्लिम, अल्पसंख्यक, मजदुर र किसानसँग समेत संयुक्त मोर्चा बन्नु पनि त्यत्तिकै आवश्यक छ । नेपाली दलित राजनीतिको तत्कालीन रणनीति भनेको गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशी सिद्धान्त र संघीयताको रक्षा गर्दै दलित अधिकार सुनिश्चित गर्न अग्रगामी परिवर्तनका लागि समाजवादउन्मुख सामाजिक न्यायसहितको समृद्धिको यात्राको सक्रीय यात्री बन्नुको विकल्प छैन ।

(लेखक नेकपा समाजवादीका पोलिटब्युरो सदस्य तथा दलित मुक्ति संगठनका केन्द्रीय अध्यक्ष हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **झलक सुवेदी**लाई



कांग्रेसलगायत राजनीतिक दलका भ्रातृ संस्थाले लामो समय नेतृत्व नपाउनुले राजनीतिमा कस्तो प्रभाव पर्ला ?

यसले पार्टी र तिनका भ्रातृ संस्थामा नयाँ रिक्रुटको सम्भावना कमजोर बनाउँछ । जसले सम्बन्धित संस्थालाई कमजोर बनाउँछ र जनतासितको सम्पर्कबाट टाढा बनाउँछ ।

भ्रातृ संस्थाको नेतृत्व चयनमा पार्टीको मूल नेतृत्व किन उदासीन देखिएका होलान् ?

कुनै पनि राजनीतिक दलको नेतृत्वले आफू पार्टी नेतृत्वमा जानुअघि शक्ति आर्जन गर्न पार्टीका भ्रातृ संस्थालाई उपयोग गर्छन् । तर, जब उनीहरू नेतृत्वमा पुग्छन्, त्यसपछि उनीहरूको मुख्य ध्यान पदमा कसरी टिकिरहने भन्ने विषयमा केन्द्रित हुन्छ । यसका लागि उनीहरू आफूअनुकूल, आफूले भनेको मान्ने र आज्ञाकारी नेतृत्वलाई पार्टीका भ्रातृ संस्था जिम्मा लगाउन चाहन्छन् । यस्तोमा आफूअनुकूल भ्रातृ संस्थाको नेतृत्व चयन हुने अवस्था देखियो भने उनीहरू तिनको महाधिवेशन गराउन तयार हुन्छन्, अन्यथा यसलाई अल्झाइरहन र 'टीके नेतृत्व' जन्माउन चाहन्छन् । अहिले कांग्रेसमा देखिएको समस्या पनि त्यही हो । सभापति देउवाले पार्टीका भ्रातृ संस्थाको नेतृत्व चयनमा अलमल गर्नुको कारण पनि यही हुन सक्छ ।


यसले दलीय नेतृत्व तयारीमा 'भ्याकुम' सिर्जना गर्न सक्ने सम्भावना कति देख्नुहुन्छ ?

परम्परागत पार्टीहरूमा नियमित प्रक्रिया र भ्रातृ संगठनबाहिरबाट नेतृत्वमा पुग्ने विधि र बाटो निर्माण गरिएको देखिन्न । पार्टी विधि र प्रक्रियाबाहिरबाट सोझै नेतृत्वमा पुग्ने 'ल्याटरल इन्ट्री' खुला राख्ने हो भने पार्टीहरूको नेतृत्व विकासमा समस्या हुँदैन । नत्र संकट सिर्जना हुन पनि सक्छ ।

प्रेरक प्रसंग

आइन्स्टाइनको सफलताको सूत्र

महान् वैज्ञानिक अल्बर्ट आइनस्टाइन आफ्ना साधारणदेखि महत्त्वपूर्ण कुनै पनि काममा अत्यन्त गम्भीरतापूर्वक खटिन्थे र सफलता प्राप्त नगरुन्जेल त्यसबाट विश्राम लिँदैनथे । एकपटक आइनस्टाइन एउटा शोधपत्र लेख्दै थिए । केही समयको अथक मिहिनेतपछि उनले त्यसलाई पूर्णता दिए । शोधपत्रको पूर्णतापछि उनले जब त्यसलाई च्याप्न क्लिप खोजे, तर कतै भेटेनन् । उनले सम्भाव्य सबै ठाउँमा खोजे, तर कतै पनि पेपर क्लिप भेटेनन् । तैपनि, निराश नभई उनले खोजीकार्य जारी राखे । खोज्दै जाँदा उनले कोठाको कुनामा बिग्रेर फालिएको एउटा थोत्रो क्लिप भेटे । कागज च्याप्न नमिल्ने गरी बिग्रेको पेपर क्लिप भेटेपछि आइनस्टाइन खुसी भए । उनी सोही क्लिप बनाउन लागिपरे । उनी पेपर क्लिप मर्मतमा जुटिरहेकै समयमा उनका सहयोगी आइपुगे । आइनस्टाइन एउटा बिग्रेको सामान्य क्लिप मर्मतमा दत्तचित्त भई लागेको देख्दा उनी छक्क परे ।



कोठाको एउटा कुनामा राखिएको दराजबाट एक बट्टा पेपर क्लिप निकालेर आइनस्टाइनलाई दिँदै सहयोगीले भने- महाशय, हामीसित प्रशस्तै पेपर क्लिप छन् । हजुर बेकारमा त्यो थोत्रो क्लिप मर्मतमा आफ्नो ऊर्जा खेर फालिरहनुभएको छ । त्यसलाई फालिदिनुहोस् । यिनै नयाँ क्लिप प्रयोग गर्नुहोस् । आइनस्टाइनले आफ्ना सहयोगीको कुरामा ध्यान दिएनन् । कामको धुनमा सायद उनले सहयोगीको कुरा सुन्दै सुनेनन् कि जस्तो लाग्दै थियो । लगातारको अथक प्रयासपछि उनले क्लिप मर्मतमा सफलता पाइछाडे र त्यसैबाट शोधपत्र च्यापे । अनि, आफ्ना सहयोगीलाई बोलाएर भने- लक्ष्य सानो होस् वा ठूलो, जहिल्यै निरन्तर त्यसमा लागिरहनुपर्छ । कहिल्यै विचलित हुनुहुन्न । अनि मात्र सफलता हात पर्छ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

के हुँदै छ भुटानी शरणार्थी प्रकरण ?

उच्च राजनीतिक नेता टोपबहादुर रायमाझी, बालकृष्ण खाणलगायत कर्मचारी र बिचौलियाको मिलेमतोमा नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाइएको प्रकरण अहिले कहाँ र कस्तो अवस्थामा छ ? छानबिन सकियो या रोकियो ? जनतालाई सत्य के हो, प्रस्ट पार्नौं । अदालतमा नेताहरूको मिलोमतोमा भ्रष्टाचारीलाई बचाउने गल्ती कसैले नगरौं, देशप्रति बफदार बनौं । प्रधानमन्त्री प्रचण्डले पनि यो अवसरको सदुपयोग गर्न सके भने उनका विगतका गल्ती कमजोरी जनताले भुल्नेछन् । हिजोसम्म तँ-तँ र म-म भएका एमाले अध्यक्ष केपी ओली, कांग्रेस सभापति शेरबहादुर देउवा र प्रधानमन्त्री प्रचण्डको भुटानी शरणार्थी प्रकरणबारे पटक-पटक कुराकानी भएको समाचार आइरहेको छ । यस्तो अवस्थामा अदालतमा पुगिसकेको मुद्दा कमजोर बनाउने खेल कतैबाट पनि नहोस् ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

कांग्रेसको भद्रगोल कहिलेसम्म ?

'कांग्रेसका भ्रातृ संस्था भद्रगोल, न नेतृत्व हस्तान्तरण, न संघीयताअनुसार संरचना' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो । आज पार्टी नेतृत्वको अकर्मण्यताका कारण हामी कार्यकर्तालाई कांग्रेस हौं भनेर हिँड्न पनि लाज लाग्ने अवस्था भइसकेको छ । पार्टीका भ्रातृ संस्थाको हालत हेर्दा रुन मन लाग्छ । पार्टीमा दुई युवा महामन्त्री, केही सहमहामन्त्री र उपाध्यक्ष चुनिएर आउनुभएको छ । तर, उहाँहरूले पनि भाषणबाजी मात्र गर्नुभयो । यसरी चल्ला त कांग्रेसजस्तो ऐतिहासिक पार्टी ?

● **गोविन्द वाइबा**
चिप्लेढुंगा, पोखरा

कांग्रेस नेतृत्वलाई केही प्रश्न

१. कांग्रेस नेतृत्वले यो पार्टी अपुतालीमा पाएको हो ? २. पार्टी नेतृत्वले लाखौं कार्यकर्ताप्रति जवाफदेही बन्नुपर्दैन हो ? ३. म नै पार्टी हुँ भन्ने दम्भले पार्टी चल्ला ? ४. पार्टी भनेको देशभरका नेता, कार्यकर्ताको फराकिलो मञ्च हो कि सीमित व्यक्तिहरूको घेरा ? ५. पार्टी नेतृत्वले किचन क्याबिनेटबाहिर पनि पार्टीमा बफादार नेता, कार्यकर्ता छन् भन्ने थाहा पाएको छैन हो ? ६. सत्ताबाहेक केही नदेख्ने पदलोलुप नेतृत्वले पार्टीलाई गति दिन सक्ला त ?

● **अमृता मगर**
पुतलीबजार, स्याङ्जा

कृषिले कहिले प्राथमिकता पाउला ?

आर्थिक गतिविधिप्रति बेखबर ग्रामीण क्षेत्रका बहुसंख्यक किसानले वन्यजन्तुको आतंक झेल्दै आएका छन् । आफूले उत्पादन गरेको दूध, तरकारी आदिको बजार नपाएर आफ्नो जमिन बाँझो राख्न बाध्य छन् । साथै, उनीहरू आफ्नो पुख्यौंली पेसा त्याग्न बाध्य हुँदै गएका छन् । कृषि क्रान्ति वा आर्थिक क्रान्तिको वकालत गर्ने हाम्रा पार्टीहरू, शीर्ष नेतृत्व र रैथाने नेताहरूको यस सम्बन्धमा ध्यान पुगेको देखिँदैन । अझै तिनीहरूसँग यस सम्बन्धमा ज्ञान नै छैन भन्दा पनि फरक पर्दैन । कृषि बजारको व्यवस्थापन स्थानीय निकायले पनि गर्न सक्छ र यसमा ठूलो लगानी आवश्यक पनि देखिँदैन । केन्द्र र प्रदेश सरकारले वन्यजन्तु नियन्त्रण र कृषिजन्य वस्तुको आयात नियन्त्रणका लागि प्रभावकारी योजना/नीति ल्याइदिने र स्थानीय सरकारले आफ्नो क्षेत्रमा भएका उत्पादनको बजारीकरण गरिदिन थोरै मद्दत गरिदिए दुई-चार महिनाभित्रै नतिजा निस्किन्छ र केही हदसम्म युवाको वैदेशिक पलायन पनि रोकिन सक्छ । यस दिशामा नयाँ खुलेका र परम्परागत पार्टीका युवा भनिने पुस्ताका नेताको समेत ध्यान पुग्न सकेको देखिँदैन । देशको आर्थिक संकटको अल्पकालीन, दीर्घकालीन समाधान खोज्ने हो भने युवापुस्ताले आआफ्नो नेतृत्वलाई यसतर्फ ध्यानाकर्षण गराउनैपर्छ । क्रान्तिकारी भाषण, उडन्ते गफ र खोक्रो आडम्बरले मात्र परिवर्तन सम्भव छैन ।

● **रामकृष्ण पराजुली**, लामोसाँघु, सिन्धुपाल्चोक
rakipali2025@gmail.com

जलवायु पहलकदमी पश्चिमा जगत्को विषयान्तर

जलवायु नीति तर्जुमाबारे सार्वभौम राज्यलाई पाठ पढाउने पश्चिमा राष्ट्रका विधायकले उत्सर्जनका मुख्य कारक अमेरिका र युरोपलाई बिर्सेका छन्



देश/विदेश

● अली रसिद अल नुआइमी

जलवायु परिवर्तन एक जटिल मुद्दा हो, जसले दक्षिणी गोलार्धका मुलुकमा गम्भीर प्रभाव पारिरहेको छ । सन् २०३० भित्र अधिकांश साना विकासशील द्विप राज्यले जलवायुसम्बन्धी प्रकोपमा आफ्नो कुल गार्हस्थ उत्पादनको सय प्रतिशत हिस्सा गुमाउनेछन् । त्यसैगरी, वैश्विक हरित गृह ग्यास उत्सर्जनमा चार प्रतिशत पनि हिस्सा नहुने अफ्रिकाका ५४ मुलुकले तात्दै गएको विश्वमा सबैभन्दा विकराल परिणाम व्यहोर्नेछन् । बढ्दो तापमानले अरब विश्वको जीवनलाई पनि खतरामा पारिरहेको छ । जोर्डनमा खानेपानीको हाहाकार छ र खाडी मुलुकमा प्रचण्ड गर्मीको लहर आइरहेका छन् । इजिप्टले सन् २०१७ मा संयुक्त राष्ट्र जलवायु परिवर्तन सम्मेलन (कोप २७) आयोजना गरेको र यस वर्ष युएईले यो सम्मेलनको आयोजना गर्नुको प्रमुख कारणमध्ये क्षेत्रीय र विश्वव्यापी स्तरमा महत्त्वपूर्ण रूपान्तरण हो । नोभेम्बर र डिसेम्बरमा दुबईमा हुने कोप २८ लाई सफल बनाउन युएईले सबैसँग खुला र इमानदार छलफल गर्ने प्रतिबद्धता जनाएको छ ।

युएईले नवीकरणीय ऊर्जा, वातावरण संरक्षण र जलवायु प्रविधिमा समर्थन र लगानी गर्न आफ्नो रणनीतिक छनोटका लागि कोप २८ को अध्यक्षका रूपमा सुल्तान अल जाबेरलाई नियुक्त गरेको छ । यस निर्णयले धेरैको ध्यान खिचेको छ किनभने अल जाबेर विश्वकै कार्बन न्युट्रल एवं अन्तर्राष्ट्रिय नवीकरणीय ऊर्जा निकायको गृहनगर मस्दर सहरका प्रमुख हुन् । यसका अतिरिक्त जाबेर उद्योग एवं उन्नत प्रविधि मन्त्रालयका व्यवस्थापकीय निर्देशक पनि हुन् । र, उनी अबुधाबी नेसनल अइल काम्पनीका प्रमुख कार्यकारी अधिकृत हुन् ।

केही अभियन्ता र अमेरिका तथा युरोपका सानो संख्याका तर मुखर सांसदको समूहले कोप २८ को जिम्मेवारीमा 'तेल कम्पनीका हाकिम' किन भनेर प्रश्न गरेका छन् । यीमध्ये धेरै नीति निर्माताले जलवायु वार्तालाई शून्य-योगको खेल अर्थात् एउटाको घाटामा मात्रै आर्काको नाफा हुने खेलमा जोड दिइरहेका छन् । यो तप्काले विश्व तापमान वृद्धिविरुद्धको लडाइँलाई सहकार्यबाट व्यावहारिक जलवायु समाधानतर्फ नलागी मुद्दालाई विषयान्तर गर्न अल जाबेरको नियुक्तिलाई लिएर राजनीतिक चाल चल्ने प्रयास गरिरहेको छ ।

गत साता अमेरिकी कांग्रेस र युरोपेली संसद्का सदस्यले अमेरिकी राष्ट्रपति जो बाइडेन, युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डर लेयन र संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसलाई कोप २८ अध्यक्षबाट अल जाबेरलाई हटाउन आग्रह गर्दै पत्र पठाएका छन् । यो माग कुनै गलत काम वा पदीय भूमिकाप्रतिको प्रतिबद्धतामा खोट छ भन्नेमा आधारित थिएन, बरु यो माग जलवायु परिवर्तनसँग जुध्न र आर्थिक वृद्धि कायम राख्नका लागि संयुक्त विश्वव्यापी प्रयासको मूल्यमा राजनीतिक लाभ हासिल गर्ने हत्कण्डा थियो ।

विधायकले गम्भीर प्रयासविनै राजनीतिक पूर्वाग्रही मत व्यक्त गर्नुको साटो आफ्ना निर्वाचन क्षेत्रका लागि उत्कृष्ट सम्भावित परिणाम सुनिश्चित गर्नुपर्छ । यहाँनेर त अमेरिकी र युरोपेली विधायक एक सार्वभौम निर्णयमा अन्तर्राष्ट्रिय हस्तक्षेपको पैरवी गरिरहेका छन् । यसले पश्चिमा मुलुकले दक्षिणी गोलार्धका सरकारमाथि हस्तक्षेप गरेर आन्तरिक राजनीतिक लाभ उठाउने प्रवृत्तिको आवृत्ति झल्काउँछ ।

यसबाहेक जलवायु परिवर्तनको सबैभन्दा ठूलो मारमा परेका अन्यायमाथि अन्याय झेलिरहेको, उपनिवेशवाद र दोहनको सिकार भएका दक्षिणी गोलार्धका



तस्बिर : गोडोड/युनिभर्सल इमेजेस ग्रुप

मुलुकलाई पश्चिमा जगत्ले नीतिगत पाठ पढाउने प्रवृत्तिले विश्व तापमान वृद्धिलाई हेर्ने नजरियामा ठूलो अन्तर निम्त्याइरहेको छ । चीन र भारतजस्ता उदीयमान अर्थतन्त्रले अर्बौं मानिसलाई आर्थिक अवसर उपलब्ध गराउन जलवायु पहललाई सन्तुलनमा राख्नुपर्छ । यद्यपि, चीन र भारत दुवैले विश्व तापमान वृद्धि घटाउन र त्यसलाई अनुकूलन गर्न पर्याप्त लगानी गरेका छन् । चीनले त विश्वमा नवीकरणीय ऊर्जा उत्पादन र प्रयोग गर्ने सबैभन्दा ठूलो सामर्थ्य निर्माण गरेको छ । यी दुई देश सौर्य र वायु क्षमतामा विश्वव्यापी रूपमा अग्रणी स्थानमा छन् । सन् २०१७ यता प्रत्येक वर्ष विश्वमा थपिएका नयाँ सौर्य र वायु ऊर्जामा ४० प्रतिशतभन्दा बढी योगदानमा यी दुई मुलुकको हात छ । यी दुवै मुलुकमा विश्वका अन्य मुलुकमा झैं जीवाश्म इन्धनको प्रयोग पनि भइरहेको छ, तर यी मुलुकले ९६ प्रतिशत औसत इन्धन खपतलाई ८३ प्रतिशतमा झारेका छन् । झन्डै तीन अर्ब जनसंख्या भएका यी दुई मुलुक विश्वकै ठूला र तीव्र अर्थतन्त्र हुन् र यिनको आवश्यकतालाई उपेक्षा गर्न मिल्दैन ।

जलवायु नीति कसरी तर्जुमा गर्ने भनेर सार्वभौम राज्यलाई पाठ पढाउने यी विधायकले ऐतिहासिक उत्सर्जनको ठूलो हिस्साका लागि अमेरिका र युरोप जिम्मेवार छन् भन्ने बिर्सेका छन् । जलवायु पहलकदमीका लागि प्रतिबद्ध मुलुकको निर्णय प्रक्रियामा हस्तक्षेप गर्नुको साटो यी विधायकले आफ्ना सरकारले गरेका जलवायु प्रतिबद्धता पूरा गर्न दबाब दिनुपर्छ । हाल अमेरिका र युरोपले आफ्नो जीवाश्म-इन्धन पूर्वाधार विस्तार गरिरहेका छन् र आफूसमेत सहमत भएर जलवायु परिवर्तनका प्रभाव कम गर्न बनाइएका अन्तर्राष्ट्रिय कोषमा पर्याप्त योगदान दिन सकिरहेका छैनन् ।

ऊर्जा संक्रमणबारे हुने कुनै पनि बहसका सूक्ष्मता र संयुक्त पहलका लागि इमानदार प्रतिबद्धता चाहिन्छ । तर, यो सम्भव देखिँदैन किनभने केही राजनीतिज्ञ चर्चाका लागि खोक्रा लोकप्रियतावादी अभिव्यक्ति दिनमा बढी केन्द्रित छन् । जलवायु परिवर्तन यथार्थ हो र मूर्त एवं व्यावहारिक समाधान रोक्ने राजनीतिक तमासा पनि यथार्थ हो । यदि हामी विश्व तापमान वृद्धिलाई साँच्चै सम्बोधन गर्न चाहन्छौं भने विभाजन र विषयान्तरको पासोलाई रोक्नैपर्छ ।

(अल नुआइमी संयुक्त अरब इमिरेट्सका संघीय राष्ट्रिय परिषद्का सदस्य हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

शैक्षिक क्रान्तिको अग्रपंक्तिमा सियरालियोन

विश्वभर प्राथमिक विद्यालयमा हुनुपर्ने लगभग ६ करोड बालबालिका विद्यालयबाहिरै छन्



● निकोलस क्रिस्टोफ

कुनै पनि हतास अभिभावकले अलिमाटु सिसेजस्ता सन्तानको कामना गर्छन्। अत्यन्त उत्साही यी १६ वर्षे किशोरीसँग पाठ्यपुस्तक खरिद गर्ने हैसियत छैन, तर उनी आफ्ना धनी सहपाठीसँग पाठ्यपुस्तक मागेर हरेक रात सडकबत्तीमा अध्ययन गर्छिन्, किनभने उनको भिडभाडयुक्त सानो झुपडीमा बिजुली बत्ती छैन।

अलिमाटु सात सन्तानमध्ये एक हुन्। उनको बुबाको मृत्यु वर्षौंपहिले भएको थियो, आमा निरक्षर छिन्। पैसा नभएर उनले कहिलेकाहीं भोकै विद्यालय जानुपर्छ। तर, सियरालियोनमा जारी शैक्षिक क्रान्तिका कारण वकिल बन्ने यी मेधावी छात्राको सपना पूरा हुने बाटोमा अग्रसर छ। (वकिल बनेपछि आमालाई एउटा घर किन्दिन्छु भन्छिन् उनी।)

सियरालियोन सरकारले सन् २०१८ मा विद्यालय शुल्कमा प्रतिबन्ध लगायो, जसले अलिमाटुका अभिभावक र अन्य लाखौंलाई विद्यालयमा उपस्थित हुने अवसर दियो। सरकारले विद्यालयमा शारीरिक दण्डलाई पनि गैरकानुनी बनाउँदै शिक्षामा लगानी बढाएको छ। राष्ट्रिय बजेटको २० प्रतिशतभन्दा बढी शिक्षाका लागि छुट्याइएको छ। परिणामस्वरूप भर्नामा ५० प्रतिशतले वृद्धि भएको छ र शिक्षाको गुणस्तरमा पनि स्पष्ट सुधार देखिएको छ। यसबाट गरिब बालबालिका सबैभन्दा बढी लाभान्वित भएका छन्।

निर्मम ११ वर्षे गृहयुद्ध नसकिँदै सुरु भएको सन् २०१४ देखि ०१६ सम्म विस्तारित इबोला महामारीबाट तँग्रिन नपाउँदै कोरोनाको वैश्विक महामारीसमेत खेपेको सियरालियोनले कसरी एक विपन्न मुलुक पनि दृढ संकल्प र नेतृत्वद्वारा शिक्षा क्षेत्रलाई समतामूलक बनाउन समर्थ हुन सक्छ भन्ने उदाहरण प्रस्तुत गरेको छ। अन्य देशले सियरालियोनका जर्जर अवस्थाका विद्यालयबाट केही कुरा सिक्न सक्छन्।

सियरालियोनको उत्तरी क्षेत्रको एक ग्रामीण सडकछेउ मैले थुप्रै केटाकेटी स्कुलको दिनमा समेत खेतबारीमा काम गरिरहेको देखें। मैले उनीहरूसँग कुराकानी गरें। उनीहरूले स्कुल छोड्नुको एउटा कारण विद्यालयको शुल्क तिर्न नसक्दा बारम्बार सबैका सामु पिटाइ खानु र कक्षाकोठा बाहिर निकालिनु रहेको पाए। 'सार्वजनिक विद्यालयमा विद्यालय शुल्क तिर्न नसक्दा सधैं छडी खानुपर्छ ? के यस्तो हर्कत गैरकानुनी होइन ?' मैले एक १६ वर्षे विद्यार्थी इसासँग प्रश्न गरें। उनले सहमतिमा टाउको हल्लाए। 'तर, शिक्षकलाई यो गैरकानुनी हो भन्न डर लाग्छ मलाई। प्रतिवाद गरे स्कूलबाट निकाल्दिन्छन्,' उनले भने।

यसपटक म मेरो वार्षिक भ्रमणमा छु, जसमा मैले विश्वव्यापी समस्या र तिनका समाधानबारे अर्का एक विद्यार्थीसँग कुरा गरें, जो येलका नवस्नातक म्याडी बेन्डर थिए। कुराकानीलाई शिक्षामै केन्द्रित गरियो। किनकि विश्वभर प्राथमिक विद्यालयमा हुनुपर्ने लगभग ६ करोड बालबालिका विद्यालयबाहिरै छन्। माध्यमिक वा उच्च विद्यालय जान नपाउनेको संख्या योभन्दा अझ धेरै छ।

सियरालियोनले साहसिक र दृढतापूर्वक शैक्षिक समस्याहरूको सामना गरिरहेको छ, तर राजधानीका घोषणा इसाहरूका गाउँसम्म पुग्न सकेका छैनन्। 'विद्यालयका एक अधिकारी कक्षाकोठामा आउँछन्। शुल्क तिर्न नसकेका बालबालिकालाई अगाडि आउन भन्छन् र पूरै कक्षाका सामु प्रत्येकलाई ६ लौरो बर्साउँछन्,' उनले भने।

उनको कक्षाका ५२ विद्यार्थीमध्ये २४-२५ जना समयमै शुल्क नतिरेका कारण पिटिने गरेको उनी बताउँछन्। 'पिटाइका कारण केही केटाकेटी नराम्रो रुन्छन्। अभिभावकलाई विद्यालयको शुल्क तिर्न लगाउन बालबालिकालाई पिटिन्छ,' उनले थपे।

प्राथमिक तहमा अध्ययनरत इसाका कान्छा भाइले पनि विद्यालयको शुल्क नतिरेको भन्दै आफूलाई पनि पटक-पटक कुटपिट गर्ने गरिएको बताए। उनका अनुसार उनको कक्षामा



> सरकारले विद्यालयमा शारीरिक दण्डलाई पनि गैरकानुनी बनाउँदै शिक्षामा लगानी बढाएको छ। राष्ट्रिय बजेटको २० प्रतिशतभन्दा बढी शिक्षाका लागि छुट्याइएको छ। शिक्षाको गुणस्तरमा पनि स्पष्ट सुधार देखिएको छ।

अध्ययनरत ३५ विद्यार्थीमध्ये १५ जनालाई समयमै शुल्क नतिरेको भन्दै कोर्रा लगाउने गरिएको छ। यस्तो कुरा सुनेपछि म उक्त केटाको प्राथमिक विद्यालयमा गएँ, जहाँ शिक्षक एवं कर्मचारीले शुल्क लिने गरेको एवं पिट्ने गरेको दुवै कुरा इन्कार गरे। उनीहरूको इन्कार पत्याउन सकिने खालको थिएन। किनभने प्रत्येक शिक्षकको डेस्कमा एउटा-एउटा बेतको छडी राखिएको थियो। इसाको हाईस्कुलमा पनि विद्यार्थीलाई यातना दिने गरिएको कुरा उसैगरी इन्कार गरियो। मैले विद्यालय प्रशासनसँग कुरा गरें, जुन रजिस्टरका आधारमा कसलाई छडी लगाउने भन्ने कुरा निर्धारण गरिन्छ भनेर मलाई विद्यार्थीले भनेका थिए, त्यो रजिस्टर पुस्तिका अवलोकन गर्ने अनुमति लिए। दर्ता पुस्तिकामा प्रत्येक बच्चाको सूची थियो, जसमा शुल्क तिर्ने र नतिर्नेलाई छुट्याइएको थियो। दर्जनबढी शिक्षकसँग कुराकानी गर्दा एक जोडी शिक्षकले भने सरकारी अनुदान अपर्याप्त भएकाले शिक्षकलाई तलब दिने अन्य उपाय नभएको तर्क गर्दै विद्यार्थीबाट शुल्क लिने गरिएको कुरा घुमाउरो तरिकाले स्वीकार गरें।

आधा दर्जन गाउँमा थुप्रै दिन लगाएर गरिएको कुराकानीमा मसँग कुरा गरेका सबै बालबालिका र अभिभावकले आफूहरूलाई विद्यालय शुल्क, पुस्तक शुल्क, खाजा शुल्क वा भर्ना शुल्कजस्ता नाममा शुल्क तिर्न बाध्य पारिने गरेको बताए। लगभग हरेकजसो ग्रामीण विद्यालयका विद्यार्थीले शुल्क नतिरेको कारण आफूमाथि छडी बर्साउने गरिएको बताए। अदामासे नाउँकी एक १३ वर्षीया किशोरीको कुरा सुन्दा मेरो हृदय भक्कानियो, जसको आमाको यसै वर्ष मृत्यु भएको थियो। जसका कारण, उनी शुल्क तिर्न सक्ने स्थितिमा छैनन्। त्यसैले प्रत्येकपटक शुल्क तिर्न विलम्ब हुँदा उनले सम्पूर्ण कक्षाको सामु पाँच लौरो खानुपर्छ।

आफूले देखेको कुराबारे सोध्न मैले सियरालियोनका राष्ट्रपति जुलियस माडा बायोसँग भेटवार्ता गरे, जो जारी शिक्षा कार्यक्रमका आर्किटेक्ट हुन्। उनी दुःखी देखिए। तर, उनले यसलाई इन्कार गरेनन्। उनको दुखेसो थियो, 'विपन्नताका कारण तिनलाई कोर्रा हानियो !' उनले परिवर्तनमा समय लाग्ने र यस्ता दुर्व्यवहार अन्त्य गर्न सरकार प्रतिबद्ध रहेको बताए।

३६ वर्षे मोइनिना डेभिड सेन्घी ऊर्जावान् शिक्षा मन्त्री हुन्। उनी सियरालियोनको विद्यालय शिक्षा क्रान्तिको एक महत्त्वपूर्ण व्यक्ति हुन्। उनी हार्वर्डका स्नातक र एमआइटीका विद्यावारिधि हुन्। सेन्घीसँग डेटा साइन्स र प्रोस्थेटिक्सका थुप्रै पेटेन्ट छन्। उनी आफ्नो खाली समयमा कृत्रिम अंगका सकेट डिजाइन गर्न सघाउँछन्।

सन् २०१८ मा राष्ट्रपति बायोले सेन्घीलाई देशको प्रमुख नवप्रवर्तन अधिकारी बनाउन बोलाए, जतिखेर उनी आइबिएमको अनुसन्धानमा काम गरिरहेका थिए। त्यसपछि उनी शिक्षामन्त्रीमा नियुक्त भए। सेन्घीले भर्खरै 'रेडिकल इन्क्लुजन' नामक पुस्तक प्रकाशित गरेका छन्, जसलाई बिल गेट्सले 'पढ्नैपर्ने' पुस्तकका रूपमा प्रशंसा गर्दै विद्यालय शिक्षा सुधारमा सियरालियोनका प्रयास र सेन्घी दुवैलाई प्रकाशमा ल्याइदिए। तर, इतिहास विपन्न देशका शिक्षामा पहुँच सुधार गर्ने प्रयासका असफलताले भरिएको छ। शुल्कमा प्रतिबन्ध लगाउन सजिलो छ, तर सार्वजनिक विद्यालय प्रणालीको खर्च जुटाउने नयाँ तरिका फेला पार्न कठिन छ। घानाले सन् १९६१ मै शुल्क अन्त्यको घोषणा गरेको हो, त्यसपछि केही अफ्रिकी देशले उसको अनुशरण गरे। परिणामतः भर्नामा विस्तार त भयो, तर विद्यालयले आयस्रोत गुमाउँदा र पढाउनुपर्ने विद्यार्थीको संख्यामा वृद्धि साक्षात्कार गर्दा गुणस्तरमा गिरावट आयो।

शिक्षाको गुणस्तर विश्वव्यापी रूपमा नै ठूलो समस्या रहेको छ। विश्व बैंकको अनुमानअनुसार विपन्न र मध्यम आययुक्त मुलुकका १० वर्षका ७० प्रतिशत बालबालिकाले साधारण पाठ नै पढ्न सक्दैनन्। नाइजेरियामा सातदेखि १४ वर्ष उमेर समूहका तीन चौथाइ बालबालिकाले साधारण वाक्य पढ्न सक्दैनन्। सियरालियोनले सजग अनुसन्धान र सुधारिएको विधि र जवाफदेहिताका साथ शिक्षकको संख्या र गुणस्तर वृद्धिमा लगानी गरेर यो पासोबाट बाहिर निस्किने प्रयास गरिरहेको छ। मेरो दृष्टिमा सियरालियोनका सबैभन्दा महत्त्वपूर्ण पहलहरूमध्ये यादृच्छिक नियन्त्रित परीक्षणहरूको शृंखला (सिरिज अफ च्यान्डोमाइज्ड कन्ट्रोल ट्रायल्स) एक हो। यसले विद्यालय शिक्षाका विभिन्न दृष्टिकोणको परीक्षण गर्छ। हामी संसारभरको शिक्षा सुधारमा मद्दत गर्न सक्ने केही कुरा सियरालियोनबाट सिक्न सक्छौं।

यसैबीच, अलिमाटुले पढाइमा राम्रो गर्दै छिन्। तर, उनीसँग केवल एक थान मात्रै विद्यालय पोसाक छ, त्यो पनि दुई वर्ष पुरानो। यसलाई उनले स्नातक पूरा नहुँदासम्म थप एक वर्षका लागि टिकाउनुपर्नेछ। उनीसँग मोजा पनि एकजोडा मात्रै छ र त्यो पनि त्यही पोसाकसँगै आएको हो। उनी यसको बढो जतन गर्छिन्। किनकि मोजा हरायो भने उनको पोसाक अपूर्ण हुनेछ र उनलाई विद्यालयमा छिर्न दिइनेछैन।

हामी सबैका अलिमाटुजस्ता बालबच्चा होऊन्, जसले कहिल्यै मोजा हराउँदैनन् र आफ्ना सपना पूरा गर्ने मार्गतर्फ अग्रसर रहन्छन्। मलाई आशा छ, सियरालियोनको शिक्षा क्रान्तिले आफ्नो प्रतिज्ञा पूरा गर्नेछ र त्यो क्रान्ति विदेशमा संक्रामक हुनेछ। त्यसले सबै मुलुकमा अलिमाटुजस्ता बच्चालाई तिनका जीवन र मुलुकको रुपान्तरण गर्न शिक्षा प्राप्तिको अवसर दिनेछ।

(दुईपटक पुलित्जर पुरस्कार प्राप्त गरिसकेका क्रिस्टोफ न्युयोर्क टाइम्सका स्तम्भकार हुन्)

न्युयोर्क टाइम्स

चीनको अन्तरिक्ष सपना : पहिले चन्द्रमा, त्यसपछि मंगलग्रह

चीनले यसै साता पहिलो गैरसैन्य अन्तरिक्षयात्रीको एक टोलीसहित आफ्नो तियाङगोङ अन्तरिक्ष स्टेसनतर्फ नयाँ अभियान सफलतापूर्वक प्रक्षेपण गरेको छ। संयुक्त राज्य अमेरिका र रुससँग बराबरी गर्ने यो पछिल्लो प्रक्षेपण अन्तरिक्ष अभियानमा चीनका लागि कोसेढुंगा साबित भएको छ। चीनको अन्तरिक्ष कार्यक्रम र त्यसका नेतृत्वकर्ताबारे यहाँ संक्षिप्त चर्चा गरिएको छ।

माओको प्रतिज्ञा

सन् १९५७ मा सोभियत संघले स्पुतनिक प्रक्षेपण गरेलगत्तै चिनियाँ नेता माओत्सेतुङले भनेका थिए, 'हामी पनि अन्तरिक्षयान बनाउनेछौं।' यसका लागि चीनलाई एक दशकभन्दा बढी समय लाग्यो।

तर, सन् १९७० मा चीनले 'लङ मार्च' रकेटबाट आफ्नो पहिलो भूउपग्रह प्रक्षेपण गऱ्यो। मानवयुक्त अन्तरिक्ष अभियानका लागि अझ दशकौंको समय लाग्यो। सन् २००३ मा यांग लिवेई पहिलो चिनियाँ अन्तरिक्षयात्री बनेसँग चीनको मानवसहितको अन्तरिक्ष अभियान सुरुवात भयो।

प्रक्षेपणको समय नजिकिँदै गर्दा यो अभियान सफल हुन्छ कि हुँदैन भन्ने चिन्ताका कारण बेइजिङले अन्तिम मिनेटमा आएर प्रत्यक्ष टेलिभिजन प्रसारण रद्द गरेको थियो। तर, याङले २१ घन्टाको उडानमा १४ पटक पृथ्वीको परिक्रमा गरेर सफलताको इतिहास रचे।

वर्षौंको प्रयासपछि चीनले अन्ततः अमेरिका र रुसलाई भेट्टाउन खोजेको देखिन्छ

अन्तरिक्ष स्टेसन र 'जेड च्याबिट'

अमेरिका र रुसको पदचाप पछ्याउँदै चीनले पृथ्वीको कक्षमा आफ्नै अन्तरिक्ष स्टेसन (केन्द्र) बनाउने योजनाको सुरुवात गऱ्यो। चीनले प्रयोगात्मक अन्तरिक्ष केन्द्र 'तियाङगोङ-१' सन् २०११ मा प्रक्षेपण गरेको थियो। सन् २०१३ मा दोस्रो चिनियाँ महिला अन्तरिक्षयात्री वाङ यापिङले देशभरका बालबालिकाका लागि उक्त अन्तरिक्षयानबाटै भिडियो कक्षा लिएकी थिइन्।

तियाङगोङ-१ चिकित्सा प्रयोगका लागि पनि उपयोग गरिएको थियो र सबैभन्दा महत्त्वपूर्ण कुरा त यी परीक्षण मूलतः स्थायी अन्तरिक्ष केन्द्र निर्माणको तयारीका लागि लक्षित थिए।

त्यसपछि सन् २०१३ मा 'जेड च्याबिट' नामक चन्द्रयान प्रक्षेपण गरियो। सुरुमा केही संकेत पठाइरहेको यो यान पछि निष्क्रिय भयो र पृथ्वीमा संकेत पठाउन छाडेको थियो। तर, नाटकीय रूपमा पुनर्जीवित हुँदै यो यानले ३१ महिना (जुन यसको अपेक्षित आयुभन्दा धेरै हो) सम्म चन्द्रमाको सतहको सर्वेक्षण गर्ने काम गऱ्यो।



सन् २०१६ मा चीनले अन्तरिक्षको कक्षमा आफ्नो दोस्रो 'अर्बिटल ल्याब' तियाङगोंग-२ प्रक्षेपण गऱ्यो। यो अन्तरिक्ष प्रयोगशाला भ्रमण गरेका अन्तरिक्षयात्रीले त्यहाँ धान फलाउने र अन्य बोटबिरुवा हुर्काउने प्रयोग गरेका छन्।

अन्तरिक्ष सपना

राष्ट्रपति सी जिनपिङको नेतृत्वमा चीनको 'अन्तरिक्ष सपना'लाई साकारा पार्ने योजनाले तीव्रता पाएको छ। वर्षौंका कोसेढुंगापछि चीनले अन्ततः अमेरिका र रुसलाई भेट्याउन खोज्दै गरेकोजस्तो देखिन्छ। चीनले यसै साता अन्तरिक्ष स्टेसनबाहेक सन् २०३० सम्म मानिसलाई चन्द्रमामा अवतरण गर्ने आफ्नो लक्ष्य रहेको कुरा दोहोऱ्याउँदै चन्द्रमामा आधार शिविर नै निर्माण गर्ने योजना रहेको बताएको छ। सन् २०१७ मा सञ्चार उपग्रहलाई चन्द्रमाको कक्षामा स्थापना गर्ने यान लिएर जाने लङ मार्च-५वाई२ नामक शक्तिशाली रकेटको प्रक्षेपण असफल भएपछि चीनको चन्द्र अभियान स्थगित भएको थियो।। यसले सन् २०१७ को मध्यपछि चन्द्रमाबाट नमुना संकलन गर्ने योजनासहित प्रक्षेपणको मिति तय भएको चाङ-५को प्रक्षेपण स्थगित गर्न बाध्य पाऱ्यो। अर्को रोबोट चाङ-४ सन् २०१९ को जनवरीमा चन्द्रमामा अवतरण गऱ्यो। जुन इतिहासमै पहिलो थियो।

चाङ-५ अन्ततः २०२० मा चन्द्रमाको सतहमा चिनियाँ झन्डा फहरायो चन्द्रमामा अवतरण गऱ्यो, र अन्तरिक्ष अभियानको चार दशकमा पहिलोपटक चन्द्रमाको नमुना पृथ्वीमा लिएर फर्कियो। सन् २०२१ मा चीनको तियानवेन-१ अभियानले मंगलग्रहको सतहमा एउटा यान सफलतापूर्वक उतारेको थियो।

अन्तरिक्षको दरबार

अन्तरिक्ष स्टेसन तियाङगोङ (जसको अर्थ स्वर्गजस्तो दरबार भन्ने हुन्छ)को अन्तिम भाग गत वर्ष नै मूल संरचनासँग सफलतापूर्वक जोडिएको छ। चिनियाँ समाचार संस्था सिन्हुवाका अनुसार यस अन्तरिक्ष केन्द्रमा 'विश्वको पहिलो अन्तरिक्षमा आधारित चिसो आणविक घडी प्रणाली'लगायत थुप्रै अत्याधुनिक वैज्ञानिक उपकरण पुऱ्याइएका छन्।

अन्तरिक्षमा लामो समयसम्म मानव उपस्थिति कायम गर्ने चीनको महत्त्वाकांक्षालाई मनन गर्दै तियाङगोङ कम्तीमा १० वर्षसम्म तल्लो पृथ्वीको कक्षमा ४०० देखि ४५० किलोमिटर (२५०देखि २८० माइल)को बीचको रहने अपेक्षा गरिएको छ।

यसलाई तीन अन्तरिक्षयात्रीको घुम्ती टोलीले सञ्चालन गर्नेछन्। यी अन्तरिक्षयात्रीले त्यहाँ नयाँ-नयाँ प्रविधिको परीक्षणमा सघाउ गर्ने विभिन्न वैज्ञानिक प्रयोग गर्नेछन्। मंगलबारको प्रक्षेपणपछि तियाङगोङको अर्को अभियान सेन्झाउ-१७ अक्टोबरमा प्रक्षेपण गर्ने अनुमान गरिएको छ।

- एजेन्सी

इतिहासमा आज



सन् १९८९ : चीनको तियानमेन स्क्वायरमा भएको नरसंहारमा हजारौंको मृत्यु। राइफल र ट्यांकको प्रयोग गरेर चिनियाँ सेनाले प्रजातन्त्र समर्थक प्रदर्शनमा भाग लिएका निहत्था नागरिकको नरसंहार गरे।

सन् १९८९ : दोस्रो विश्वयुद्धपछि पोल्यान्डमा पहिलोपटक स्वतन्त्र निर्वाचन सम्पन्न। पोल्यान्डको ट्रेड युनियन 'सोलिडारिटी'को ऐतिहासिक विजय र क्रान्तिको लहरले साम्यवादको पतन भयो।

सन् १९१७ : पहिलो पुलित्जर पुरस्कार प्रदान गरियो। यो पुरस्कार जोसेफ पुलित्जरले स्थापित गरेका थिए।

सन् १९७५ : आफ्नो यौन अपिल र दक्षताका साथै मानवीय कार्यका लागि परिचित अमेरिकी अभिनेत्री एन्जेलिना जोलीको जन्मदिन।

सन् १९७० : टोंगाले ब्रिटिस राष्ट्रमण्डलबाट स्वतन्त्रता हासिल गऱ्यो।

सन् १९४२ : दोस्रो विश्वयुद्धअन्तर्गत मिडवेको युद्धमा जापानी सेनालाई अमेरिकी सेनाले पराजित गरेको थियो।

'तनाव न्यून गर्न चीनसँग वार्ता आवश्यक'

न्युयोर्क/ अमेरिकाले दुई महाशक्ति राष्ट्रबीच द्वन्द्व निम्त्याउन सक्ने 'असमझदारी'बाट बच्न चीनसँग वार्ता गर्नु 'आवश्यक' भएको बताएका छ। अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले सिंगापुरमा सम्पन्न रक्षा शिखर सम्मेलनको अवसरमा चिनियाँ समकक्षी ली साङफुलाई भेटका लागि निमन्त्रणा गरेका तर बेइजिङले अस्वीकार गरेको अमेरिकी रक्षा मन्त्रालय, पेन्टागनले जनाएको छ। चिनियाँ प्रतिनिधि मण्डलका एक सदस्यले आफ्ना मन्त्रीमाथिको अमेरिकी प्रतिबन्ध हटाउनु वार्ताका लागि पूर्वसर्त भएको बताएका छन्। 'विशेषगरी अमेरिकी र चिनियाँ रक्षा तथा सैन्य नेताबीच सञ्चारको खुला रेखा आवश्यक छन्,' उनले भने, 'हामी जति धेरै वार्ता गर्छौं, त्यति नै हामी संकट वा द्वन्द्व निम्त्याउन सक्ने परिणाम र गलत अनुमानबाट बच्न सक्छौं।'

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालयः चावहिल २, काठमाण्डौ
फोनः ०१-४४९२२४८/४०८

शाखा कार्यालयः दमक, झापा
फोनः ०२३-५८४७४९/६९०

को

शाखा कार्यालय चावहिल २, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०२/२१ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय चावहिल २, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०७८/०८/२३ गतेको नयाँ पत्रिका तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना मिति २०७९/०१/१४ गतेको नागरिक र मिति २०७९/१२/१० गतेको अन्नपूर्ण पोस्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

अमि नारायण अधिकारीको नाति, गुरु प्रसाद अधिकारीको छोरा, झापा जिल्ला, लखनपुर गा.वि.स. वडा नं. ५ स्थित स्थाई ठेगाना भएको **महेन्द्र अधिकारी (ना.प्र.प.नं. २३१११८३५, झापा)**

व्यक्तिगत जमानतकर्ताको विवरण

गुरु प्रसाद अधिकारीको बुहारी, महेन्द्र अधिकारीको पत्नी, झापा जिल्ला, लखनपुर गा.वि.स. वडा नं. ५ स्थित स्थाई ठेगाना भएको **तुलसा अधिकारी (ना.प्र.प.नं. ०४२०४३/२७७, झापा)**

धितोमा रहेको सम्पतिको विवरण

१. **महेन्द्र अधिकारीको** नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको मधुमल्ला गा.वि.स. वडा न. ६ ङ स्थित कि.नं. ४५३ र ४५८ को क्रमशः क्षेत्रफल ०-५-७-० र ०-४-१३-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. **महेन्द्र अधिकारीको** नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, दमक नगरपालिका वडा न. १५ स्थित कि.नं. १४४ को क्षेत्रफल १६४.९० व.मि. को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

३. **साबिक कैलास विकास बैंक लिमिटेड हाल प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा चाताचात व्यवस्था विभागमा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन:**

क्र.सं.	सवारीको मोडल	इन्जिन नं.	च्यासिस नं.	दर्ता नं.
१	Toyota HiAce KDH222R-LEMDY-2015	2KD- A901023	JTFSS22P500151500	बा ४ च ९०५६

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/०२/२१ गते आइतवारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोस्वरी, काठमाण्डौ तथा शाखा कार्यालयहरु चावहिल २, काठमाण्डौ र दमक, झापाबाट प्राप्त गर्न सकिनेछ ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२०००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वितीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/०२/२७ गते सार्वजनिक विदा परेकाले मिति २०८०/०२/२८ गते आइतवार कार्यालय समय भित्र यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोस्वरी, काठमाण्डौमा (धितोमा रहेको सवारी साधनको हकमा) तथा शाखा कार्यालय दमक, झापामा (धितोमा रहेको जग्गाको हकमा) दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८०/०२/२९ गते सोमवार दिउँसो ४:०० बजे यस बैंकको सम्बन्धित कार्यालयहरु (शर्त नं. ५ मा उल्लेख गरिए अनुसार शिलबन्दी बोलपत्र दर्ता गरिएका कार्यालयहरु) मा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोस्वरी, काठमाण्डौ तथा शाखा कार्यालयहरु चावहिल २, काठमाण्डौ र दमक, झापामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

पर्यापर्यटनका सम्भावना र चुनौती

स्थानीय बासिन्दासम्म पर्यटनको लाभ पुऱ्याउनु र उनीहरूको मौलिकता संरक्षण गर्नु फस्टाउँदो पर्यापर्यटनसँगै जोडिएको चुनौती हो



अर्थ संवाद
● कुलचन्द्र अर्याल
शाखा अधिकृत, नेपाल सरकार

पर्यटनका माध्यमबाट वातावरण र जैविक विविधताको संरक्षणका साथै स्थानीय जनताको आर्थिक तथा सामाजिक विकासमा सहयोग पुऱ्याउने वातावरणमैत्री पर्यटन नै पर्यापर्यटन वा इकोटुरिजम हो । अन्तर्राष्ट्रिय पर्यापर्यटन समाजका अनुसार पर्यावरणीय पर्यटन भनेको प्राकृतिक क्षेत्रको जिम्मेवारीपूर्ण भ्रमण हो, जसले वातावरणको संरक्षणका साथै स्थानीय जनताको समृद्धिलाई सुनिश्चित गर्नुका साथै मानिसमा पर्यावरणीय चेतना र शिक्षाको अभिवृद्धि गर्दछ । वन्यजन्तु, वनस्पति तथा सांस्कृतिक आकर्षणयुक्त गन्तव्यमा फस्टाउने पर्यटन नै वास्तवमा पर्यापर्यटन हो । वातावरण संरक्षण तथा आर्थिक सामाजिक विकासको क्षेत्रमा पर्यटनको महत्त्वलाई आत्मसात् गर्दै विश्वमा सन् १९८० को दशकदेखि पर्यापर्यटनको अवधारणा लोकप्रिय बनेको हो । पछिल्लो समय पर्यापर्यटनलाई वातावरणीय सचेतना वृद्धि तथा पर्यावरण अनुसन्धानको क्षेत्रमा पनि महत्त्वपूर्ण मानिँदै आएको छ । पर्यापर्यटनको आधारभूत सिद्धान्तले पर्यटनका माध्यमबाट जैविक तथा सांस्कृतिक विविधताको संरक्षण, दिगो उपयोग तथा सामाजिक आर्थिक लाभको समन्यायिक वितरणमा जोड दिन्छ । तथापि, प्राकृतिक वातावरणमा पर्यटकको अत्यधिक आगमनका कारण प्राकृतिक सन्तुलनमा पर्ने नकारात्मक असर तथा पर्यटन व्यवसाय र स्थानीय बासिन्दाबीचको द्वन्द्वलाई सर्वथा नकार्न सकिन्न ।

एक तथ्यांकअनुसार सन् २०२१ मा विश्व पर्यापर्यटन बजारको आकार १ खर्ब ८५ अर्ब ८७ करोड डलर रहेकोमा सन् २०२२ मा २ खर्ब ८ अर्ब डलर नाघेको छ । सन् २०२२ देखि २०३० सम्ममा पर्यावरणीय पर्यटनको विश्वबजार वार्षिक १५.२ प्रतिशतले बढ्ने आकलन छ । प्रकृतिमैत्री पर्यटनप्रति आममानिसको आकर्षण बढ्दै गएका कारण हाल विश्वमा सबैभन्दा बढी फस्टाएको पर्यटनको विधाका रूपमा पर्यापर्यटन अग्रणी स्थानमा रहेको छ । मनोरञ्जनका लागि प्राकृतिक वातावरणमा विचरण गर्न आउनेहरू र प्रकृतिको अध्ययन अनुसन्धानका लागि भित्रिने अध्येताहरू नै पर्यापर्यटक अर्थात् इकोटुरिस्ट हुन् ।

विश्वमा पर्यावरण विज्ञान फस्टाउँदै गएको, प्रकृतिको अध्ययन अनुसन्धानमा मानिसको रुचि बढ्दै गएको र आधुनिकीकरणसँगै प्राकृतिक स्थलहरूको कमी हुँदै गएका कारण प्राकृतिक वातावरण जोगाएका क्षेत्रहरू पर्यटकको गन्तव्य बनिरहेका छन् । चुनौती भनेको बढ्दो पर्यटक संख्यालाई कसरी व्यवस्थापन गर्ने र वातावरणलाई बिग्रन नदिएर पर्यटनलाई दिगो बनाउने भन्ने हो । योसँगै सदियौँदेखि स्थानीय पर्यावरणको रक्षा गर्दै आएका स्थानीय बासिन्दासम्म पर्यटनको लाभ पुऱ्याउनु र उनीहरूको मौलिकताको संरक्षण गर्नु पनि फस्टाउँदो पर्यापर्यटनसँगै जोडिएको चुनौती हो ।

क्षेत्रफलका हिसाबले विश्वमानचित्रमा निकै सानो भए पनि जैविक विविधताको दृष्टिले नेपाल अग्रणी स्थानमा पर्छ । नेपालमा ३ सय ५० प्रजातिका वनस्पति र १ सय ६० प्रजातिका जीवजन्तु रैथाने छन्, जो अन्त कतै पाइँदैनन् । नेपालमा विश्वका भन्डै नौ प्रतिशत चराका प्रजाति, तथा २ प्रतिशत फूल फुल्ने वनस्पतिका प्रजाति पाइन्छन् । उत्तर-दक्षिण औसतको १ सय ९३ किलोमिटर चौडाइभित्र समुद्र सतहबाट करिब ५८ मिटरदेखि विश्वकै सबैभन्दा अग्लो भाग सगरमाथासम्म रहेकाले नेपाल भौगोलिक र जलवायुजन्य विविधताको दृष्टिले विश्वमै उदाहरणीय छ । नेपालमा तराई क्षेत्रमा विद्यमान हावापानीलाई भूमध्यरेखीय उष्ण हावापानीसँग दाँज्न मिल्छ भने उच्च हिमाली क्षेत्रको हावापानीलाई ध्रुवीय हावापानीसँग तुलना गर्न सकिन्छ । तराईदेखि हिमाली क्षेत्रसम्म पाइने वनस्पति तथा जीवजन्तुमा पनि ठूलो भिन्नता छ ।

नेपालको कुल क्षेत्रफलको दुईतिहाइभन्दा धेरै पहाडी क्षेत्र छ, जहाँ विश्वको सबैभन्दा अग्लो सगरमाथादेखि लिएर विशिष्ट जैविक तथा भौगोलिक विशेषता बोकेका पर्यटकीय क्षेत्र तथा संसारकै उत्कृष्ट पदमार्गसमेत छन् । यसकारण सानो भूखण्डभित्र जैविक तथा जलवायुजन्य विविधताको अध्ययनका लागि नेपाल एउटा उत्कृष्ट ठाउँ बन्न सक्छ । जैविक मात्र नभएर सामाजिक र सांस्कृतिक विविधता र मौलिकता पर्यटकका लागि आकर्षणको विषय हो ।

तथ्यांकका अनुसार नेपालमा आउने पर्यटकमध्ये करिब ६७ प्रतिशत बिदा, मनोरञ्जन तथा यात्राका लागि, १०.३ प्रतिशत पर्वतारोहण तथा पदयात्राका लागि, ७.४ प्रतिशत तीर्थयात्राका लागि तथा १५.५ प्रतिशत अन्य प्रयोजनका लागि नेपालमा आउने गरेका छन् । नेपाल आउने पर्यटकमध्ये हरेक दुईमा एकजना राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र वा सिकार आरक्षजस्ता संरक्षित क्षेत्रमा पुग्ने गरेका छन् । नेपालमा पर्यटक आउनुको मुख्य कारण भनेकै यहाँको प्राकृतिक छटा, जैविक तथा भौगोलिक विविधता तथा सांस्कृतिक मौलिकता नै हो । देशको भन्डै २३.४ प्रतिशत क्षेत्र अहिले संरक्षित क्षेत्रको रूपमा रहेको छ । पछिल्लो आर्थिक सर्वेक्षणअनुसार आव ०७७/७८ मा नेपालका संरक्षित क्षेत्रहरू भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटकको संख्या १ लाख ३४ हजार थियो । जब कि त्यसको अघिल्लो आवमा ५ लाखभन्दा धेरै पर्यटकले संरक्षित क्षेत्रहरूको भ्रमण गरेका थिए । त्यस्तै, आव ०७५/७६ मा ७ लाखभन्दा धेरै पर्यटक संरक्षित क्षेत्रमा पुगेका थिए, जुन हालसम्मकै बढी हो । संरक्षित क्षेत्रहरूबाट बर्सेनि करोडौँ रुपैयाँ राजस्व संकलनसमेत हुने गरेको छ । नेपालका हरेक संरक्षित क्षेत्रमा कुनै न कुनै विशेष महत्त्वका वन्यजन्तु, वनस्पति वा भौगोलिक संरचना विद्यमान छ । त्यसैले नेपालका हरेक क्षेत्र पर्यापर्यटनको दृष्टिले निकै महत्त्वपूर्ण छन् । तर पनि पर्यटनको सम्भावना बोकेका धेरै क्षेत्रको प्रवर्द्धन र प्रचार प्रसार भने हुन सकेको छैन । चितवन राष्ट्रिय निकुञ्ज, सगरमाथा राष्ट्रिय निकुञ्ज, अन्नपूर्ण संरक्षण क्षेत्र तथा लाङटाङ राष्ट्रिय निकुञ्जलगायतमा बाहेक अन्य क्षेत्रमा पर्यटकलाई उतिसारो पुऱ्याउन सकिएको छैन ।

पर्यटक जाने संरक्षित क्षेत्रहरूमा पनि पर्यटनलाई वातावरण संरक्षण र स्थानीय बासिन्दाको आर्थिक सामाजिक विकाससँग आबद्ध गर्न नसकिएको अवस्था छ । जसका कारण जैविक विविधताप्रति स्थानीय बासिन्दाले अपनत्व बोध गर्न सकिरहेका छैनन् र पर्यटनका नकारात्मक असर वातावरणमा पर्न थालेका छन् । स्थानीय तहहरूले विभिन्न प्राकृतिक स्थललाई पर्यटकीय क्षेत्रको रूपमा ब्रान्डिङ तथा विकास गरेर स्वदेशी पर्यटक प्रशस्तै आकर्षित गरे तापनि विदेशी पर्यटकको गन्तव्यस्थलमा विविधीकरण हुन सकेको छैन ।

नेपालमा पर्यटनलाई वातावरण संरक्षणसँग आबद्ध गर्न सकिएको त छैन नै, पर्यटनले स्थानीय मौलिक कला संस्कृति तथा परम्परामा पारेको नकारात्मक असरका बारेमा पनि ध्यान दिइएको छैन । सन् ६० को दशकमा नेपालमा प्रजातन्त्र प्राप्तिसँगै विश्व समुदायका लागि खुला भएपछि जसरी हिप्पीहरूको बाढी आउँदा नेपाली युवा बिग्रिएका थिए, त्यसैगरी वातावरणमा पर्यटनको असरलाई व्यवस्थापन गर्न सकिएन भने त्यसले ठूलो पर्यावरणीय क्षति बढेपछि वन्यजन्तु तथा वनस्पतिमा समेत नकारात्मक असर पर्ने हुन्छ । अध्ययन अनुसन्धानको नाममा आउने विदेशी पर्यटकको निगरानी भएन भने जैविक तथा आनुवंशिक चोरीसमेत हुन सक्ने खतरा रहन्छ, यसतर्फ सचेतता आवश्यक छ । पर्यापर्यटनको राम्रोसँग व्यवस्थापन हुन नसक्दा उत्पन्न भएको नकारात्मक परिस्थितिको उदाहरण दक्षिण अफ्रिका हो, जहाँ पर्यापर्यटनबाट सरकारले राम्रो आम्दानी गरे पनि स्थानीय बासिन्दा विस्थापित बनेका छन्, पर्यटन विस्तारको नाममा उनीहरूको अफ्नो घरमा बस्न पाउने आधारभूत अधिकारको हनन भएको छ र भूमि प्रयोगको विषयमा द्वन्द्व उत्पन्न भइरहेको छ ।

नेपालमा हाल पर्यटन उद्योगले निर्यात उपभोग्य वस्तुको ३८ प्रतिशत र गैरउद्योग सेवाहरूको कुल २० प्रतिशतका साथै विदेशी विनिमय आर्जनको भन्डै ३ प्रतिशत योगदान पुऱ्याउँछ । नेपालको कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको प्रत्यक्ष योगदान करिब ४ प्रतिशत छ । पर्यटन क्षेत्रलाई अर्थतन्त्रको आधारस्तम्भको रूपमा विकसित गर्दै पर्यटनको लाभ सर्वसाधारणसम्म पुऱ्याउने लक्ष्य नेपालको पर्यटन नीतिले लिएको छ । राष्ट्रिय पर्यटन रणनीतिक योजनाले ११ वटा विशेष रणनीतिक लक्ष्यमध्ये प्राकृतिक वातावरण संरक्षणसम्बन्धी लक्ष्यको रूपमा प्रदूषणरहित पर्यटन विकास गरी पर्यटनको वातावरणीय प्रभाव न्यूनीकरण गर्न उपयुक्त रणनीति तय गर्ने, योजना तर्जुमा तथा कार्यान्वयन गरेर पर्यावरण अनुकूलन पर्यटन र असल अभ्यासलाई प्रवर्द्धन गर्ने उल्लेख गरेको छ ।

रणनीतिक योजनाले सन् २०२५ सम्ममा नेपालमा आउने वार्षिक पर्यटक संख्या २५ लाख २२ हजार पुग्ने तथा पर्यटकको औसत नेपाल बसाइ १५ दिन पुग्नुका साथै पर्यटन क्षेत्रबाट जिडिपीमा हुने प्रत्यक्ष योगदान ९ प्रतिशतभन्दा धेरै हुने प्रक्षेपण गरेको छ । यद्यपि, पर्यटनका पूर्वाधारको विकास तथा पर्यटनका क्षेत्र र गन्तव्यको पहिचान, प्रवर्द्धन तथा विविधीकरणमा ध्यान पुग्न सकेको छैन । नेपाली परिवेशमा पर्यापर्यटनको उद्देश्य पर्यटन र वातावरणमा सामाञ्जस्य ल्याउनु हो, जसका माध्यमबाट स्थानीय ग्रामीण अर्थतन्त्रलाई माथि उठाउन सकियोस् । तर, पर्यटनलाई विकेन्द्रित गर्दै यसको लाभ आधारभूत तहसम्म पुऱ्याउने कुरामा गाम्भीर्य देखिँदैन । पर्यापर्यटनको कुरा गर्दा पर्यटकका लागि चितवनमा गएर हात्तीमा चढ्नु, पोखरा गएर प्याराग्लाइडिङ तथा पदयात्रा अनि केही सीमित पर्वतारोहीका लागि सगरमाथालगायतका हिमाल आरोहण गर्नु मात्रै सीमित विकल्पको रूपमा रहेका छन् । धेरै पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरूमा पूर्वाधार विकास र प्रचार प्रसार गरिएको छैन । वास्तवमै प्राकृतिक छटा र विविधतालले भरिपूर्ण नेपालका हरेक क्षेत्रमा पर्यापर्यटन विस्तारको सम्भावना छ । यसका लागि ती क्षेत्रको पहिचान, प्रचार प्रसार तथा व्यवस्थित, जनसहभागितामूलक र दिगो पर्यटन विकासको नयाँ सोच आवश्यक छ ।



> नेपालमा पर्यटनलाई वातावरण संरक्षणसँग आबद्ध गर्न सकिएको त छैन नै, पर्यटनले स्थानीय मौलिक कला, संस्कृति तथा परम्परामा पारेको नकारात्मक असरबारे पनि ध्यान दिइएको छैन

पुऱ्याउने पक्का छ । पर्यटनसँगै स्थानीय बासिन्दाको हकहितको संरक्षणमा पनि ध्यान दिनु आवश्यक छ । नत्र बाहिरिया आएर फाइदा कमाउने र स्थानीय बासिन्दा विस्थापित हुनुपर्ने अवस्था आउनेछ । यस्तो अवस्था कतिपय क्षेत्रमा देखिइसकेको छ ।

पर्यटनको विस्तारसँगै प्राकृतिक क्षेत्रआसपास जनसंख्याको चाप बढ्ने र प्राकृतिक स्रोतको अत्यधिक दोहन हुने, मानिसको चाप बढेपछि फोहोरमैला उत्सर्जनमा वृद्धि हुने र मानिसको आवागमन

अर्थ जानकारी

चालू आवमा डेढ करोड राजस्व संकलन


वाणिज्य विभागले चालू आव ०७९/८० को १९ वैशाखसम्म दुई हजार नौ सय ९० फर्ममा अनुगमन गरेको छ । यीमध्ये विभिन्न कसुरमा पाँच सय ९६ वटा फर्मलाई कारबाही गर्ने क्रममा एक करोड ६० लाख ४४ हजार एक रुपैयाँ जरिवाना संकलन गरेको छ ।



सबैभन्दा धेरै खाद्य-किराना पसलमा अनुगमन हुने र सोही क्षेत्रबाट जरिवानासमेत धेरै असुल हुने गरेको छ । खाद्य-किराना पसलले बिलबिजक जारी नगर्ने, मूल्यसूची र साइनबोर्ड नराख्ने, अनुगमन टोलीलाई असहयोग गर्ने, दर्ता-नवीकरणविनै पसल सञ्चालन गर्नेलगायतका कैफियत देखिने गरेका छन् । यस अवधिमा दुई सयवटा खाद्य-किराना पसललाई कारबाही भई ४२ लाख ४६ हजार एक रुपैयाँ जरिवाना असुल भएको छ । त्यस्तै होटेल, रेस्टुरेन्टबाट १९ लाख १५ हजार र कपडा पसलबाट ११ लाख ९२ हजार रुपैयाँ जरिवाना असुल भएको छ । विभागले यस अवधिमा एक करोड ५० लाख ३३ हजार चार सय ८० रुपैयाँबराबरको अखाद्य वस्तु नष्ट गरेको छ ।

- वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

बिजनेस @



महावीर पुन, वैज्ञानिक

नेपाल सरकारसँग भएको सम्झौताअनुसार बजेट विनियोजनमा झुक्याएकोजस्तो छ, तर भएको के हो भनेर बुझ्दै छौँ । विज्ञान प्रविधि तथा नवप्रवर्तनको विषय व्यवस्थापन गर्ने विधेयकको पहिलो मस्यौदा बनाएका छन् । काँटछाँट पक्कै गरिन्छ । इच्छुक व्यक्तिहरू आविष्कार केन्द्रमा आउनुहोला ।

डा. सूर्यराज आचार्य, पूर्वाधारविद्

ठूलो लगानीमा निर्माण गरिने मेट्रो प्रणालीसँग सहरी विकासको स्वरूपको समन्वय हुन जरुरी । 'ट्रान्जिट ओरिएन्टेड डेभलपमेन्ट'को अवधारणा अपनाएर मेट्रो स्टेसननजिक अफिस, पसल तथा आवास प्रयोजनका लागि अग्ला भवन निर्माण गरिन्छ । अनि, कारको प्रयोगविना नै सहरमा आरामदायी र भरपर्दो यातायात सुविधा ।





डा. चन्द्रमणि अधिकारी, अर्थशास्त्री

आन्तरिक राजस्व कार्यालयले नियमित व्यवसायी भनेको के हो, स्पष्ट रूपमा परिभाषित गरिदिनुपर्छ । कर कानुन भनेको स्पष्ट हुनुपर्छ । दुईजनाले भन्दा दुइटा अर्थ लाग्ने हुनुहुँदैन । धेरैजसो कुरा फाइनल विथहेल्डिङमा लगिदिनुपर्छ । त्यसो भयो भने कति कारोबार भयो भन्ने कुरा आयो भने सिद्धियो ।

अर्थ ज्ञान

पूर्वी नाका काँकडभिट्टाबाट कुन आर्थिक वर्षमा कति मूल्यको चिया निर्यात भयो ?



आर्थिक वर्ष	मूल्य
०७५/७६	दुई अर्ब ९७ करोड ११ लाख ४८ हजार
०७६/७७	दुई अर्ब १२ करोड ९२ लाख ५४ हजार
०७७/७८	तीन अर्ब ३१ करोड ५४ लाख ५१ हजार
०७८/७९	दुई अर्ब ८७ करोड ४६ लाख १० हजार
चालू आवको चैतसम्म	दुई अर्ब ६६ करोड ५४ लाख १८ हजार

अमेरिकी उपभोक्ताका लागि पीडादायी अर्थतन्त्र

अमेरिकी केन्द्रीय बैंकका अर्थशास्त्रीहरू अहिलेको बैंकिङ संकटले यस वर्ष अमेरिकालाई थप मन्दीतिर लैजान सक्ने बताउँछन्

अमेरिकी अर्थतन्त्र उपभोक्तामा निर्भर छ । आमउपभोक्ताले पैसा खर्च गर्दा कम्पनीले कर्मचारी पाल्न सक्छ । कर्मचारीले पनि खर्च गर्न सक्छन् । अहिले अमेरिकाको कुल गार्हस्थ्य उत्पादनको करिब ७० प्रतिशत उपभोक्ता खर्च छ, जुन अर्थतन्त्रको ठूलो उपाय हो । यसकारण खर्च बढ्दा मन्दी हुने सम्भावना कम हुन्छ ।

अर्थशास्त्रीको आकलनअनुसार फेब्रुअरीको तुलनामा मार्चमा खुद्रा बिक्रीमा ०.४ प्रतिशतले गिरावट आयो । तर, गोल्डमेन स्यास र बैंक अफ अमेरिकाका विश्लेषकले भने मुख्य बिक्री हुने ग्यासोलिन, निर्माणजन्य सामग्री र अटोबाहेक एक प्रतिशतले सुस्ती देखियो । यस्तै, फेब्रुअरी महिनामा पनि जनवरीको भन्दा ०.४ प्रतिशतले गिरावट आयो । उता, केन्द्रीय बैंकका अर्थशास्त्रीले अहिलेको बैंकिङ संकटले यो वर्ष अमेरिकालाई थप मन्दीतिर लैजान सक्ने बताउँछन् ।

बैंक अफ अमेरिकाको क्रेडिट कार्डबाट खर्च कम भइरहेको देखिन्छ । वर्षको सुरुवात केही राम्रो भए पनि मार्चमा क्रेडिट र डेबिट कार्डको खर्चमा ०.१ प्रतिशतको वार्षिक वृद्ध भयो । फेब्रुअरी २०२१ पछि यो सर्वाधिक सुस्त गति हो ।

कर लाग्को समस्या : अमेरिकी उपभोक्ताको अवस्था अझै पनि अपेक्षाकृत बलियो रहेको बोफाका विश्लेषकको ठहर छ । यद्यपि, बैंकिङ सेक्टरमा परेको दबाबले न्यून कर्जा र सुस्त खर्चलाई बढावा दिन्छ भन्ने डर भए पनि कुनै सम्भावित कमीको क्षेत्रीय बैंकिङ संकटसँग कुनै लेनदेन नरहेको विश्लेषक बताउँछन् । बरु यसको सट्टा मार्चको कमजोर तथ्यांकलाई कर फिर्ताको कमीसम्म सीमित गरिदिन्छन् ।



> अमेरिकी बैंक खाता बलियो हुँदाहुँदै पनि अहिले घट्न थालेका छन् । यो सरकारको विषय हो । सन् २०२२ को चौथो त्रैमाससम्म उपभोक्ताले कुल ३९८ अर्ब डलर कर्जा लिए, जुन एक वर्षअघिको तुलनामा झन्डै ४.५ गुणा बढी हो ।

मार्चमा अमेरिकी केन्द्रीय बैंकलाई आन्तरिक राजस्व सेवाले ट्याक्स रिफन्डमा मन्दीले व्ययशक्ति खुम्च्याएको रिपोर्ट बुझाएको थियो । आन्तरिक राजस्वले यो मार्चमा ट्याक्स रिफन्डका लागि ८४ अर्ब डलर जारी गऱ्यो, जुन सन् २०२२ मा जारी गरेको भन्दा २५ अर्ब डलर कम हो । यो बोफाका विश्लेषकका अनुसार खुद आय मासिक १.५ प्रतिशत छ । अमेरिकी बैंक खाता बलियो हुँदाहुँदै पनि अहिले घट्न थालेको छ । यो सरकारको विषय हो । सन् २०२२ को चौथो त्रैमाससम्म उपभोक्ताले कुल ३९८ अर्ब डलर कर्जा लिए, जुन एक वर्षअघिको तुलनामा झन्डै ४.५ गुणा बढी हो ।

त्यसो त अमेरिकामा बैंक डुब्ने, टाट पल्टिने पनि धेरै भएको छ । एस एन्ड पी ग्लोबल मार्केट इन्टेलिजेन्सको तथ्यांकअनुसार अमेरिकी कर्पोरेट असफलता १२ वर्षकै उच्च सन् २०२३ को दुई महिनामै पुग्यो । यसमध्ये १८३ कम्पनी फाइलिङ भएका छन् । क्रेडिट रेटिङ एजेन्सीका अनुसार बेड, बाथ एन्ड बियोन्ड, राइट एड, जोन फेब्रिक र अन्य चेन कम्पनी दिवालिया हुने सन्दर्भमा छन् । वर्षौंदेखि संघर्ष गरिरहेका यी कम्पनी चुनौतीपूर्ण आर्थिक परिस्थितिका लागि सबभन्दा कमजोर साबित भएका छन् ।

जारी एआई युद्ध : ठूला टेक कम्पनीले प्रतिस्पर्धामा अगाडि रहन आर्टिफिसिअल इन्टेलिजेन्स (एआई)मा दिनप्रतिदिन लगानीको मात्रा बढाइरहेका छन् । केही समयअघि अमेजनका प्रमुख कार्यकारी अधिकृत (सिइओ) एन्डी जेसीले सेयरसदस्यलाई पत्र लेख्दै कम्पनीले च्याटजिपिटीजस्ता च्याटबट कम गर्न ठूलो लगानी गर्ने बताएका थिए । 'हामी केही समयदेखि आफ्नो भाषामाथि काम गरिरहेका छौं । विश्वास छ, यसले प्रत्येक ग्राहकको अनुभवलाई परिवर्तन गर्नेछ,' सेयरसदस्यलाई लेखेको पत्रमा भनिएको छ, 'यस्तै, हाम्रा उपभोक्ता, विक्रेता, ब्रान्ड र निर्माताका लागि यो मोडेलमा पर्याप्त लगानी जारी राख्नेछ ।'

सन् २०२२ को नोभेम्बरमा च्याटजिपिटी सार्वजनिक भएदेखि गुगल, फेसबुकको प्यारेन्ट कम्पनी मेटा र माइक्रोसफ्टले एआई टेक्नोलोजीमा आफ्नो ध्यान बढिरहेको विषयमा संवाद गरेका थिए । उनीहरूको निष्कर्ष थियो, एआईले प्रयोगकर्ताको संकेतको जवाफमा सम्मोहक व्याख्या, कथा र दृश्य बनाउन सक्छ । हाल भएको पनि त्यस्तै छ ।

सिइओ जेसीका अनुसार अमेजनको लक्ष्य भनेको कम खर्चिलो यान्त्रिक सिकाइ (मेसिन लर्निङ) प्रस्तुत गर्नु हो । कारण, कम्पनी आफैंले आफ्नो एआईलाई प्रशिक्षित गरी चलाउन सकोस् ।

'धेरैजसो कम्पनी यो ठूलो भाषा (अंग्रेजी) मोडेल उपयोग गर्न चाहन्छन्,' सिइओ जेसी भन्छन्, 'तर, राम्रा मान्छेलाई प्रशिक्षित गर्न अर्बौं डलर खर्च हुन्छ । थुप्रै वर्ष लाग्छ । र, धेरैजसो कम्पनी यस्तो झन्झट बेहोर्न चाहँदैनन् ।'

महँगो म्यानहटन : अमेरिकामा आवासीय भाडा कम हुँदै गएको छ । तर, न्युयोर्क सहरमा भने होइन । म्यानहटनमा एउटा अपार्टमेन्ट भाडामा लिन औसत लागत मार्च महिनामा चार हजार १७५ डलर थियो । यो एक वर्षअघिको तुलनामा १२ प्रतिशत र फेब्रुअरीको तुलनामा दुई प्रतिशतले बढेको तथ्यांक छ ।

एउटा बेडरुमसहितको अपार्टमेन्टको औसत भाडादर चार हजार १५० थियो, जुन गत वर्षको तुलनामा १८.३ प्रतिशतले बढी थियो । यस्तै, एउटा स्टुडियो अपार्टमेन्टको मूल्य करिब तीन हजार १९० थियो, जुन गत वर्षभन्दा १६ प्रतिशतले बढी हो ।

यसको अर्थ हो, म्यानहटनमा औसत दुई बेडरुमको भाडा ६८ हजार प्रतिवर्ष छ । सन् २०२२ मा राष्ट्रिय औसत कमाइ ६० हजार हाराहारी थियो । समग्रमा भन्नुपर्दा म्यानहटनमा भाडामा बस्नेका लागि एक वर्षअघिको तुलनामा भाडा दोब्बर महँगो भएको छ । यसले घर किन्ने सपनालाई असम्भवजस्तै बनाएको छ । साथै, मार्चमा भएको बैंक असफलताले पनि अनिश्चित अवस्था सिर्जना गरेको छ ।

-सिएनएन

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार २१ जेठ ०८०

सरकारी गोदाममा ५१ हजार मेट्रिकटन मल, किसानलाई अभाव

सरकारले आगामी आर्थिक वर्षको बजेटमा रासायनिक मलकै लागि ३१ अर्ब रुपैयाँ बजेट विनियोजन गरेको छ

भोजराज भण्डारी/नयाँ पत्रिका

मुख्य बालीको सिजन सुरु हुन लाग्दा पुनः मल अभाव हुन थालेको छ। जेठको मध्यतिर धानको बिउ राख्न, मकैमा हाल्न र पश्चिम तराईमा रोपाइँको तयारी भइरहेको समयमा किसानलाई मलको अभाव देखिएको हो।

सरकारसँग ५१ हजार मेट्रिकटन रासायनिक मल मौज्दात रहेको छ। कृषि मन्त्रालयका अनुसार युरिया मल ४० हजार, डिएपी १० हजार नौ सय ५९ र पोटास एक सय १८ मेट्रिकटन मौज्दात रहेको छ। सरकारसँग पर्याप्त मौज्दात रहे पनि स्थानीय तहसँग सहकार्य नहुँदा किसानलाई मलको अभाव देखिन पुगेको कृषकसमूह संघका अध्यक्ष नवराज बस्नेतले बताए।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

अहिले पनि मल वितरण गर्ने सहकारीमा मल अभाव नै देखिएको उनको भनाइ छ।

मकैलाई युरिया र पश्चिममा धान रोपाइँ सुरु हुँदा डिएपी मलको आवश्यकता बढी पर्ने उनले जानकारी दिए। उनले भने, 'सरकारसँग मौज्दात छ भनिन्छ, तर स्थानीय तहमा भने मल पुगेको देखिँदैन, बीचमा सरकार र स्थानीय तहको सहकार्य नमिल्दा अभाव भएको पाएका छौं।'

कृषि मन्त्रालयका अनुसार हालसम्म मल खरिदको व्यवस्था भएको चार लाख ७८ हजार मेट्रिकटन हो। हालसम्म बिक्री दुई लाख ५८ हजार मेट्रिकटन भइसकेको छ। यसअघि भएको मौज्दात प्रदेशमा परिचालन हुने क्रममा रहेको कृषि तथा पशुपक्षी विकास मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सञ्जेलले जानकारी दिए।

उनले भने, 'अहिले मल अभाव हुनुपर्ने त्यस्तो कुनै कारण छैन, मल प्रशस्त छ र प्रदेशहरूमा गइरहेको छ। कहिलेकाहीं प्रदेशबाट स्थानीय तहकै कारण मल समयमा नपुग सक्छ।'

सञ्जेलका अनुसार असारभित्र थप एक लाख मेट्रिकटन मल आइसक्नेछ। 'यसपटक रोपाइँमा मलको अभाव नहोस् भनेरै तयारी गरेका छौं, असारमा एक लाख आइपुग्छ,' उनले भने, 'हामीले प्रदेशमा वितरण गर्ने हो, प्रदेशबाट स्थानीय तहमा जाने हुँदा ढुवानीलगायत कारणले मल किसानसम्म आइपुग्दा समय लागेको हो।'

कृषि मन्त्रालयका अनुसार जेठदेखि असोजसम्म सबैभन्दा बढी मल खपत हुने समय हो। यस सिजनमा तीन प्रकारका मल गरेर दुई लाख ५९ हजार मेट्रिकटन मल खपत हुने गर्छ। जसमा एक लाख ६० हजार युरिया मल खपत हुने गर्छ भने ९० हजार डिएपी र नौ हजार मेट्रिकटन पोटास मल खपत हुने मन्त्रालयको तथ्यांक छ। जेठदेखि असोजसम्म विशेष गरी धान, चिया र उखुमा मल आवश्यकभन्दा बढी खपत हुने तथ्यांकले देखाउँछ।

कृषि सामग्री कम्पनीमार्फत मल वितरण गर्ने ४१ कार्यालय र पाँच हजार तीन सय सहकारीमार्फत सात सय ५३ वटै स्थानीय तहमा मल वितरण हुने गर्छ।

चालू आर्थिक वर्षमा मल अभाव नहोस् भन्नका लागि अर्थ मन्त्रालयबाट सात अर्ब ५० करोड रुपैयाँको स्रोत सुनिश्चितता गत फागुनमा गरेको थियो। त्यस्तै, सरकारले आगामी आर्थिक वर्षको बजेटमा रासायनिक मलकै लागि ३१ अर्ब रुपैयाँ बजेट विनियोजन गरेको छ।

मलको आशामा चितवनका सहकारीमा किसानको भिड



भरतपुरमा **विवेक पोखेल**

भरतपुर-६, देवनगरमा रहेको श्री गीतानगर कल्पवृक्ष साना किसान गरिबी निवारण कृषि सहकारी संस्थामा शनिबार मल लिन आउने किसानको भिड नै भयो। देशभरका किसानहरूसँगै यतिवेला चितवनमा पनि रासायनिक मलको अभाव भइरहेको छ। ६ वर्षदेखि पर्याप्त मात्रामा आपूर्ति नहुँदा मलको अभाव हुँदै आएको छ।

दुई महिनापछि सहकारीमा ५० बोरा मल आएको जानकारी पाएसँगै स्थानीय किसानहरू सहकारीमा मल लिन पुगेका हुन्। सहकारीका अध्यक्ष सूर्यप्रसाद अधिकारीका अनुसार १८ सय सेयर सदस्य भएको सहकारीले पहिला आउने किसानका आधारमा १० किलोका दरले युरिया मल वितरण गरेको छ। चितवनमा पोटास दुई वर्षदेखि आएको छैन भने डिएपी र युरिया मल महिनौंपछि सहकारीमा आइपुगेको छ। मागभन्दा निकै कम मल आए पनि किसानले नागरिकता देखाएर पाँच केजी वा १० केजी मात्र लैजान पाएका छन्।

यद्यपि, सरकारले हरेक वर्ष आफ्नो बजेटमा मलको विषयलाई प्राथमिकता रहेको छ। तर, किसानले मल खरिदका लागि सास्ती पाउँदा पनि आवश्यक मल पाएका छैनन्। केही महिनाअघि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' चितवन आउँदा यस वर्ष मल अभाव नहुनेसमेत बताएका थिए। तर, किसानले नयाँ बालीका लागि पनि मलको समस्या झेल्नुपर्ने निश्चित देखिन्छ।

मागको २४ प्रतिशत मात्रै प्राप्ति



सिन्धुलीमा **विदुर पौडेल**

बागमती प्रदेशको सिन्धुली, रामेछाप र दोलखा जिल्लामा मल वितरण गर्ने कृषि सामग्री कम्पनी लिमिटेड सिन्धुलीमा मागअनुसार मल आएको छैन। कम्पनीका अनुसार तीन जिल्लाका लागि माग गरिएकोमा करिब २५ प्रतिशत मल मात्रै आइपुगेको छ। कृषि सामग्री कम्पनीले चालू आर्थिक वर्षका लागि आठ हजार मेट्रिकटन युरिया मल माग गरेको थियो। तर, १९ जेठसम्म करिब एक हजार नौ सय मेट्रिकटन मात्र युरिया मल आएको कम्पनीको सिन्धुली शाखा प्रमुख नवराज महतले जानकारी दिए। उनले भने, 'तीन जिल्लामा मलको बिक्री-वितरण गर्ने कृषि सामग्री कम्पनी लिमिटेड सिन्धुलीमा मागभन्दा ७६.२५ प्रतिशत कम युरिया मल आएको छ।'

कृषि सामग्री कम्पनी लिमिटेडको केन्द्रीय कार्यालयले सिन्धुली शाखामा पाँच हजार मेट्रिकटन स्वीकृत गरेको भए पनि सोअनुसार नपाएको महतले बताए। डिएपी मल पनि केन्द्रीय कार्यालयले यस आर्थिक वर्षका लागि १५ सय ६५ मेट्रिकटन स्वीकृत गरेको महतले बताए। आफूहरूले युरिया आठ हजार मेट्रिकटन, डिएपी दुई हजार पाँच सय मेट्रिकटन, पोटास दुई सय ५० मेट्रिकटन र कृषि चुन ४२ टन माग गरेको भए पनि मागअनुसारको केही पनि वस्तु नआएको उनले बताए। 'मागको कम्तीमा आधा मात्र आएको भए पनि केही हदसम्म कृषकको माग सम्बोधन हुन सक्थ्यो त्यसो हुन सकेन,' महतले भने।

तीन जिल्लाका लागि आठ हजार मेट्रिकटन युरिया मल भए पर्याप्त पुग्ने उनको भनाइ छ। 'कम्पनीको यस शाखाले वितरण गरेको मल र खेतीयोग्य जमिनको क्षेत्रफल हेर्ने हो भने केही ठूला कृषकहरूसँग अहिलेको सिजनको मकैमा हाल्नसम्म स्टक छ कि भन्ने आकलन गर्न सकिन्छ, साना कृषकहरू भने मलविहीन बनेकै छन्,' महतले भने। अहिलेको अभावले साना कृषक (थोरै खेती) हुने कृषकहरू बढी मारमा पर्ने उनले बताए।

कम्पनीको सिन्धुली शाखामा आएको मलमध्ये ६० प्रतिशत सिन्धुलीमा र ४० प्रतिशत रामेछाप र दोलखामा जाने गरेको महतले बताए। उनका अनुसार दुई जिल्लाको तुलनामा सिन्धुलीमा खेतीयोग्य जमिन पनि बढी भएकाले यहाँ बढी खपत हुन्छ।

विदेशी पुनर्बिमा र दलाल कम्पनी नेपालमा सूचीकृत हुनुपर्ने

मुना कुँवर/नयाँ पत्रिका

नेपालमा व्यवसाय गर्न आउने विदेशी पुनर्बिमा कम्पनी र पुनर्बिमा दलाल कम्पनी नेपाल बिमा प्राधिकरणमा सूचीकृत हुनुपर्ने भएको छ। प्राधिकरणले बिमकको पुनर्बिमा निर्देशिका संशोधन गर्दै विदेशी कम्पनीलाई सूचीकृत हुनुपर्ने प्रावधान राखेको हो।

रीतपूर्वक निवेदन दिएका कम्पनीलाई प्राधिकरणले सूचीकृत गरी सूचीकरण नम्बर प्रदान गर्नेछ। यो नम्बर प्रत्येक वर्ष प्राधिकरणबाट नवीकरण गर्नुपर्नेछ। सूचीकरण नम्बर प्राप्त गर्ने पुनर्बिमा दलाललले चालू आर्थिक वर्ष ०७९/८० सकिएको ६ महिनाभित्र नेपालमा संयुक्त लगानीमा कम्पनी वा शाखा कार्यालय स्थापना गर्नुपर्ने प्राधिकरणले व्यवस्था गरेको छ। नेपालका बिमा र पुनर्बिमा कम्पनीले यसरी सूचीकरण भएका कम्पनी र दलाल कम्पनीसँग मात्रै कारोबार गर्नुपर्ने प्रावधान राखिएको छ।नेपाली कम्पनीले विदेशी पुनर्बिमा कम्पनीसँग गरिएको कारोबारको तथ्यांक राख्न यस्तो व्यवस्था गरिएको प्राधिकरणका प्रवक्ता एवं कार्यकारी निर्देशक राजुरमण पौडेलले बताए। 'अहिलेसम्म नेपाली बिमा र पुनर्बिमा कम्पनीले कुन-कुन मुलुकका कम्पनीसँग कति कारोबार गरे भन्ने रेकर्ड नै छैन। त्यसैले यसलाई ट्र्याकिङ गर्नका लागि सूचीकरण गर्ने व्यवस्था गरिएको हो,' उनले भने।

नेपाल बिमा प्राधिकरणले नेपालका बिमा कम्पनीहरूलाई अधिकांश बिमाको शतप्रतिशत पुनर्बिमा नेपालकै बिमा कम्पनीमा गर्न बाध्य पारेको छ। प्राधिकरणले निर्देशिका संशोधन गर्दै जीवन बिमा, मोटर, कृषि, पशुपक्षी तथा जडीबुटी, हुलदंगा-आतंकवाद तथा विविध बिमाको स्वदेशमा नै शतप्रतिशत पुनर्बिमा गर्नुपर्ने निर्देशिकामा व्यवस्था गरेको छ। सो बिमालाई नेपाली पुनर्बिमा कम्पनीले अस्वीकार गर्न नपाउने व्यवस्था गरेको छ। तर, यात्रा, ट्रेकिङ तथा स्वास्थ्य बिमालाई भने छुट दिएको छ।

पुनर्बिमा व्यवस्थाबमोजिम स्वदेशी बिमकहरूले अर्को स्वदेशी बिमक वा बिमकहरूसँग आन्तरिक फ्याकल्टेटिभ पुनर्बिमा गर्न सकिनेछ। बिमकले फ्याकल्टेटिभ पुनर्बिमाबाट स्वीकृति प्राप्त नभएसम्म बिमालेख जारी गर्न पाइनेछैन। त्यस्तै, विदेशमा सम्पत्ति भएका नेपाली नागरिकले नेपाली बिमा कम्पनीमार्फत नै विदेशमा रहेको आफ्नो सम्पत्तिको बिमा गराउन पाउनेछन्। निर्देशिकाबमोजिम त्यस्तो बिमाबापत कुनै दाबी परेमा नेपालभित्रै नेपाली मुद्रामा दाबी भुक्तानी गर्न सकिनेछ।

त्यस्तै, नेपाली बिमकले कुनै पनि पुनर्बिमा कम्पनीमा ६० प्रतिशतभन्दा बढी पुनर्बिमा गर्न पाउनेछैनन्। प्राधिकरणले जारी गरेको निर्देशिकाबमोजिम जोखिमको पर्याप्त मात्रामा विविधीकरण हुने गरी पुनर्बिमा विविधीकरण गर्नुपर्नेछ। पुनर्बिमा विविधीकरण गर्दा जुनसुकै अवस्थामा निर्जीवन बिमकको हकमा सम्पूर्ण पोर्टफोलियो र प्रतिपोर्टफोलियो दुवैको अधिकतम ६० प्रतिशतभन्दा बढी हुने गरी एउटै पुनर्बिमकसँग पुनर्बिमा गराउन पाइनेछैन।

पुनर्बिमकको विविधीकरणका लागि मुख्य पुनर्बिमकलाई कुल पुनर्बिमककको बढीमा ४० प्रतिशतसम्म र अन्य सहभागी पुनर्बिमकको हकमा प्रत्येक पुनर्बिमकलाई बढीमा २० प्रतिशतसम्म पुनर्बिमा दिन सकिनेछ।

जीवन बिमकले ०.५ र निर्जीवनले ५ प्रतिशत मात्रै जोखिम धारण गर्न पाउने

जीवन बिमकले आफ्नो नेटवर्थको अधिकतम शून्य दशमलव ५ प्रतिशत र निर्जीवन बिमकले अधिकतम ५ प्रतिशत जोखिम धारण गर्न सक्ने प्रावधान छ। जीवन बिमकको हकमा प्रतिबिमालेख बढीमा ५० लाख रुपैयाँसम्म धारण गर्न सकिनेछ। तर, विदेशमा प्रधान कार्यालय रही नेपालमा शाखा कार्यालयका रूपमा कारोबार गरिरहेका बिमकको हकमा पुनर्बिमा गर्दा प्रधान कार्यालयको क्षमताबमोजिमको धारण कायम गरी पुनर्बिमा गर्न सकिनेछ।

त्यस्तै, बिमा कम्पनीहरूले चालू आर्थिक वर्षदेखि प्रत्यक्ष हिस्सातर्फ १०-१० प्रतिशत पुनर्बिमा नेपाल, पुनर्बिमा कम्पनी र हिमालयन पुनर्बिमा कम्पनीमा पुनर्बिमा गराउनुपर्नेछ। आव ०८०/८१ मा ८-८ प्रतिशत पुनर्बिमा गर्नुपर्नेछ। आव ०८१/८२ मा ६-६ प्रतिशत, आव ०८२/८३ मा ४-४ प्रतिशत, आव ०८३/८४ मा २-२ प्रतिशत पुनर्बिमा गनुपर्नेछ।

यसैगरी, प्रत्यक्ष हिस्सातर्फको पुनर्बिमा स्वदेशी कम्पनीमा गरेपछि बाँकी रहेको हिस्साको ३० प्रतिशत पुनर्बिमा समान रूपमा स्वदेशी कम्पनीमा गर्नुपर्नेछ। यसअघिको व्यवस्थाअनुसार भने प्राधिकरणले प्रत्यक्ष हिस्सातर्फ २० प्रतिशत पुनर्बिमा नेपाल, पुनर्बिमा कम्पनीमा गर्नुपर्ने व्यवस्था थियो। तर, हिमालयन पुनर्बिमा कम्पनी दर्ता भएपछि प्राधिकरणले नेपाल पुनर्बिमा कम्पनीको व्यवसाय हिमालयन कम्पनीलाई पनि सेयर गरिदिएको छ। सरकारले यसरी निजी कम्पनीमा अनिवार्य रूपमा बिमा गर्नका लागि बाध्य पार्न नहुने नेपाल पुनर्बिमा कम्पनीका पूर्वअध्यक्ष डा. रवीन्द्र धिमिरेले बताए।

क्यासिनोमा अवैध मदिराको कारोबार रोक्न आग्रह

भैरहवा/ भैरहवाका क्यासिनोहरूले अवैध मदिराको कारोबार गरेको भन्दै त्यसलाई नियन्त्रण गर्न व्यवसायीहरूले आग्रह गरेका छन्। होटेल तथा रेस्टुरेन्ट व्यवसायी संगठन र मदिरा व्यवसायी संघ भैरहवा रुपन्देहीले होटेलदेखि सीमानाकासम्म सञ्चालन हुने सवारीसाधनबाट अवैध मदिरा भित्र्याउने गरेको आरोप लगाएका हुन्। भारतबाट भन्सार छलेर भित्र्याइएका मदिरा क्यासिनोमा छ्यापछ्याप्ती भेटिने मदिरा व्यवसायीहरूले बताए। क्यासिनोभित्र हुने अवैध मदिरा नियन्त्रणमा प्रहरीले सक्रियता देखाउनुपर्ने मदिरा व्यवसायी संघ लुम्बिनीका अध्यक्ष केशवराज ज्ञवालीले बताए।

त्यस्तै, होटेल व्यवसायीहरूले राति १० बजे नै होटेल बन्द गराउँदा ढिला आउने पर्यटकलाई खान र बस्ने व्यवस्था मिलाउन समस्या भएको गुनासो गरे। यात्रुहरूको आवतजावत रातिसम्म हुने भन्दै जुनसुकै समयमा आउने पाहुनाको सत्कार गर्न पाउनुपर्ने उनीहरूले माग गरे। हस्पिटलछेउका होटेलहरू पनि प्रहरीले १० बजे नै बन्द गराउँदा बिरामीहरूलाई दाल, सुप पनि दिन नसकिएको होटेल तथा रेस्टुरेन्ट व्यवसायी संगठन रुपन्देहीका अध्यक्ष पीताम्बर न्यौपानेले बताए। कार्यक्रममा रुपन्देहीका प्रहरी उपरीक्षक भरतबहादुर विकले होटेल व्यवसाय शान्ति सुरक्षासँग प्रत्यक्ष जोडिएकाले प्रत्येक होटेलमा सिसिटिभी जडान गर्न सुझाव दिए। प्रायः सबै अपराधको योजना होटेलमै बसेर बनाउने गरेको अनुसन्धानमा देखिएकाले हरेकको व्यक्तिगत विवरणका लागि नागरिकता वा परिचय खुल्ने भरपर्दो कागज अनिवार्य माग्न व्यवसायीहरूलाई अनुरोध गरे। क्यासिनोमा हुने अवैध मदिराको कारोबारका विषयमा अनुगमन गर्ने प्रतिबद्धता व्यक्त गरे।

यो बजेटले मन्दीबाट निकासा दिँदैन : परिसंघ

काठमाडौं/ नेपाल उद्योग परिसंघले आगामी आर्थिक वर्ष ०८०/८१ को बजेटले मन्दीमा रहेको अर्थतन्त्रलाई निकासा नदिने निष्कर्ष निकालेको छ। परिसंघले शनिबार विज्ञप्तिमार्फत बजेटमा आफ्नो धारणा सार्वजनिक गरेको हो। अर्थमन्त्री डा. प्रकाशशरण महतले गत सोमबार संसद्मा प्रस्तुत गरेको आगामी आवको बजेटले केही आर्थिक सुधारको प्रयास गरे पनि लगानी प्रोत्साहन र माग वृद्धि गर्नेमा शंका रहेको परिसंघको ठहर छ।

'मन्दीमा रहेको अर्थतन्त्रलाई समृद्धितर्फ लैजान लगानी बढाउनुपर्ने अवस्थामा पुँजीगत खर्च घटाइएको छ। निजी क्षेत्रको लगानी वृद्धि गर्न परिसंघले दिएका कतिपय सुझावहरू सम्बोधन भएका छैनन्,' परिसंघको विज्ञप्तिमा उल्लेख छ, 'मन्दीमा रहेको अर्थतन्त्रलाई प्रस्तुत बजेटले निकास दिनेमा हाम्रो आशंका छ।'

बजेटले थुप्रै सुधारका प्रयास गरेको भए पनि तत्काल लगानी र माग बढाउने नीति तथा कार्यक्रम ल्याउन नसकेको परिसंघका अध्यक्ष विष्णुकुमार अग्रवालले बताए। 'निजी क्षेत्रले उठाएका धेरै सुझावलाई बजेटमा राखिएका छन्, निजी क्षेत्रलाई बजेटले महत्त्व दिएको पनि देखिन्छ,' उनले भने, 'तर, करमा अलि बढी कस्न खोजिएको देखिन्छ, जसले लगानी निरुत्साहित गर्न सक्छ।' उनले सुधारका घोषणालाई कार्यान्वयन गर्न जोड दिनुपर्ने बताए।

बजेटले आन्तरिक उत्पादनलाई प्रोत्साहन गर्न तयारी वस्तु र कच्चा पदार्थको भन्सार दर कम्तीमा दुई तहको फरक हुनुपर्ने सुझाव सम्बोधन नगरेको परिसंघले जनाएको छ। बजेटले केही नयाँ सुधारको संकेत गरे तापनि कर नीतिमा देखिएको अस्थिरताले लगानी बिग्रन सक्नेमा निजी क्षेत्र चिन्तित रहेको परिसंघका अध्यक्ष विष्णुकुमार अग्रवालले बताए। उनले करका दर बढाउने तथा थोपर्ने कतिपय नीतिले लगानीलाई प्रोत्साहन नगर्ने बताए।

परिसंघले देखेका बजेटका स्वागतयोग्य विषय

बजेटले निजी क्षेत्रलाई आर्थिक विकासको संवाहकका रूपमा स्विकार्दै आफूहरूले उठान गरेका केही विषयहरू भने सम्बोधन गरेको परिसंघले जनाएको छ। आगामी आर्थिक वर्षदेखि बन्ने परियोजनाहरूमा स्वदेशमा उत्पादन भएका सिमेन्ट, फलामे छडलगायत वस्तुको प्रयोग गरिने, जग्गाको हदबन्दीसम्बन्धी कानुनमा पुनरावलोकन गर्ने, सार्वजिनक-निजी साझेदारीमा औद्योगिक क्षेत्र निर्माण र सञ्चालन, ढुंगा, गिट्टी निकासी गर्न आधार तयार गर्नेलगायतका विषय स्वागतयोग्य रहेको परिसंघको निष्कर्ष छ। त्यस्तै, वैदेशिक लगानीको न्यूनतम सीमा पुनरावलोकन गरी क्षेत्रगत रूपमा सीमा तोक्ने र सूचना प्रविधि उद्योगमा वैदेशिक लगानीको सीमा हटाउने घोषणासमेत सकारात्मक रहेको परिसंघले जनाएको छ।

Dhunibeshi Municipality
Khanikhola, Dhading

Invitation for Sealed Quotation for the Procurement of Supply and Delivery of Medicine

Sealed Quotation No: 42/MEDICINE/SQ/DM/079/080

Date of first Publication: 4TH JUNE 2023

1. The **Dhunibeshi Municipality, Dhading** invites sealed quotations from registered Suppliers for the supply and Delivery of Veterinary Medicine.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Dhunibeshi Municipality, Dhading** or may visit PPMO website **www.bolpatra.gov.np.**
3. "Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit NRS. 1,000/- the cost of bidding document in the following account

   Name of the Bank: **Rastriya Banijaya Bank, Khanikhola**
   Name of Office: **Dhunibeshi Municipality, Dhading**
   Office Account no.: **1080100301030003**
4. electronics bids must be submitted to the office **Dhunibeshi Municipality, Dhading** through e-GP system i.e www.bopatra.gov.np/egp on or before **12:00 on 19th June 2023.** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 on 19th June 2023** at the office of **Dhunibeshi Municipality, Dhading**. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NPR. 41,500/-** which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. **1080100303000003** at **Rastriya Banijaya Bank, Khanikhola** .
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

नबिल बैंक लि. बाट सवारी साधन कर्जा लिई कर्जाका शर्त बन्देज उल्लंघन गर्ने ऋणी तथा त्यस्तो कर्जा सँग सम्बन्धित सवारी साधनका प्रयोगकर्तामा नबिल बैंक लिमिटेडको अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८०/०२/२१)

तपसिल बमोजिमका ऋणीले नबिल बैंकको दमक शाखा कार्यालय, भोजपुर मार्फत प्राप्त गर्नु भएको सवारी साधनकर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जना ब्याज आदि रकम तिर्न बुझाउन मौखिक, लिखित एवं ३५ दिने सार्वजनिक सूचनाहरु जारी गरी तर-ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएको हुँदा ऋणीहरुलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचिमा सूचिकृत गरिएको व्यहोरा जानकारी गराउँदै ऋणकर्जाको सम्पूर्ण सांवा, ब्याज, हर्जाना ब्याज आदि रकम आफूले ऋणकर्जा प्राप्त गरेको बैंकको शाखामा सम्पर्क राखी अविलम्ब चुक्ता भुक्तान गर्नुहुन जानकारी गराइन्छ। साथै, बैंकको नाममा सुरक्षण स्वरुप रहेका सवारी साधन समेत बैंकमा नबुझाइएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलमा उल्लिखित सवारी साधन बैंकको भोजपुर शाखामा बुझाउन हुन ऋणीलाई जानकारी गराइन्छ। हाल उक्त सवारी साधन ऋणी बाहेक अन्य कसैद्वारा प्रयोग गरिएको भएमा त्यस्ता व्यक्ति तथा संस्था लगायत सम्बन्धित सबैलाई सवारी साधनको त्यस्तो प्रयोग गैर कानूनी भएको व्यहोरा जानकारी गराउँदै त्यसरी प्रयोग गरी रहनु भएको सवारी साधन बैंकको उक्त शाखा कार्यालयमा तुरुन्त बुझाउनु हुन सूचित गरिन्छ। यस सूचना अनुसार समेत सवारी साधन नबुझाइएमा प्रचलित कानून अनुसार कारवाही अगाडि बढाउन सकिने व्यहोरा समेत सूचित गरिन्छ।

तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति : २०७६/०६/०१ मा दर्ता नं. २२४८२८/०७६/०७७ अन्तर्गत दर्ता भएको **श्री विनय च्याउ उद्योग प्रा. लि.** । ठेगाना : मोरङ्ग जिल्ला उर्लाबारी न.पा. वडा नं. ३, किसानचोक।

ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. खड्ग प्रसाद श्रेष्ठको नाति, बाबुराम श्रेष्ठको छोरा, ताप्लेजुङ्ग जिल्ला खेवाङ गा.वि.स. वडा नं. ६ हाल मोरङ्ग जिल्ला उर्लाबारी नगरपालिका वडा नं. ३ बस्ने नागरिकता नं. ४३९४८/२४२६ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. ताप्लेजुङ्ग, मिति : बि.सं. २०५७/०४/११ को **श्री उदय चन्द्र श्रेष्ठ** ।

२. नारायण श्रेष्ठकी छोरी, बाबुराम श्रेष्ठेकी बुहारी, श्री उदय चन्द्र श्रेष्ठकी पत्नी छोरा, झापा जिल्ला तोपगाछी घर भई हाल हाल मोरङ्ग जिल्ला उर्लाबारी नगरपालिका वडा नं. ३ बस्ने नागरिकता नं. २५०९१ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. झापा, मिति : बि.सं. ०७/०३/२०६३ की **श्रीमती निशा श्रेष्ठ** ।

धितो स्वरुप बैंकको नाममा रहेको सवारी साधनको विवरण

ऋणी **श्री विनय च्याउ उद्योग प्रा. लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. प्र १-०४-००१ च ०४१९ भएको Maxximo Plus VX HD BS3 Mahindra Pickup.

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

कुमारी बैंक लिमिटेड शाखा कार्यालय जनकपुर, धनुषाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०२/२१ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन सी.सी. बैंक लि.) शाखा कार्यालय जनकपुर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० असार ०४ गते सोमबार**का दिन शाखा कार्यालय जनकपुर, धनुषामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीहरुको विवरण:

१. कम्पनी ऐन, २०६३ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा मिति २०७१/०७/१६ मा दर्ता नं १२७८६७/०७१/०७२ दर्ता कायम भई धनुषा जिल्ला, गोविन्दपुर गा.पा./न.पा. वडा नं ६ स्थित **स्वेता कन्स्ट्रकसन प्रा.लि.** (सञ्चालक धनपैत साह तेलीको नाति, राम लखन साह तेलीको छोरा धनुषा जिल्ला, गोविन्दपुर गा.पा./न.पा. वडा नं.६ बस्ने **राज कुमार साह**, ना.प्र.नं. २६३३२२७० जारी मिति २०५५/०४/१३ जिल्ला प्रशासन कार्यालय धनुषा)।
२. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०७३/०४/३१ मा दर्ता नं ४११२/२९/०७३/७४ दर्ता कायम भई महोत्तरी जिल्ला, विजलपुरा गा.पा./न.पा. वडा नं ६ स्थित **स्वेता बालुवा प्रसोधन** (प्रोप्राईटरको धनपैत साह तेलीको नाति, राम लखन साह तेलीको छोरा धनुषा जिल्ला, गोविन्दपुर गा.पा./न.पा. वडा नं ६ बस्ने **राज कुमार साह**, ना.प्र.नं. २६३३२२७० जारी मिति २०५५/०४/१३ जिल्ला प्रशासन कार्यालय धनुषा)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. धनपैत साह तेलीको नाति, राम लखन साह तेलीको छोरा, संगम साहको पति, धनुषा जिल्ला, गोविन्दपुर गा.पा./न.पा. वडा नं. ६ बस्ने **राज कुमार साह** (ना.प्र.नं. २६३३२२७०, जारी मिति २०५५/०४/१३, जिल्ला प्रशासन कार्यालय धनुषा)।
२. राम लखन साह तेलीको बुहारी, राज कुमार साहको पत्नी, आनन्द लाल साहको छोरी धनुषा जिल्ला, गोविन्दपुर गा.पा./न.पा. वडा नं. ६ बस्ने **संगम साह** (ना.प्र.नं.१७१०४७/३८४, जारी मिति २०६८/०२/२७, जिल्ला प्रशासन कार्यालय धनुषा)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **संगम साह**को नाममा मालपोत कार्यालय धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, तेजनगर न.पा./गा.पा. वडा नं १ सिट नं. १/क स्थित कित्ता नं. १८६१ क्षेत्रफल ०-१२-०-० (बि.क.धु.क) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **राज कुमार साह**को नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, विजलपुरा गा.पा./न.पा. वडा नं. ६ सिट नं. ६/ख स्थित कित्ता नं. २७४, ६०, ६१, ६२, २११, २७९, २७६ र २७८ क्षेत्रफल क्रमशः १-०-०-०, ०-६-६-०, ०-६-६-०, ०-६-७-०, ०-९-९-०, ०-५-२-०, ०-१२-०-० र ०-४-७-० (बि.क.धु.क) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
३. **राज कुमार साह**को नाममा मालपोत कार्यालय धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, धनुषा गोविन्दपुर वडा नं ६ सिट नं. ६/क स्थित कित्ता नं. ७६६ क्षेत्रफल ०-०-५-० (बि.क.धु.क)को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
४. **संगम साह**को नाममा मालपोत कार्यालय धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, धनुषा गोविन्दपुर वडा नं २ सिट नं. २/ख स्थित कित्ता नं. ३३९ क्षेत्रफल ०-६-१३-८ (बि.क.धु.क) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
५. धनि कुमारी बैंक लि. (साबिक एन.सी.सी.बैंक लि.) र ऋणी **स्वेता कन्स्ट्रकसन प्रा.लि.**को नाममा जनकपुर अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम च्यासिस नं. MEC2411BFKP088203, ईन्जिन नं. 400950D0089147, सवारी नं. प्र २-०२ ००१ क ०४५१, को Bharat Benz Tripper, २०२० को गाडी थान १।
६. धनि कुमारी बैंक लि.(साबिक एन.सी.सी.बैंक लि.) र ऋणी **स्वेता कन्स्ट्रकसन प्रा.लि.**को नाममा जनकपुर अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम च्यासिस नं. MEC2411BJKP090692, ईन्जिन नं. 400950D0091832, सवारी नं. प्र २-०२ ००१ क ०४५२, को Bharat Benz Tripper, २०२० को गाडी थान १।
७. धनि कुमारी बैंक लि.(साबिक एन.सी.सी.बैंक लि.) र ऋणी **स्वेता कन्स्ट्रकसन प्रा.लि.**को नाममा जनकपुर अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम च्यासिस नं. MEC2411BJKP090596, ईन्जिन नं. 400950D0091742, सवारी नं. प्र २-०२ ००१ क ०४५३, को Bharat Benz Tripper, २०२० को गाडी थान १।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० असार ०३ गते** भित्र बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय जनकपुर, धनुषाबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको मितिले १६ (**सोह्रौं**) **दिन अर्थात मिति २०८० असार ०४ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्होर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० असार ०४ गते सोमबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय जनकपुर, धनुषा फोन नं. ०४१-५९००३६

गोल्छा ग्रुपले इन्डियन आयलसँगको संयुक्त लगानीमा लुब्रिकेन्ट प्लान्ट स्थापना गर्ने

नयाँ पत्रिका

गोल्छा ग्रुपअन्तर्गतको हंसराज हुलास चन्द एन्ड कम्पनीले इन्डियन आयलको पूर्ण स्वामित्व रहेको सहायक कम्पनी इन्डियन आयल माउरिसस लिमिटेडसँगको संयुक्त लगानीमा ल्युब ब्लेन्डिङ प्लान्ट स्थापना गर्ने भएको छ।

सन् २०२४ को अन्त्यसम्ममा तयार हुने अपेक्षा गरिएको उक्त ल्युब ब्लेन्डिङ प्लान्टमा दुवै कम्पनीले ५०-५० प्रतिशत संयुक्त लगानी गर्ने सम्झौता भएको छ। यस संयुक्त लगानीको पहिलो चरणअन्तर्गत अधिकारिक पुँजी लगानी लगभग ६० करोडबराबर हुनेछ। सम्झौताको विषयमा बोल्दै गोल्छा ग्रुपका म्यानेजिङ डाइरेक्टर एवं अध्यक्ष शेखर गोल्छाले भने, 'भारतकै सबैभन्दा ठूलो कम्पनी इन्डियन आयलसँगको हाम्रो लामो सहयात्राको शुभारम्भ भएको छ। यो पहिलो खुड्किला हो र भविष्यमा अन्य थप उद्योग स्थापना गर्ने बृहत् योजना छ। हामी यो साझेदारी र यसले नेपालको औद्योगिक क्षेत्रमा ल्याउने परिवर्तनलाई लिएर अत्यन्तै उत्साहित छौं।'



यो साझेदारी क्षेत्रीय आर्थिक वृद्धिलाई बढावा दिन, आत्मनिर्भरता प्रवर्द्धन गर्न र लुब्रिकेन्ट उद्योगमा प्राविधिक विकासलाई अगाडि बढाउन समर्पित रहको उनले बताए। 'मेड इन नेपाल'को परिकल्पनालाई साकार पार्न र लुब्रिकेन्ट उद्योगमा प्रविधिको विकास गर्न यस ल्युब ब्लेन्डिङ प्लान्टको स्थापना महत्त्वपूर्ण कोसेढुंगा मानिएको छ। यति मात्र नभई यो संयुक्त लगानी सम्झौताले दुवै साझेदारहरूको दिगो विकास र जिम्मेवार व्यावसायिक अभ्यासहरूप्रति साझा प्रतिबद्धता जनाउँछ। यो ऐतिहासिक सहकार्यले नेपालको विकास र समृद्धिलाई प्रोत्साहन गर्ने साझेदारीको नयाँ अध्यायको प्रेरणादायी सुरुवात गर्नेछ। गोल्छा समूह र इन्डियन आयलबीचको संयुक्त उद्यमले आगामी पुस्ताका लागि उज्यालो भविष्यका लागि मार्ग प्रदान गर्ने गोल्छाले बताए।

ग्रिन डेभलपमेन्ट बैंक र पोखरा महानगरबीच कर्जा सम्झौता



काठमाडौं/ ग्रिन डेभलपमेन्ट बैंकले पोखरा महानगरभित्रका लक्षित व्यक्तिहरूलाई स्वरोजगार कर्जा उपलब्ध गराउने भएको छ।

पोखरा महानगरपालिकाको सहकार्यमा आधारित साझेदारी कार्यक्रम र युवा तथा साना व्यवसायी स्वरोजगार कोषबीच पोखरा महानगरभित्रका लक्षित समुदायका व्यक्तिहरूलाई कृषि, पशुजन्य, साना तथा सेवामूलक व्यवसाय सञ्चालन गर्न प्रतिव्यक्ति दुई लाखसम्म कर्जा उपलब्ध गराउने सम्झौता सम्पन्न भएको छ। एक कार्यक्रमबीच पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य र ग्रिन डेभलपमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत हरिबहादुर बुढाथोकीबीच कर्जा लगानी सम्झौता सम्पन्न भएको छ। पोखरा महानगरपालिका वडा कार्यालयको सिफारिसमा महानगरपालिकामा बसोवास गर्ने लक्षित समुदायका व्यक्तिहरूलाई विनाधितो व्यक्तिगत एवं सामूहिक जमानीमा कर्जा प्रदान गरिनेछ। कर्जा व्याजदर वार्षिक ८ प्रतिशत रहने र कर्जाग्राहीले नियमित रूपमा किस्ता चुक्ता गरेपछि बुझाएको ब्याजको ६० प्रतिशतले हुन आउने रकम सम्बन्धित ऋणीलाई अनुदानस्वरूप फिर्ता दिइनेछ।

पोखरा महानगरपालिकाका मेयर आचार्यले बैंकबाट सर्वसुलभ रूपमा प्रदान गरिएको कर्जा लगानीले सामाजिक र आर्थिक रूपान्तरणमा महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरे। बैंकले यसभन्दा अघि ०७७ सालदेखि रूपा गाउँपालिकाको युवा स्वरोजगार कार्यक्रमअन्तर्गत गाउँपालिकासँग सम्झौता गरी लक्षित समुदायलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउँदै आएको छ।

सेयर कारोबारमा कर बढाएको भन्दै लगानीकर्ता आन्दोलनमा

माग सम्बोधन नभए टिएमएस बन्द गर्ने चेतावनी

नयाँ पत्रिका

सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेटमा सेयर कारोबार गर्दा थप कर लगाएको भन्दै सेयर लगानीकर्ता आन्दोलित बनेका छन्। आर्थिक विधेयकमार्फत सरकारले व्यावसायिक सेयर कारोबारसरह नै कर तिर्नुपर्ने नियम लगाएको भन्दै दुई दिनदेखि लगानीकर्ता आन्दोलित बनेका हुन्।

विद्यमान पुँजीगत लाभकर दीर्घकालीन ५ र अल्पकालीन ७.५ प्रतिशत नै अन्तिम कायम गर्नुपर्ने अडान लगानीकर्ताले राखेका छन्। उनीहरूले करको दर परिमार्जन नगरी विद्यमानकै व्यवस्था लागू हुनुपर्नेमा जोड दिए।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद हरि ढकालले करमा गर्न खोजिएको नयाँ व्यवस्था परिमार्जन गर्नुपर्ने बताएका छन्। २१ गतेदेखि हुने बजेटको बुँदागत छलफलमा यसै विषयमा सशक्त रूपले आवाज उठाउने प्रतिबद्धता उनले जनाएका छन्। उनले भने, 'सबै लगानीकर्ता एकजुट हुनुहोस्, अहिलेको यो समस्या साझा समस्या हो। ठूला र साना लगानीकर्ता सबैलाई मार पर्नेछ, संसद्मा पनि कडा रूपमा प्रतिकार गर्छु।'

माइतीघर मण्डलामा जम्मा भएका लगानीकर्ताले आगामी आइतबारका लागि आन्दोलनको कार्यक्रम तय गरेका छन्। लगानीकर्ता आइतबार बिहान अर्थमन्त्रीको घर घेराउ र दिउँसो ब्रोकर कार्यालयमा सिस्टम बन्द गर्न जाने भएका छन्। आर्थिक विधेयक परिमार्जन नभएसम्म आन्दोलन जारी राख्ने लगानीकर्ताले घोषणा गरेका छन्। बिहीबार पनि लगानीकर्ताले एकाध ब्रोकर कारोबार बन्द गराएका थिए।

अर्थमन्त्रीले सेयर कारोबारमा कुनै प्रकारको कर नलगाएको बुधबार प्रस्टीकरण दिएका छन्। उनले सेयर कारोबार गर्दा ९९.९९ प्रतिशत कुनै पनि कर नलगाएको दाबी गरेका थिए। त्यस्तै, आन्तरिक राजस्व विभागले पनि विद्यमान पुँजीगत लाभकर यथावत् रहेको विज्ञप्तिमार्फत प्रस्ट पारेका छन्। तैपनि, लगानीकर्ता करको विषयलाई लिएर आक्रोशित भएका छन्। यही विषयलाई लिएर नेप्से परिसूचक दुई दिन घटेर बिहीबार भने केही सुधार देखिएको छ।

तारिणी बचत तथा ऋण सहकारी संस्था लि.
वागमती प्रदेश
मरु, काठमाडौं वडा नं १९, फोन नं. ०१-४२२५७८१ को
तपसिलमा उल्लेखित धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी

३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति : २०८०/०२/२१ गते आईतवार)

यस संस्थाबाट तपसीलमा उल्लेखित ऋणीहरुले उपभोग गरेको कर्जाको साँवा ब्याज हर्जाना समयसिमा भित्र बुझाउनु पर्नेमा नबुझाई पटक/पटक ३५ दिने १५ दिने लिखित तथा मौखिक ताकेता गर्नुका साथै मिति २०७४।०९।२३ मा नेपाल समाचार पत्रमा ३५ दिने र मिति २०७५।४।१६ आर्थिक अभियान पत्रिकामा ३५ दिने सूचना दिंदा समेत चुक्ता फछौंट नगरेकोले निजहरुले कर्जा लिंदाको बखत संस्थालाई धितो दिनु भएको धितो हाल जे जस्तो अवस्थामा छ सोहि अवस्थामा संस्थाको विनियम, सहकारी ऐन, नियमावली, कानुनले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्रीका लागि यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा ब्याज हर्जना अन्य दैदस्तुर समेतको सम्पुर्ण रकम चुक्ता गरी धितो सम्पत्ति फुकुवा गराई लैजान ऋणी सदस्यलाई यसै सुचना द्वारा जानकारी गराइन्छ। उक्त धितो सम्पत्ति निज ऋणीहरुले फुकुवा गरी नलगेको अवस्थामा तपसीलमा उल्लेखित दुवै सम्पत्ति ३६ औं दिनमा तपसिलमा उल्लेखित मिति, स्थान, र समयमा लिलाम बिक्री गरी संस्थाले आफ्नो लेना रकम असुल उपर गरिने छ। साथै सुरक्षणमा रहेको सम्पत्तिबाट लेना रकम असुल उपर नभएमा ऋणी तथा व्यक्तिगत जमानीकर्ता सदस्यहरुको अन्य चलअचल सम्पत्तिबाट संस्थाले आफ्नो लेना रकम कानुन बमोजिम असुल उपर गर्न कानूनी कारवाही अगाडी बढाईने व्यहोरा समेत सम्बन्धित सबैलाई यसै सुचना द्वारा जानकारी गराइएको छ।

लिलाम हुने मिति, समय र स्थान :

मितिः २०८०।३।२४ आईतवार समयः दिनको १० बजे देखि ४ बजे सम्म। स्थानः संस्थाको कार्यालय, मरु, काठमाडौं।

तपसिल

ऋणीको नाम, ठेगाना, तीन पुस्ते विवरण	जमानीको नाम, ठेगाना, तीन पुस्ते विवरण	धितो सुरक्षणको विवरण
ऋणीको नामः रवि प्रकाश श्रेष्ठ बाबुको नामः चन्द्र बहादुर श्रेष्ठ बाजेको नाम : नव राज श्रेष्ठ	जमानीको नामः अनन्त श्रेष्ठ बाबुको नामः चन्द्र बहादुर श्रेष्ठ बाजेको नाम : नव राज श्रेष्ठ	निज ऋणीको नाममा मालपोत कार्यालय धुलिखेल काभ्रेपलाञ्चोकमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको साविक काभ्रे श्रृखण्डपुर वडा नं ६ कि.नं.३८५४ क्षे.फ.०-९-०-० जग्गा तथा सो जग्गाले चर्चेको लिगलगापात समेत।
ऋणीको नामः रम्भा धिताल बाबुको नामः देवी प्रसाद धिताल बाजेको नाम : खडक पानी धिताल	जमानीको नामः सुरेन्द्र श्रेष्ठ बाबुको नामः माधव लाल श्रेष्ठ बाजेको नाम : गोबिन्द लाल श्रेष्ठ	निज ऋणीको नाममा मालपोत कार्यालय धुलिखेल काभ्रेपलाञ्चोकमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको साविक काभ्रे श्रृखण्डपुर वडा नं ६ कि.नं.३८५५ क्षे.फ.०-९-०-० जग्गा तथा सो जग्गाले चर्चेको लिगलगापात समेत।

कर्जा शिर्षक : व्यवसायिक

लिलाम बिक्री सम्बन्धी शर्तबन्देजहरु :

१) ऋणी सदस्यहरुलाई यसै बमोजिमको सुचना पठाई सकिएको छ। सो प्राप्त नभएको भए यसै सुचना द्वारा सूचित भएको मानिने छ।
२) डाँक बढाबढ गरी बढी अंक बोल्ने व्यक्तिका नाममा लिलाम बिक्री स्वीकृत गर्न सकिनेछ।
३) लिलाम बिक्री स्वीकृती पश्चात आफुले कबुल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत यस संस्थामा जम्मा गर्नु पर्नेछ।
४) लिलाम गर्न तोकिएको दिन बिदा पर्न गएमा सोको भोली पल्ट गरिनेछ।
५) कुनै कारणबश लिलाम गर्न नपर्ने भएमा वा स्थगित गर्न पर्ने भएमा संस्थाले सूचना प्रकाशित गरी रद्द वा स्थगित गर्न सक्नेछ।
६) सम्बन्धित सम्पत्ति दाखिला खारेज गर्दा लाग्ने सम्पूर्ण खर्च लिलाम सकार गरी लिनेले गर्नु पर्नेछ।
७) सम्बन्धित ऋणीहरुले लिलामी प्रक्रिया अगावै सम्पूर्ण साँवा ब्याज हर्जना अन्य दैदस्तुर चुक्ता गरेको हकमा लिलामी प्रकृया स्वतः रद्द हुनेछ।
८) लिलाम बिक्री कसैले नसकारेमा संस्था आफैले सकार गर्न सक्नेछ।
९) लिलाम बिक्री हुने चल अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनु हुने महानुभावहरुले संस्थाको कार्यालय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।

रिलायबलले गऱ्यो राष्ट्रिय क्रिकेट खेलाडीको बिमा



काठमाडौं/ रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडले नेपाली राष्ट्रिय टिमका सम्पूर्ण खेलाडीको म्यादी जीवन बिमा गराएको छ। रिलायबलले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर)अन्तर्गत क्रिकेट खेलाडीको म्यादी जीवन बिमा गराएको हो।

कम्पनीका वरिष्ठ सहायक महाप्रबन्धक दीपेशबाबु तिवारीले राष्ट्रिय टिमलाई उक्त बिमा हस्तान्तरण गरे। राष्ट्रको नाम उच्च राख्ने खेलडीलाई यस किमिसको सहयोगले अझ बढी प्रोत्साहन गर्ने उनले बताए। 'जीवन बिमा जरुरी छ' भन्ने मूल नाराका साथ स्थापना भएको रिलायबलले नेपाली बिमा बजारमा ५० लाखभन्दा बढी बिमालेखहरू जारी गरिसकेको छ।

आइएमई पेलाई सिसा पिसिआई डिएसएस प्रमाणीकरण

काठमाडौं/ आइएमई डिजिटल सोलुसन लिमिटेडको 'आइएमई पे'ले 'सिसा पिसिआई डिएसएस' प्रमाणीकरण प्राप्त गरेको छ। यो प्रमाणीकरणबाट आइएमई पे नेपालकै सबैभन्दा सुरक्षित तथा भरपर्दो विद्युतीय भुक्तानी माध्यम बन्न सफल भएको कम्पनीले जनाएको छ।

स्थापनाकालदेखि नै सेवाग्राहीको व्यक्तिगत जानकारी तथा विवरणहरूको विशेष सुरक्षा गर्दै आएको आइएमई पेले केही समययता सिसा इन्फर्मेसन सेक्युरिटीमार्फत पिसिआई डिएसएसको मापदण्ड पूरा गरी सो प्रमाणीकरण प्राप्त गरेको हो।

सो प्रमाणीकरण प्रत्येक वर्ष हुने अडिटपश्चात् नवीकरण गरिन्छ। यसै क्रममा यो वर्ष पनि आइएमई पेले सिसा पिसिआई डिएसएस प्रमाणका सम्पूर्ण मापदण्डहरू पुऱ्याएर नवीकरण गरेको छ। आइएमई पेले अन्तर्राष्ट्रियस्तरको सुरक्षा प्रदान गर्दै ग्राहकवर्गको निजी तथा संवेदनशील जानकारीहरूको गोपनीयता कायम गर्नुका साथै डाटा उल्लंघन हुनबाट जोगाउने क्षमता भएका कारण सो प्रमाणीकरण प्राप्त गरेको हो।

वैदेशिक रोजगार...

पृष्ठ १ बाट क्रमशः

लाख ८८ हजार आठ सय ९६ छ। त्यसअघि ०७८/७९ मा ६ सय ९५ जाहेरी दर्ता भएकामा ५० करोड ४४ लाख ६१ हजार दुई सय तीन रुपैयाँ बिगो दाबी थियो।

त्यस्तै, वैदेशिक रोजगारीका क्रममा भएका ठगी मुद्दालाई प्रहरीले पनि अनुसन्धान गर्छ। पछिल्ला ४६ महिनामा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा वैदेशिक रोजगार ठगीका तीन सय ८८ जाहेरी दर्ता भएका छन्। जसमा बिगो दाबी गरिएको रकम २१ करोड ८८ लाख ५६ हजार चार सय ५० रुपैयाँ छ। कार्यालयका अनुसार चालू आर्थिक वर्षको १० महिनामा मात्रै एक सय ३५ जाहेरी दर्ता भएका छन् जसमा ठगीको रकम ११ करोड ५९ लाख ५२ हजार एक सय रुपैयाँ छ। त्यस्तै, ०७८/७९ मा एक सय २७, ०७७/७८ मा ५४ र ०७६/७७ मा एक सय १३ जाहेरी परेका थिए। ती आर्थिक वर्षमा क्रमशः एक करोड ७५ लाख १४ हजार पाँच सय ५०, एक करोड ३७ लाख एक हजार र सात करोड १६ लाख ८८ हजार आठ सय बिगो दाबी गरिएको थियो।

वैदेशिक रोजगार विभागका अनुसार दिनहुँजसो डेढ सयको संख्यामा पीडितहरू वैदेशिक रोजगारका क्रममा ठगिएको भन्दै उजुरी दिन पुग्छन्। विभागका निर्देशक यादवप्रसाद पौडेल भन्छन्, 'वैदेशिक रोजगारका क्रममा ठगिनेको संख्या डरलाग्दो छ। त्यसरी ठगिएको भन्दै विभागमा मात्रै दैनिक एक सय ५० भन्दा धेरै उजुरी पर्ने गर्छ। एउटै उजुरीमा ५० लाख रुपैयाँसम्म ठगिएको उल्लेख हुन्छ। ती सबै जोड्ने हो भने ठगिएको रकम करोडौं हुन आउँछ।'

विभागले आएजति सबै उजुरीलाई जाहेरीका रूपमा दर्ता गर्दैन। वैदेशिक रोजगार ऐन, २०६४ अनुसार विभागमा पीडितको जाहेरी दर्ता गर्न वैदेशिक रोजगार प्रयोजनमा लेनदेन भएको खुल्नुपर्ने हुन्छ। नत्र विभागमा जाहेरी दर्ता हुँदैन। अधिकांश उजुरीमा उल्लेखित लेनदेनमा वैदेशिक रोजगार नखुल्ने हुँदा दैनिक धेरैमा १२ देखि १५ उजुरी मात्रै जाहेरीका रूपमा दर्ता हुन्छन्। 'कानुनअनुसार जाहेरी दर्ता गर्न लेनदेन प्रयोजनमा वैदेशिक रोजगार खुलेकै हुनुपर्छ। तर, ठग्ने मान्छे चलाख हुन्छन्, ठगिने सोझा। ठग्नेले प्रमाण खुल्ने गरेर लेनदेन गर्दैन। लेनदेन खुलाए पनि कागजातमा वैदेशिक रोजगार भनेर खुलाउँदैन,' विभागका निर्देशक पौडेलले भने, 'त्यसो हुँदा अधिकांश उजुरी दर्ता हुँदैनन्। पीडितले न्याय पाउन नसक्ने मुख्य कारण यही हो।'

प्रहरीमा पनि लेनदेनको प्रमाण पर्याप्त नहुँदा कमै मात्र जाहेरी दर्ता हुन्छन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी डा. मनोज केसीले वैदेशिक रोजगारसँग सम्बन्धित मात्रै दैनिक १० देखि १५ जाहेरी दर्ता हुने गरेको बताए। 'वैदेशिक रोजगारका क्रममा हुने ठगी भयावह छ। पीडितलाई राहत दिने उद्देश्यले आएका उजुरीमाथि हामी तुरुन्तै कारबाही गर्छौं। हामीकहाँ दैनिक १० देखि १५ वटा जाहेरी दर्ता हुने गर्छन्। प्रत्येक दिन कम्तीमा तीन अभियुक्त पक्राउ पर्ने गरेका छन्। ठगी हुने रकमको परिमाण पनि ठूलै छ,' एसएसपी केसीले भने।

वैदेशिक रोजगारका नाममा कसरी ठगिन्छन् युवा ?

■ इजरायल पठाईदिने भन्दै एकै व्यक्तिबाट १५ युवा ठगिए

काठमाडौं पेप्सीकोलाकी ४८ वर्षीया अल्का नेपालले बाँकेको नेपालगन्ज उपमहानगरपालिका- १९ का २५ वर्षीय उत्तम ओलीलाई आकर्षक रोजगारीमा इजरायल पठाउने प्रलोभन दिइन्। कमाइ राम्रो हुने देखेपछि उनी इजरायल जान राजी भए। उनले नेपालको बैंक खातामा आठ लाख ९० हजार तत्कालै हालिदिए।

इजरायलमा हुने आकर्षक रोजगारीबारे चिनेजानेका युवालाई पनि जानकारी गराए। अन्य तीन युवा पनि इजरायल जान तयार भए। उनीहरूले पनि लक्ष्मी बैंकमा रहेको नेपालको खातामा रकम जम्मा गरिदिए। सबै युवाबाट जब १७ लाख ९० हजार रुपैयाँ असुल भयो, त्यसपछि नेपाल सम्पर्कविहीन बनिन्।

इजरायल नै पठाउने प्रलोभन दिएर रुकुमको सिस्ने गाउँपालिका- २ का ३१ वर्षीय मदन केसीसहितका आठ युवासँग उनै अल्का नेपालले ३३ लाख उठाइन्। तर, उनीहरूलाई पनि न इजरायल पठाइन्, न रकम फिर्ता गरिन्। अल्का नेपालबाटै बर्दियाको बाँसगढी नगरपालिका- ५ का २८ वर्षीय बलिरा थारूसहित अन्य तीन युवा पनि ठगिएका छन्। उनले ती युवाबाट १४ लाख ९४ हजार रकम उठाएकी थिइन्।

प्रहरीका अनुसार नेपालले उक्त रकम ओली, केसी र थारूसहित बलराम चापागाईं, मोहनप्रसाद थारू, मनबहादुर थापा, रामबहादुर केसी, डिल्लीरमण केसी, प्रेमप्रकाश खड्का, प्रशान्त ओली, दिनेश खड्का, चन्द्रा सिंह, लक्ष्मी राना, इन्द्रबहादर खत्री र दशरबहादुर ऐरसँग असुल गरेकी थिइन्।

■ चार साथी मिलेर फेसबुकबाट वैदेशिक रोजगारीको विज्ञापन, नौ युवाबाट सवा ३७ लाख उठाएर ठगी

कालीकोटको तिलगुफा नगरपालिका- ९ का जयबहादुर विक, झापा गौरादह गाउँपालिका- ७ का सुरज विक, कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका- ८ का पदराज जोशी र दोलखाको जिरी नगरपालिका- १ का पासाङ डेण्डी शेर्पाले काठमाडौं चप्पल कारखानानजिकै एक्टिभ इम्प्लोई सर्भिस नामको मेनपावर कम्पनी चलाउँथे। उनीहरूले सोही कम्पनीको नाममा फेसबुक पेज खोले। अनि दुबईको आबुधाबी र युकेमा आकर्षक रोजगारी खुलेको भन्दै विज्ञापन गरे। फेसबुकमा देखेर उनीहरूको कार्यालयमा बेरोजगार युवाको भिड लाग्यो। यही क्रममा नौ युवाबाट ३७ लाख २५ हजार उठाएर न विदेश उडाए, न रकम फिर्ता गरे। काभ्रेको पनौती नगरपालिका- ७ का तारानाथ तिमिल्सिना, सुनसरीको इनरुवा नगरपालिका- ४ का सिंहबहादुर सिलवाल, बैतडीको शिवनाथ गाउँपालिका- ३ का लोकेन्द्र साउद र चितवनको राप्ती नगरपालिका- ९ का सक्रे तामाङ ठगिएका हुन्। त्यस्तै, ठगिने अन्यमा कालीकोटको खाँडाचक्र नगरपालिका- ११ का असलराज गिरी, काठमाडौं महानगरपालिका- ३२ का सरोज खड्का, बर्दियाको गुलरिया नगरपालिका- ८ का सुशीलकुमार रैदास, गोरखाको पालुङटार नगरपालिका- ९ का अर्जुनबहादुर लामा र सोलुको लिखुपिके गाउँपालिका- ३ का राजेन्द्रजंग बस्नेत छन्। उनीहरूले कार्यालयमै गएर एकमुस्ट ३७ लाख २५ हजार बुझाएका थिए।

■ थाइल्यान्डमा बसेर क्यानडा पठाउने अफर, सामाजिक सञ्जालबाटै विश्वास गर्दा गुम्यो १२ लाख

भोजपुर नगरपालिका- २ का ३९ वर्षीय प्रताप भनिने पर्शुराम गुरुङले थाइल्यान्डमा केन थाइल्यान्ड कम्पनी नामको मेनपावर कम्पनी चलाउँथे। उनीसँग गुल्मीको चन्द्रकोट गाउँपालिका- ६ की ३५ वर्षीया ईश्वरी गुरुङको सामाजिक सञ्जालमार्फत भेट भयो। दुई पक्षबीच पटक-पटकको गफपछि पर्शुरामले आकर्षक रोजगारीमा क्यानडा जाने नेपाली खोज्न भने। यस्तो अफर आएपछि ईश्वरी आफ्नै श्रीमान्लाई क्यानडा पठाउने योजनामा पुगिन्।

उनका श्रीमान् विसन गुरुङ साउदी अरबमा वैदेशिक रोजगारमै थिए। ईश्वरीले क्यानडा पठाउने भन्दै श्रीमान्लाई नेपाल बोलाइन्। भएभरको रकम लिएर विसन थाइल्यान्ड पुगे। विमानस्थलमा पर्शुराम नै लिन आए। कागजी प्रक्रियाका लागि भन्दै पर्शुरामले विसनसँग रकम मागे। उनले तत्काल चार लाख ८६ हजार रुपैयाँ दिए। फेरि थप प्रक्रियाका लागि भन्दै सात लाख मागे। विसनले श्रीमती ईश्वरीमार्फत पर्शुरामले भनेको मान्छेको बैंकखातामा सात लाख जम्मा गरिदिए। ११ लाख ८६ हजार असुलेपछि पर्शुराम सम्पर्कविहीन बने। करिब एक महिना अलपत्र परेपछि विसन रित्तो हात नेपाल फर्किए।

भागबन्डा...

पृष्ठ १ बाट क्रमशः

आफ्नो योजनालाई दलहरूले बेवास्ता गरेपछि १५ जेठमा बसेको कार्यव्यवस्था परामर्श समिति बैठकमा घिमिरेले संसदीय समितिको नेतृत्वबारे दलहरूको गम्भीर ध्यानाकर्षण गराएका थिए। संसदीय समितिहरूको नेतृत्व चयन नहुँदा कामले गति नलिएको र विधेयकमा छलफल अगाडि बढ्न नसकेको गुनासो गर्दै सात दिनभित्र सहमतिमा सभापति चयन गर्न आग्रह गरेका थिए। सहमतिमा नजाने हो भने सात दिनपछि निर्वाचनबाट नेतृत्व चयनमा सहयोग गर्न सभामुखले आह्वान गरेका थिए।

सभामुख घिमिरेले ध्यानाकर्षण गराएको पाँच दिन बितिसक्दा पनि दलहरूले सभापति चयनका लागि कुनै चासो देखाएका छैनन्। उपसभामुख इन्दिरा रानाका अनुसार सहमतिमा सभापति चयन गर्न वा निर्वाचनमा जाने विकल्प दिए पनि दलहरूबाट कुनै प्रतिक्रिया आएको छैन। संसदीय समिति गठनमै करिब चार महिना व्यतीत गरेका दलहरू सभापति चयनमा समेत गम्भीर देखिएका छैनन्। ज्येष्ठ सदस्यको भरमा काम सुरु गरेका समितिको नियमित बैठक बस्न सकेको छैन। बैठकको कार्यसूची नै व्यवस्थित हुन सकेको छैन।

भएका निर्णयहरूको कार्यान्वयन पनि प्रभावकारी भएन। समितिहरू कामचलाउ स्थितिमा छन्।

संसदीय समितिका सन्दर्भमा प्रमुख दलबीच भागबन्डा मिले पनि सत्ता गठबन्धनमा बाँडफाँट टुंगिन नसक्दा ढिलाइ भएको नेताहरू बताउँछन्। प्रतिनिधिसभाका १० वटामध्ये सार्वजनिक लेखा र अन्य एउटा समिति प्रमुख प्रतिपक्षी एमालेले लिने सहमति छ। त्यसबाहेक बाँकी आठवटा समितिको बाँडफाँट बाँकी छ। यसमा कुन दलले कति समिति लिने टुंगिएको छैन। गठबन्धनमा भागबन्डा भएपछि भागमा परेको समितिमा दलले कसलाई पठाउने भन्ने तय गरेपछि बल्ल सभापति चयन हुने अवस्था आउनेछ।

माओवादी प्रमुख सचेतक हितराज पाण्डेले प्रधानमन्त्री भारतबाट फर्केपछि समिति नेतृत्व बाँडफाँट हुने र त्यसपछि चयनको प्रक्रिया अघि बढ्ने बताए। कांग्रेस सांसद एवं कार्यव्यवस्था समिति सदस्य रामहरि खतिवडाले आउँदो आइतबारबाट सभापति निर्वाचन र भागबन्डाको प्रक्रिया अघि बढ्ने बताए। एमाले प्रमुख सचेतक पदम गिरीले यथाशीघ्र समिति सभापति चयनका लागि निरन्तर पहल गरिरहेको बताए। सभापति नहुँदा मिनी संसद् प्रभावकारी रूपमा कार्यसम्पादन हुन नसकेको र कामचलाउको स्थिति रहेको उनको गुनासो छ।

नबिल बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८०/०२/२१)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति : २०७७/११/१९ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व पछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा शाखा कार्यालय कुमारीपाटी, ललितपुरमा** आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ। यस बैंकको सुरक्षणमा रहेको सवारी साधन तथा उपकरण तपाई स्वयंले बैंकलाई सम्पर्क गरी हस्तान्तरण गरी दिनुहुन अनुरोध गरिन्छ, अन्यथा बैंकले जुनसुकै बखत उक्त सवारी साधन तथा उपकरण नियन्त्रणमा लिन सक्ने व्यहोरा समेत जानकारी गराउँदछौं।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा रापफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति : २०७०/१२/२० मा दर्ता नं. १२१२४९/०७०/०७१ अन्तर्गत दर्ता भएको **श्री फ्लोरिडा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** । ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १३ कालिमाटि, काठमाडौं।

ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरु

१. दौतु बहादुर थकालीको नाति, नर बहादुर थकालीको छोरा, मुस्ताङ जिल्ला जोमसोङ्ग गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १६ बस्ने, ना.प्र.नं.३६४/९५६८०११२ (जारी मिति : २०५५/०३/१६ स्थान मुस्ताङ) भएका **श्री सन्तोष थकाली** ।

२. हिम्तसी गुरुङकी नातीनी, ताराचन गुरुङकी छोरी काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १५ बस्ने, ना.प्र.नं. ५७५९ (जारी मिति : २०५६/०८/०३ स्थान काठमाडौं) भएकी **सुश्री दोमा गुरुङ** ।

३. नर बहादुर प्रधानकी नातिनी, सुक बहादुर नेवार (प्रधान)को छोरी रामेछाप जिल्ला, गुप्तेश्वर गा.वि.स. वडा नं. ७ बस्ने, ना.प्र.नं. ३०२० (जारी मिति : २०४६/०३/११ स्थान रामेछाप) भएकी **सुश्री उत्पल्ला प्रधान (नेवार)** ।

४. कनक रत्न तुलाधरको नाति, पुष्प रत्न तुलाधरको छोरा, काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. २० बस्ने, ना.प्र.नं. ४५४०/९४२६/५७६ (जारी मिति : २०३६/०३/१० स्थान काठमाडौं) भएका **श्री प्रकाश रत्न तुलाधर** ।

५. रण प्रसाद शेरचनको नाति, टिका प्रसाद शेरचनको छोरा, जिल्ला मुस्ताङ जिल्ला जोमसोङ्ग गा.पा. वडा नं. ५ बस्ने ना.प्र.नं. ९५६८०७ (जारी मिति : २०४०/०९/०५ स्थान मुस्ताङ) भएका **श्री राजु कुमार शेरचन** ।

धितोको विवरण

काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १५ बस्ने, **सुश्री दोमा गुरुङ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १५ मा अवस्थित कि.नं. ९८ क्षेत्रफल ३२६.५० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा कुमारीपाटी शाखा, ललितपुरबाट** कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति : २०८०/०३/०३ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा कुमारीपाटी शाखा, ललितपुरमा** बुझाई सक्नु पर्नेछ।

३. प्राप्त बोलपत्रहरु मिति : २०८०/०३/०४ गते ३:०० बजे बैंकको **कुमारीपाटी शाखा, ललितपुरमा** उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।

४. बोलपत्र बुझाउने अन्तीम दिन बैक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।

५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिकरुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।

६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदातालै बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।

९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीबापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **कुमारीपाटी शाखा, ललितपुरमा** कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।

१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®

प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

'भ्रमण परिणाममुखी...

पृष्ठ १ बाट क्रमशः

विषय पूरा भएका छन्। प्रधानमन्त्री मोदीसँग जुन विश्वासको वातावरण बन्यो, त्यसलाई अगाडि बढाउँदै लाँदा भविष्यमा धेरै कुरा हुन्छ,' प्रधानमन्त्री प्रचण्डले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरूसँग भने, 'त्यसकारण भ्रमण विगतको भन्दा परिणाममुखी र कामकाजी भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीसँग खुलस्त रूपमा कुराकानी भएर विश्वासको वातावरण सिर्जना भएको छ।'

प्रधानमन्त्री प्रचण्डले सीमालगायत थाती रहेका विषयलाई सम्बोधन गर्न सकिने विश्वासको आधार तय भएको पनि बताए। 'सीमा समस्या हामी सबैको चासोको विषय हो। मैले यसपटक मोदीजीसँग सीमा समाधानको उपाय खोज्नैपर्छ, नभए नेपाल-भारत सम्बन्ध सहज बनाउन सक्दैन भनेपछि उहाँले समाधान खोजौं, हामी तयार छौं भन्नुभयो,' प्रधानमन्त्रीले भने, 'यो कुरा उहाँले मलाई मात्र होइन, दिल्लीमा प्रेस सम्मेलनमा पनि भन्नुभयो। यो असाध्यै महत्त्वपूर्ण कुरा हो।'

प्रधानमन्त्रीले कालापानीदेखि लिम्पियाधुराको भूमि नेपालको भएको, यद्यपि भारतसँग बंगलादेशले सन् २०१५ जुनमा गरेजस्तो ल्यान्ड बाउन्ड्री एग्रिमेन्टको मोडल एउटा विकल्प हुन सक्नेबारे छलफल भएको पनि बताए। 'भारत-बंगलादेशबीच भएको जमिनी सीमा सम्झौताको मोडेलबारे हाम्रो कुरा भयो। यो एउटा विकल्प हुन सक्छ भन्ने हो। यही नै निष्कर्ष भएको होइन,' प्रधानमन्त्रीले भने, 'हामीलाई बंगलादेश जाने बाटो दिने कुरा पनि एउटा विकल्प हो। नेपालमा विज्ञहरूले पनि भनिरहनुभएको छ। अर्को, ऐतिहासिक तथ्यका आधारमा लिम्पियाधुरासम्मको जमिन सर्लक्क फिर्ता गरे राम्रो हो। यो रणनीतिक रूपमा केही हो भने यसमा विकल्प पनि हुन सक्छ भन्ने कुरा गरौं। त्यसपछि मोदीले उत्साहित भएर ल समाधान गरौं भन्नुभयो।'

नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह (इपिजी)ले तयार गरेको प्रतिवेदनबारे उनले आफ्नै ढंगबाट कुरा भएको खुलाए। 'इपिजीको विषयमा मैले आफ्नो ढंगले कुरा गरेकै छु। यो विषयलाई बढी उचालेर दुईपक्षीय सहयोग विस्तारको परिणाममुखी वातावरण बिगार्न उचित थिएन। जुन तरिकाले कुरा गर्नुपर्ने थियो, कुरा भएको छ। अहिले हामीले गरेका सहमति कार्यान्वयनका लागि राम्रो वातावरण बनाउनुपर्छ,' प्रधानमनत्रीको जवाफ थियो।

प्रधानमन्त्रीले सीमासम्बन्धी विषयलाई स्थापित कूटनीतिक संयन्त्रमार्फत समाधान गर्न आग्रह गरेको बताए। 'मोदीले यो भ्रमणले सिर्जना गरेको सौहार्दपूर्ण वातावरणको मर्मअनुरूप सीमालगायत थाती रहेका सबै समस्या समाधान गरिनेछ भन्ने भावना स्पष्ट ढंगले व्यक्त गर्नुभएको छ,' प्रधानमन्त्रीले थपे, 'धेरै समयपछि भारतीय प्रधानमन्त्रीबाट सीमा सम्बन्धमा आएको यो सकारात्मक अभिव्यक्तिबाट उत्साहित भएको छु।'

प्रधानमन्त्री प्रचण्डले नेपालबाट १० वर्षमा १० हजार मेगावाट बिजुली भारतले आयात गर्ने गरी दीर्घकालीन ऊर्जा व्यापार सम्झौता भएको घोषणा मोदी स्वयंले गर्नु महत्त्वपूर्ण रहेको पनि बताए। उनले ऊर्जा व्यापारका लागि नेपाल, भारत र बंगलादेशबीच त्रिपक्षीय समझदारी होस् भन्ने सोचेको र यसमा भारत सहमत भएको पनि बताए। 'यो दीर्घकालीन महत्त्वकै विषय हो,' उनले सुनाए।

प्रधानमन्त्रीले सन् २०१९ (नक्सा प्रकरणपछि) सम्बन्धमा विश्वासको संकट देखिएको, तर अब नेतृत्व तहमै राम्रो विश्वासको आधार बनेको पनि बताए। 'मोदीजीले नेपाल-भारत सम्बन्धलाई हिमालयको उचाइसम्म पुऱ्याउने भन्नुभयो। २०१४ को नेपाल भ्रमण सम्झेर अब सम्बन्धलाई सुपरहिट गर्नुपर्छ भनेर भन्नुभयो। यसले पनि हामीबीच विश्वासको वातावरण बन्दै छ भन्ने झल्काउँछ,' प्रचण्डको व्याख्या हो।

उनले नेपाल-भारतबीच पारवहन सन्धि नवीकरण हुनु महत्त्वपूर्ण उपलब्धि भएको बताए। यसबाहेक व्यापार घाटा कम गर्न, भन्सार सहजीकरण, नेपालमा कृषि उत्पादन गर्नेलगायत विषयमा खुला मनले गम्भीर कुरा भएको उनको भनाइ थियो। 'भारतीय आन्तरिक जल यातायात सञ्जालसमेत प्रयोग गर्न सकिने र बल्क कार्गोसमेत ढुवानी गर्न सकिने गरी परिमार्जन भएको पारवहन सन्धि सम्पन्न हुनु एक महत्त्वपूर्ण उपलब्धि हो,' प्रचण्डको भनाइ छ।

प्रधानमन्त्रीले नेपालमा निर्माणाधीन जलविद्युत्, सडकजस्ता ठूला विकास निर्माण परियोजनाका लागि अति आवश्यक विस्फोटक पदार्थको सहज र सरल आपूर्तिका लागि मोदीसँग कुरा गरेको पनि बताए। उनले मनसुन सुरु हुनुअघि नै बाढी र डुबान नियन्त्रण प्रभावकारी बनाउने कदम चाल्न द्विपक्षीय संयन्त्रलाई तत्कालै सक्रिय बनाउन निर्देशन दिइएको पनि बताए। प्रधानमन्त्री प्रचण्डले भारतीय समकक्षीलाई नेपाल भ्रमणको निमन्त्रणा गरेको पनि बताए।

इपिजी भारत संयोजक कोस्यारी भन्छन्- इपिजी होइन, नयाँ अध्याय सुरु गरौं

नेपाल र भारतको नेतृत्व इपिजीको प्रतिवेदनमा सीमित नभएर दुई देशको सम्बन्धमा नयाँ अध्याय सुरु गर्न लाग्नुपर्छ। इपिजीमा अल्झिएर बस्ने होइन। हामीले इपिजी प्रतिवेदन तयार गरेका छौं। यसबारे सरकारहरूले गर्ने निर्णय नै सर्वोपरी छ। अब दुई देशका नेताहरूले यस्तो विज्ञमार्फत नभएर प्रत्यक्ष कुराकानी गरेर विषयहरूको टुंगो लगाउनुपर्छ। इपिजीको प्रतिवेदन तयार भएयता कर्णाली र गंगा नदीमा धेरै पानी बगिसकेको छ। अब इपिजीमा अल्झिने होइन, दुई देशका नेताहरूले प्रत्यक्ष रूपमा विषयहरूमा छलफल गर्नुपर्छ। ट्र्याक वानबाट विषयहरूको समाधान खोज्नुपर्छ। इपिजीको प्रतिवेदन लिने, सार्वजनिक गर्ने कि नगर्ने भन्ने अधिकार दुवै सरकारको हो। हामीले प्रतिवेदन बनाएर राखेका छौं। यसबारे सरकारलाई जहिले आवश्यक हुन्छ निर्णय गर्ला। हामीले आफ्नो काम सकेका छौं। तर, दुवै सरकारलाई भन्छु- इपिजीलाई पर्खिनु पर्दैन। आपसी बातचित गर्नुस्।'

डा. महेन्द्र पी लामा भन्छन्- नेपाल लुक साउथ हुँदै दक्षिण-पूर्वतर्फ लाग्यो

नेपालका प्रधानमन्त्रीले कुनै पनि अवरोधविना सीमा समस्या समाधान गरौं भन्नुभयो, यो सकारात्मक हो। यो भ्रमणबाट मेरो निष्कर्ष के हो भने नेपालले लुक साउथ नीति ल्यायो, दक्षिण-पूर्व जाने बाटो तय गऱ्यो। भारतको एक्ट इस्ट पोलिसीमा बंगलादेश र भुटानले जस्तै नेपालले पनि संलग्न हुने अवसर पाएको छ। १० हजार मेगावाट बिजुली नेपालबाट भारत र बंगलादेशलाई मात्र होइन, म्यानमार र थाइल्यान्डलाई पनि पठाउँदा भयो। यसले ने

आइतबार २१ जेठ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

जावलाखेल उपाधि होडबाट बाहिरियो

नयाँ पत्रिका
काठमाडौं, २० जेठ

इतिहासमै पहिलोपटक जावलाखेल युथ क्लब सहित स्मारक 'ए' डिभिजन लिग च्याम्पियन बन्ने संघारमा थियो । चालू लिगमा उत्कृष्ट प्रदर्शन गर्दै शीर्ष तीन स्थानबाट तल नझरेको जावलाखेलको च्याम्पियन बन्ने सपना एकाएक तुहिएको छ । दशरथ रंगशालामा चर्च ब्वाइज युनाइटेडसँगको हार जावलाखेलका खेलाडी, समर्थक तथा अफिसियललाई निकै महँगो साबित भयो । चर्च ब्वाइजलाई हराउँदा ललितपुरको लोकल क्लब जावलाखेल उपाधितर्फ लम्किन्थ्यो । तर, 'ए' डिभिजन लिगमा पहिलोपटकको प्रयासमै च्याम्पियनसिप उपाधि उचाल्ने अभियानमा रहेको चर्च ब्वाइजले जावलाखेललाई सहजै ३-० ले पराजित गऱ्यो । रंगशालामा जावलाखेल र चर्च ब्वाइजबीचको प्रतिस्पर्धा शीर्ष स्थानका लागि मात्र नभएर उपाधि होडबाजी कसले बलियो बनाउने भन्ने पनि थियो ।

यसमा नवप्रवेशी क्लब चर्च ब्वाइजले बाजी मार्‍यो । जावलाखेलमाथिको सानदार जितसँगै चर्च ब्वाइजले उपाधि जित्ने बाटो निकै बलियो बनाएको छ । अर्कोतिर, पराजित टोली उपाधि होडबाट पूरै बाहिरिएको छ । चर्च ब्वाइजले २४ खेलबाट ४४ अंक बटुलेको छ । चर्च ब्वाइजले साबिक दुईपटकको विजेता मच्छिन्द्र फुटबल क्लबसँग चार अंक र तेस्रो स्थानको जावलाखेमाथि सात अंकको अग्रता लिएको छ । मच्छिन्द्रले एक खेल कम खेलेको छ । अर्को खेलमा मच्छिन्द्रले जित निकाल्दा शीर्ष स्थानमा चर्च ब्वाइजसँगको अंक दूरी दुई अंकमा झार्नेछ ।

जावलाखेलले बाँकी दुई खेलमा जित निकाल्दा पनि चर्च ब्वाइजले लिगको २४औँ चरणमा बटुलेको अंक उछिन्न मात्र नभएर बराबरीसमेत गर्न सक्दैन । यसै कारण जावलाखेल उपाधि होडबाट बाहिरिएको हो । चर्च ब्वाइजको जितमा आशिष चौधरीले दुई गोल गरेका थिए । स्ट्राइक अञ्जन विष्टले पनि जावलाखेलको पोस्टमा एक गोल छिराए । लिगअन्तर्गत शनिबारै भएको खेलमा सातदोबाटोले त्रिभुवन आर्मीलाई हराएको छ । पूर्वविजेता श्री स्टारले नेपाल एपिएफसँग बराबरी खेल खेल्यो ।



चर्च ब्वाइजसँग फितलो जावलाखेल

यसअघिका खेलमा जावलाखेलको रक्षापंक्तिदेखि फिनिसिङ लाइनसम्म राम्रो थियो । तर, अस्वाभाविक रूपमा स्टार खेलाडीले भरिएको चर्च ब्वाइजसँगको महत्त्वपूर्ण खेलमा जावलाखेल कुनै पनि पक्षमा राम्रो देखिएन । रक्षापंक्तिको फितलो प्रदर्शनका कारण नै जावलाखेलले नसोचेको ३-० को नतिजा बेहोरेको हो । अर्को पाटोमा चर्च ब्वाइजले भने सुरुदेखि नै जावलाखेलमाथि दबाब राखेको थियो । मिडफिल्ड बलियो बनाएको चर्च ब्वाइज निकै आक्रामक देखिएको थियो । पहिलो हाफको सातौँ इन्जुरी समयमा चर्च ब्वाइजले अग्रता लियो ।

> चर्च ब्वाइजसँग ३-० ले पराजित भएपछि जावलाखेलको 'ए' डिभिजन लिग उपाधि जित्ने आशा समाप्त

राष्ट्रिय टोलीका स्ट्राइकर अञ्जनले प्राप्त पेनाल्टीमा सहजै गोल गरे । डिबक्सभित्र जावलाखेलका राहुलले रञ्जितलाई लडाएपछि चर्च ब्वाइजले पेनाल्टी प्राप्त गरेको हो । यसअघि खेलको २१औँ मिनेटमा चर्च ब्वाइजका कप्तान अनन्त तामाङको हेडिङलाई गोललाइनबाट छिरिङ लामाले बचाएका थिए । खेलको ४४औँ मिनेटमा अञ्जनको पासमा रन्जितको हेडिङ गोल प्रयासलाई जावलाखेलका गोलरक्षक ईश्वर गुरुङले विफल पारे । एक गोलले पछाडि परेको जावलाखेलले बराबरी प्रयास निकै गरेको थियो । तर, कुनै पनि समयमा चर्च ब्वाइजको डिफेन्स तोड्न सकेन ।

खेलको ६०औँ मिनेटमा मौसम सुब्बाको प्रहार जावलाखेलका गोलरक्षक गुरुङले विफल पारे । खेलको ८८औँ मिनेटमा आशिषले चर्च ब्वाइजलाई २-० को अग्रता दिलाए । उनले कमल श्रेष्ठको क्रसमा उत्कृष्ट हेडिङ गोल गरेका थिए । खेलको अन्तिम इन्जुरी समयमा आशिषले व्यक्तिगत दोस्रो गोल गर्दा चर्च ब्वाइज ३-० ले विजयी भयो ।

अंक तालिका

स्थान	क्लब	खेल	जित	बराबर	हार	अंक
१	चर्च ब्वाइज	२४	१२	८	४	४४
२	मच्छिन्द्र	२३	१०	९	४	३९
३	जावलाखेल	२४	१०	७	७	३७
४	पुलिस	२३	१०	४	९	३४
५	सातदोबाटो	२४	९	५	१०	३२
६	मनाङ	२३	७	१०	६	३१
७	हिमालयन	२३	७	९	७	३०
८	एपिएफ	२४	८	६	१०	३०
९	आर्मी	२४	७	९	८	३०
१०	एनआरटी	२३	७	८	८	२९
११	श्री स्टार	२४	६	१०	८	२८
१२	संकटा	२३	६	९	८	२७
१३	फ्रेन्ड्स	२३	६	७	१०	२५
१४	खुमलटार	२३	७	३	१३	२४

■ पाँच खेलपछि श्री स्टारको गोल

श्री स्टारले लिगमा लगातार पाँचौँ खेलपछि विपक्षी पोस्टमा गोल गरेको छ । श्री स्टारले विभागीय टोली नेपाल एपिएफविरुद्ध गोल गरेको हो । श्री स्टारका लागि सुनील तामाङले गोल गरेका हुन् । उनको गोलकै कारण श्री स्टारले एपिएफलाई १-१ को बराबरीमा रोकेको हो । पूर्वविजेता श्री स्टार लिगमा हारबाट पनि जोगियो । पछिल्लोपटक श्री स्टारले आर्मीविरुद्ध गोल गरको थियो । त्यसपछिको पाँच खेलमा श्री स्टारले गोलरहित बराबरी खेलेको थियो । श्री स्टार लगातार १३ खेलमा जितविहीन बनेको छ । श्री स्टारले पहिलो लेगमा संकटालाई ३-० ले हराएपछि स्पष्ट तीन अंक बटुलेको छैन । श्री स्टारले २४ खेलबाट २८ अंक बटुलेको छ । श्री स्टारले चालू लिगमा सर्वाधिक १० बराबरी खेलेको छ । मनाङले पनि लिगमा १० खेलमा बराबरी नतिजा निकालेको छ ।

■ सातदोबाटोसँग आर्मी स्तब्ध

बलियो त्रिभुवन आर्मी सातदोबाटो युथसँग २-१ ले स्तब्ध भयो । सातदोबाटोको जितमा शिव सुवेदी र दिपेन्कराजसिंह ठकुरीले समान एक गोल गरे । आर्मीका नवयुग श्रेष्ठले एक गोल फर्काए । च्यासल मैदानमा खेलको दोस्रो मिनेटमा शिवले सातदोबाटोलाई १-० को अग्रता दिलाए । खेलको २९औँ मिनेटमा नवयुगले आर्मीलाई १-१ गोलको बराबरीमा ल्याए । ६३औँ मिनेटमा दिपेन्कराजले पेनाल्टीमा गोल गर्दै सातदोबाटोलाई २-१ को जित दिलाए ।

खेल संक्षेप

५० भन्दा बढी नेपाली ओलम्पियन पोखरामा

कास्की/ ओलम्पिक खेलमा सहभागी भएका नेपाली ओलम्पियन पोखरामा भेला भएका छन् । नेपाल ओलम्पियन संघको आयोजनामा शनिबार दोस्रो ओलम्पियन पुनर्मिलन तथा ओलम्पियन सम्मान कार्यक्रम आयोजना भएको हो । सन् १९६४ देखि २०२० सम्म भएको ओलिम्पिकमा नेपालको प्रतिनिधित्व गर्ने ओलम्पियनलाई एक थलोमा सहभागी बनाउने उद्देश्यसहित कार्यक्रम आयोजना भएको संघका अध्यक्ष दीपक विष्टले जानकारी दिए । ६ दशकभित्र नेपालका ९० जना नेपाली खेलाडीले ओलम्पिकमा प्रतिस्पर्धा गरेका छन् । जसमध्ये ८८ जना ग्रिष्म र २ जनाले शीतकालीन ओलम्पिकमा सहभागिता जनाएका छन् । ओलम्पियनमध्ये १० जनाको मृत्यु भइसकेको छ । यसैबीच, गण्डकी प्रदेशबाट प्रतिनिधित्व गरेका ओलम्पियनलाई स्थानीय सरकारले मासिक पाँच हजार रुपैयाँ दिने घोषणा गरेको छ ।

भ्याली पब्लिकको सहज जित

काठमाडौं/ भ्याली पब्लिक र ग्रिनल्यान्डले प्रथम बिएमसिए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषमा जित निकालेका छन् । प्रतियोगिताको शनिबार भएको खेलमा भ्याली पब्लिकले आयोजक बिएमसिए 'बी'लाई ४२-३३ ले पराजित गऱ्यो । भ्याली पब्लिकका अनमोल गुरुङले १५ स्कोर गरेका थिए । अर्को खेलमा ग्रिनल्यान्डले टिआइएलाई ४४-३२ ले हरायो । सिनियर पुरुषमा दोहोरो जित निकाल्ने क्रममा भ्याली पब्लिकले सेन्ट जेभियर्सलाई ४९-३० ले हरायो । गोल्डेन पिकले हिमालयन किङडमलाई ५९-३७ ले पाखा लगायो । महिलातर्फ भ्याली पब्लिकले दोहोरो जित हात पाऱ्यो । भ्याली पब्लिकले बिएमसिएलाई ३५-२८ तथा जुगललाई ३९-२५ ले पाखा लगायो ।

ओलम्पिक दिवसमा साइकल च्याली

काठमाडौं/ अन्तर्राष्ट्रिय ओलम्पिक दिवसका अवसरमा शनिबार साइकल च्याली भएको छ । नेपाल ओलम्पिक कमिटी (एनओसी)को तत्त्वावधान र एनओसीअन्तर्गत स्पोर्टस् फर अल कमिसनको व्यवस्थापनमा च्याली आयोजना गरिएको हो । च्यालीमा १२५ जना सहभागी थिए । च्याली वसन्तपुर डबलीबाट सुरु भई सातदोबाटोस्थित एनओसीको मुख्यालयमा पुगेर टुंगिएको थियो । च्यालीको एनओसीका अध्यक्ष जीवनराम श्रेष्ठले एक कार्यक्रमबीच उद्घाटन गरे । साइकल च्याली ओलम्पिकको पहिलो कार्यक्रम हो ।

नुवाकोटे टाइगर हेभी वेट च्याम्पियन

काठमाडौं/ नुवाकोटे टाइगरले चौथो राष्ट्रिय रिङ रेस्लिङ प्रतियोगिताको हेभी वेट उपाधि शनिबार जितेका छन् । प्रतियोगिताको मुख्य स्पर्धा हेभी वेटमा टाइगरले डेभिडलाई हराउँदै उपाधि हात पारेका हुन् । टाइगरले १ लाख ५५ हजार रुपैयाँ पाए । यो एक साताको अन्तरमा टाइगर हेभी वेट च्याम्पियन बनेको दोस्रोपटक हो । टाइगरले १३ जेठमा सुर्खेतमा भएको रेस्लिङमा पनि उपाधि जितेका थिए । नेपाल रिङ रेस्लिङ संघद्वारा आयोजित प्रतियोगितामा जोखिमपूर्ण मानिएको स्पर्धा हार्ड कोरमा साइनले चट्टानलाई हराउँदै १ लाख २५ हजार रुपैयाँ जिते ।

नेपाल मलेसियासँग चार विकेटले पराजित

नयाँ पत्रिका
काठमाडौं, २० जेठ

मलेसिया भ्रमणमा रहेको नेपाली राष्ट्रिय महिला क्रिकेट टोली चौथो खेलमा चार विकेटले पराजित भएको छ । नेपालले पहिलो ब्याटिङ गरी २० ओभरमा सात विकेट गुमाएर ९६ रनको भिन्नो योगफल खडा गरेको थियो । मलेसियाले इनिङ्सको अन्तिम बलमा एक रन बटुल्दै चार विकेटको सानदार जित निकाल्यो । मलेसियाले नेपालविरुद्धको अन्तर्राष्ट्रिय टी-२० सिरिज २-२ को बराबरी गरेको छ । अब पाँचौँ तथा अन्तिम खेलमा जित निकाल्ने टोलीले सिरिजको ट्रफीमाथि कब्जा जमाउनेछ ।

> विनिफ्रेडले व्याटिङमा ३८ रन र बलिङमा १७ रन खर्चेर तीन विकेट लिएपछि नेपाल चौथो खेलमा निराश

फितलो ब्याटिङ

अघिल्लो दुई खेलमा लगातार नेपालले मलेसियालाई हराउँदै स्तरीय ब्याटिङ गरेको थियो । शनिबार वेन्गी मैदानमा नेपाली खेलाडीले आशातीत ब्याटिङ गर्न सकेन । शीर्ष तीन ब्याट्सम्यान आउट हुँदा नेपालले स्कोर बोर्डमा १३ रन मात्र जोडेको थियो । ओपनर काजल श्रेष्ठ ६, सीता रानामगर ५ र ज्योति पाण्डे १ रनमा आउट भएका थिए । मलेसियाविरुद्ध धैर्यपूर्वक ब्याटिङ गर्न रुचाउने कप्तान रुविना क्षेत्री चौथो खेलमा असफल भइन् । उनी शून्य रनमा आउट भइन् । रुविनाले सात बल सामना गरेकी थिइन् । नेपालको ब्याटिङमा काजल र सीताले पहिलो विकेटका लागि १० रनको साझेदारी गरे । काजलले १३ तथा सीताले १६ बल खेले ।

धरमराएको नेपालको ब्याटिङलाई इन्दु बर्मा र विन्दु रावलले सम्हाले । दुवैले छैटौँ विकेटका लागि ३५ रनको महत्त्वपूर्ण साझेदारी गर्दै नेपाललाई १६.२ ओभरमा ६८-६ को स्थितिमा राखे । इन्दुले ३१ बलमा तीन चौकाको सहयोगमा ३२ रनको योगदान दिइन् । त्यसपछि विन्दुले कविता कुँवरसँग सातौँ विकेटका लागि २९ रन जोडेपछि नेपालले मलेसियालाई मध्यम लक्ष्य दिन सफल भयो ।

विनिफ्रेडको अलराउन्ड प्रदर्शन

विन्दुले २६ बलमा एक चौका प्रहार गर्दै २४ रन जोडिन् । उनी रनआउट भएकी थिइन् । कविता अन्तिमसम्म आउट नभई १३ बलमा १२ रन बनाइन् । मलेसियाको बलिङमा विनिफ्रेडले उत्कृष्ट बलिङ गरेकी थिइन् । उनले चार ओभरमा १७ रन खर्चेर नेपालका महत्त्वपूर्ण तीन विकेट हात पारिन् । विनिफ्रेडले एक मेडन ओभर पनि गरिन् ।

लक्ष्य पछ्याएको इनिङ्समा ओपनर विनिफ्रेडले सर्वाधिक ३८ रनको योगदान दिइन् । उनले ५२ बल खेल्दै दुई चौका प्रहार गरेकी थिइन् । यद्यपि, नेपालले बलिङका क्रममा उत्कृष्ट सुरुवात नगरेको होइन । इनिङ्सको चौथो बलमै ओपनर वान जुलियालाई कविता कुँवरले आउट गरेकी थिइन् ।

विनिफ्रेडले मास इल्यासँग दोस्रो विकेटका लागि २९ रन जोडेकी थिइन् । मासले १८ बलमा एक चौकाको सहयोगमा १३ रन बनाइन् । नेपाली बलरले मध्यक्रमका मलेसियन ब्याट्सम्यानलाई सस्तै रनमा आउट पार्दा खेल पकडमा आएको थियो । मलेसिया एक समय ७७-५ को स्थितिमा थियो । तर, नेपाली बलरले अनावश्यक रूपमा १९ रन अतिरिक्त दिँदा मलेसियाको जित सहज बन्यो ।



सिटीले जित्यो एफए कप

लन्डन/ इंग्लिस प्रिमियर लिग च्याम्पियन म्यानचेस्टर सिटीले शनिबार चिरपरिचित प्रतिद्वन्द्वी म्यानचेस्टर युनाइटेडलाई फाइनलमा २-१ ले हराउँदै एफए कपको उपाधि जितेको छ । सिजनको दोस्रो उपाधि दिलाउने क्रममा सिटीका इल्केए गुन्डोगानले दुई गोल गरेका थिए । युनाइटेडका फर्नान्डेसले एक गोल फर्काएका थिए । विम्बली रंगशालामा खेलको पहिलो मिनेटमै गुन्डोगानले सिटीलाई १-० को अग्रता दिलाए । युनाइटेडले पहिलो हाफमै सिटीलाई १-१ को बराबरीमा रोक्न सफल भयो । खेलको ३३औँ मिनेटमा फर्नान्डेसले पेनाल्टीमा गोल गर्दै युनाइटेडलाई १-१ को बराबरीमा ल्याएका हुन् । सिटीका ज्याक ग्रेलिसले डिबक्सभित्र ह्यान्ड गरेपछि भिएआरको सहायतामा युनाइटेडले पेनाल्टी प्राप्त गऱ्यो । खेलको ५१औँ मिनेटमा गुन्डोगानले सिटीलाई २-१ को अग्रता दिलाए ।

उनले केभिन डी ब्रयनाको पासमा गोल गरेका थिए । सिटीले प्रिमियर लिगको उपाधि जितिसकेको छ । यस सिजनमा सिटी तेस्रो उपाधितर्फ उन्मुख छ । युरोपियन च्याम्पियन्स लिगको फाइनलमा सिटीले १० जुनमा इन्टर मिलानको सामना गर्नेछ । इन्टर मिलानलाई हराउँदा सिटीको ट्रेबल उपाधि पूरा हुनेछ । सन् १९९९ मा म्यानचेस्टर युनाइटेडले सर एलेक्स फर्गुसनको प्रशिक्षणमा ट्रेबल उपाधि हात पारेको थियो ।



नेपाल टिम च्याम्पियन

काठमाडौं/ नवौँ इन्डो-नेपाल करँते प्रतियोगितामा घरेलु टोली नेपाल टिम च्याम्पियन भएको छ । पुरुष खुला तौलसमूहमा स्वर्ण विजेता मित्रपार्क डोजोका श्रीयांश शाही र महिला ३५ केजीमुनि तौलसमूहकी स्वर्ण विजेता कालिकाशरण स्कुलकी लक्ष्मी वाइबा प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी बनेका छन् । कुल २२ स्वर्णका लागि भएको प्रतियोगितामा नेपाली खेलाडीले २१ स्वर्ण हात पार्न सफल भए । भारतले एक स्वर्ण जित्यो । प्रतियोगिताको पहिलो दिन ६ स्वर्ण नेपालले जितेको थियो । महिला २० केजीमा नेपालकी आरती गुप्ता, २५ केजीमा सजिना तामाङ, ३० केजीमा सलिना लामा, ३५ केजीमा लक्ष्मी वाइबा, ४० केजीमा प्रेसा राई, ४५ केजीमा अनुरती कार्की र ५० केजीमा अपेक्षा मगरले स्वर्ण जिते ।



Invitation for Sealed Quotation

The Municipal Executive Office Hanumannagar
Saptari
Madhesh Province, Nepal

Date of publication (Second) : 4th June, 2023 (21 Jyestha, 2080)

1. The Municipal Executive Office Hanumannagar Saptari invites sealed quotations (SQ) from registered Bidders/Suppliers for the following Procurement Works. Estimated Amount is excluded VAT & Contingencies:

SN	SQ ID:	Project Description	Estimated Amount, NRs.	Bid Document Fee, NRs	Bid Security Fee, NRs	Bank Details
01	SQ/Goods/ LAB-EQUIP/HNGR-05/079/080	*Establishment of Civil Construction Work Quality Test Laboratory & Procurement of Lab Equipment.*	*17,64,490.00*	*1000.00*	*45,000.00*	***Rashtriya Banijya Bank (RBB) Ltd.*** *2230100301010002 (Rajashwa) 2230100303000002 (Dharauti*

2. Eligible Quoters/Bidders may obtain further information and inspect the Bidding Documents from the Municipal Executive office Hanuman Nagar, Saptari, Tel/Mob No: ***9852846111*** & Email : ***ito.hanumannagarkankalinimun@gmail.com*** or [may visit PPMO website www.bolpatra.gov.np].
3. *A complete set of Quotation Documents may be purchased from the Municipal Executine office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of* ***NRs. 1000.00*** *till* ***3rd Ashadh, 2080*** *(18th June, 2023) during office Hours. Or*

   Bidders who chooses to submit their bid electronically may download the bidding documents from PPMO website : www.bolpatra.gov.np/egp.
4. *Sealed quotation/bids must be submitted to the Municipality office by hand or through e-GP system on or before* ***12.00 hours*** *of* ***4th Ashadh,2080*** *(19th June,2023). Bids received after this deadline will be rejected.*
5. *The quotes will be opened at* ***13.00 hours*** *on the same day of* ***4th Ashadh,2080*** *(19th June, 2023) in the presence of Bidders' representatives who choose to attend.*
6. *Quotation Documents must be valid for a period of* ***45 days*** *after quotation opening date and must be accompanied by a bid security amount mentioned in the Table above, which shall be valid for* ***30 days*** *beyond the validity period of the quote.*

   If bidder or quoters wishes to submit the Cash Security, the cash should be deposited in the Office Deposit Account mentioned above and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. *If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.*
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
9. ***PPA, 2063*** *&* ***PPR, 2064*** *(including recent amendments) shall govern all other matters not covered in this notice.*

Chief Administrative Officer

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com